# अध्यायः एक

# १. परिचय

## १.१ अध्ययनको पृष्ठभूमिः

शिक्षा सामाजिक परिवर्तनको वाहकका साथै समाजका मान्यताहरुको संरक्षण र सुधारको वाहक पनि हो । शिक्षा त्यस्तो सशक्त माध्यम हो, जसबाट सभ्य समाजप्रति उत्तरदायी व्यक्तिहरु तयार गर्नुको साथै त्यस समाजको विकास तथा सुधारमा ठुलो टेवा मिल्दछ (अधिकारी, २०४६) ।

शिक्षामा लैङ्गिक समानता आजको आवश्यकता हो, जसको परिपूर्ति महिलालाई शैक्षिक क्षेत्रमा आवद्ध गराउन सके मात्र हुन सक्छ । महिला प्रतिको भेदभावजन्य व्यवहारले शिक्षाको माध्यमबाट महिला चेतनाको अभिवृद्धिको विषय उपेक्षित बनेको छ । शिक्षामा सबैको पहुँच र सहभागिता नहुँदा सामाजिक साँस्कृतिक भेदभाव, आर्थिक असक्षमता, लैंगिक विभेद जस्ता विसंगतिहरुको जन्म हुनुको साथै अवसरहरुमा पहुँच नहुने अवस्थाको सृजना हुने गर्दछ । महिलालाई विकासको मुल प्रवाहको निर्णय तहमा सहभागी नगराउन्जेल लैंगिक समानताले कदापि पूर्णता प्राप्त गर्न सक्दैन (बराल, २०६०) । लैंगिक समानता प्राप्त नभएसम्म सामाजिक सुधार पनि सम्भव छैन । त्यसैले लैङ्गिक समानताको माध्यमबाट सामाजिक सुधार गर्न शिक्षामा महिला र पुरुष दुबैको समान पहुँच हुनु आवश्यक छ ।

अशिक्षाको कारण महिलाहरु पुरुषमा निर्भर रहनु परेको छ । शिक्षाको अभावमा महिलाहरु आत्मनिर्भर हुन सकेका छैनन् । नेपाली महिलाहरु अशिक्षाको कारण हीनतावोधको शिकार भएका छन् । यस अवस्थाबाट मुक्ति पाउन र देश विकासमा महिला सहभागिता बढाउन महिला शिक्षामा जोड दिई रोजगार मुलक र व्यावसायिक शिक्षा दिनु आवश्यक छ ( श्रेष्ठ, २०६६) ।

नेपाल सरकार शिक्षा मन्त्रालयले "सबैका लागि शिक्षा", "जीवनपर्यन्त शिक्षा" जस्ता नारालाई वास्तविकतामा परिवर्तन गर्न र गुणात्मक वृद्धि गर्दै लैजाने उद्देश्यले आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण १९९९-२००४) लागू गरेको छ । यसले आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथमका उपलब्धीहरुको समीक्षा गरेर आगामी कार्यक्रमहरुलाई ४०

जिल्लाबाट बढाई ७५ वटै जिल्लामा पुर्याउने लक्ष्य अनुसार क्रमशः पहिलो बर्ष ४८ जिल्ला, दोस्रो बर्ष १२ जिल्ला र तेस्रो बर्ष बाँकी १५ जिल्लामा यो कार्यक्रम संचालन गरिएको छ । समुदायमा शिक्षाप्रति जनचेतना जगाउने उद्देश्यले समुदाय परिचालन कार्यक्रम र निरक्षर जनसमुहलाई साक्षर गराउने उद्देश्यले साक्षरता कार्यक्रम संचालन रहेका छन्  (शिक्षा मन्त्रालय/आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, २०००) ।

महिलाको मौलिक हक तथा मानव अधिकारको संरक्षण गरी देश विकासमा महिलाको सक्रिय सहभागिता गराउने उद्देश्यले स्थापना भएको राष्ट्रिय महिला आयोगले उक्त उद्देश्य परिपूर्तिको निमित्त महिला शिक्षाको अपरिहार्य आवश्यकतालाई स्वीकार गरी यस आयोगका आगामी कार्यक्रमको प्राथमिक क्षेत्रमा “महिला र शिक्षा”लाई पनि उल्लेख्य रुपमा समावेश गराइएको छ (राष्ट्रिय महिला आयोग, २०५८) भने अनौपचारिक शिक्षा केन्द्रले पनि प्रौढ साक्षरता कार्यक्रम, महिला साक्षरता प्रथम, महिला साक्षरता दोस्रो, साक्षरोत्तर कार्यक्रम, बैकल्पिक विद्यालय कार्यक्रम जस्ता कार्यक्रमहरु संचालन गरी महिला शिक्षालाई योगदान दिँदै आइरहेको छ (अनौपचारीक शिक्षा केन्द्र, २०५९) ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग अन्तर्गत महिला शिक्षा शाखाले पनि महिलाको शैक्षिक उत्थान र विकासको निमित्त विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ, जस अनुसार राष्ट्रिय छात्रवृति कार्यक्रम, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम लगायत अन्य विविध कार्यक्रमहरु समावेश गरिएको छ (महिला शिक्षा शाखा, २०६०) भने छात्राको न्यून सहभागिता र नियमिततामा सुधार ल्याउन प्रत्येक प्रा.वि. मा न्यूनतम एकजना महिला शिक्षिकाको दरबन्दी रहने व्यवस्था शिक्षा नियमावली २०४९ को नियम १४७ मा गरिएको छ ।

महिलाको शैक्षिक अवस्थामा जोड दिनुपर्छ भनेर गरिएको प्रयासमा क्रमशः सुधार आइरहेको यथार्थता हुँदा हुँदै पनि शिक्षामा लैंगिक दृष्टिकोणबाट समानता प्राप्त हुन सकेको छैन । यसै तथ्यलाई मनन् गरी नेपालको दीर्घकालीन राष्ट्रिय योजनाको अवधारणामा लैङ्गिक समानतालाई सुनिश्चत गर्न तथा महिला दलित, अपाङ्ग र पिछडिएका वर्गको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरुको पहुँच बढाउन विशेष कार्यक्रम संचालन गर्ने

लक्ष्य दशौ योजनामा लिइएको छ । शिक्षाको सम्बन्धमा यस योजनामा निम्नलिखित उद्देश्य राखिएको छ ।

१. साक्षरता, साक्षरोत्तर, आयमूलक र जीवनोपयोगी अनौपचारीक शिक्षा कार्यक्रम संचालन गरि विशेषतः पिछडियका समुदाय तथा महिलाको जीवनस्तर उकास्न मद्दत पुर्‍याउने,

२. सबैका लागी शिक्षाको सन्दर्भमा महिला तथा अपाङ्गका लागि शिक्षाको अवसरहरुमा पहुँच बढाउन विशेष व्यवस्था गर्ने, (दशौ योजना २०५९-०६४) ।

दशौ योजनाको क्षेत्रगत अवधारणा अन्तर्गत महिला शिक्षाको सम्बन्धमा भनिएको छ, लैंगिक समानता र महिला सशक्तिकरणको उद्देश्य हासिल गर्ने महत्वपूर्ण माध्यम शिक्षा हो तर शिक्षा क्षेत्रमा ठूलो लैंगिक दुरी रहेको छ । महिला साक्षरतामा कमी, छात्राहरुको भर्नादरमा कमी, प्राविधिक शिक्षामा महिला सहभागितामा कमी, पढाइ छोड्ने छात्राको संख्या वढी, महिलाको निमित्त खेलकुद क्लवहरुको संख्यामा कमी, कूल शिक्षक संख्यामा २६ प्रतिशत मात्र महिला शिक्षिका रहेको जस्ता वर्तमान अवस्था रहेको छ । तसर्थ यिनको सुधार गर्न सम्बन्धित क्षेत्रहरु बीचमा नितिगत र कार्यगत समन्वय बढाई लैंगिक अन्तर कम गर्ने नीति अवलम्बन गरिने छ । यस सन्दर्भमा महिला शिक्षा माध्यमिक स्तरसम्म अनिवार्य गर्ने, पाठ्यक्रममा लैंगिक दृष्टिकोण समावेश गर्ने, महिला छात्रवृति तथा महिला छात्राबासको विस्तार गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै तालिम र व्यवस्थापन हस्तान्तरण गर्नुपर्दा महिलाको सहभागिता तथा लैंगिक संवेदनशिलताको विषय समाहित गरिनुपर्ने, विद्यालय नपठाउनुलाई सामाजिक अपराध मान्नुपर्ने, सुत्केरीको कारण परीक्षा दिन छुटेका छात्राहरुको लागि निश्चित समयभित्र परीक्षा लिने व्यवस्था हुनुपर्ने र महिलाको निमित्त छुट्टै राष्ट्रिय खेलकुद आयोजना गर्नुपर्ने आवश्यकता देखिन्छ (दशौ योजना २०५९–०६४) ।

यसैगरी त्रिबर्षीय अन्तरीम योजनामा शिक्षासम्बन्धी व्यक्तिमा अन्तरनिहित प्रतिभा र क्षमतालाई उजागर गर्दै सामाजिक उत्थान गर्नु, मानवीय मुल्य एवं मान्यतालाई आत्मसात गरी वैज्ञानिक दृष्टिले कार्य सम्पादन गर्न सक्ने नागरिक तयार गर्नु आधुनिक शिक्षाको मुख्य उद्देश्य हो, भनिएको छ ।

माथिको छलफलले के देखाउँछ भने नेपाल सरकारले महिला शिक्षाको क्षेत्रमा विभिन्न अवसरहरु प्रदान गरेको देखिन्छ । यस अवसर प्रदान गरि शिक्षाको समूचित विकासको निमित्त

यस क्षेत्रमा नेपाल सरकारले प्रशस्तै लगानी गरेको पाइन्छ । यस यथार्थलाई सरकारको बजेट विनियोजनले पनि पुष्टि गर्दछ । विगतमा महिला शिक्षाको निमित्त छुट्याएको बजेटको स्थितिलाई हेर्ने हो भने कूल बजेटको सन् १९९६/१९९७ मा ०.३ प्रतिशत, १९९७/१९९८ मा ०.४ प्रतिशत, १९९८/१९९९ मा ०.४ प्रतिशत, १९९९/२००० मा ०.२८ प्रतिशत तथा २००१/२००२ मा १.७७ प्रतिशत छुट्याइएको थियो । यसबाट महिला शिक्षाको निमित्त यथेष्ट रकम परिचालन त हुन सकेको देखिदैन तर पनि बजेटमा क्रमशः बृद्धि हुनुले भने अवश्य सकारात्मक संकेत दिएको पाइन्छ (शिक्षा विभाग, २०५८) । आर्थिक वर्ष २०६१/०६२ को बजेट वक्तव्यमा पनि शिक्षा, स्वास्थ्य र खानेपानीको क्षेत्रलाई नै बजेट विनियोजनमा प्राथमिकता दिइएको थियो । यसबाट शिक्षा क्षेत्रमा सरकारले समुचित लगानी गरी शैक्षिक कार्यक्रमहरुलाई सर्वोपरि महत्व दिएको प्रष्ट हुन्छ ।

नेपालमा राज्यले तय गरेको योजना तथा नितिहरुको प्रभाव सहभागिता बढाउने सर्न्दभमा सहयोगी देखिएपनि यसले अध्ययन क्षेत्रका महिलाहरुको व्यवहारिक जीवनमा गुणात्मक परिवर्तन ल्याउन नसकेको देखिन्छ । महिला शिक्षाका यीनै अवसर तथा चुनौतिहरुको सन्दर्भमा एक विस्तृत अध्ययनको आवश्यकता देखिएको हुँदा यो सोधकार्य गरिएको छ । प्रस्तुत सोधकार्यले नेपाली महिलाहरुका लागि सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट तयार गरिएका अवसरहरुको समिक्षा गरेको छ साथसाथै उक्त अवसरहरु देखि महिलाहरुलाई वञ्चित गराउने सामाजिक, साँस्कृतिक तथा राजनितिक क्षेत्रका चुनौतीहरुको समेत बिश्लेषण गरेको छ ।

### १.२ समस्याको कथनः

नेपाल जस्तो विकासोन्मुख देशमा महिला वर्ग अझै अशिक्षा र अज्ञानताको अन्धकारमा रहनाले एकातिर पारिवारिक सुख सुविधा र सन्तुष्टिको स्थितिबाट वच्चित छन् भने अर्कोतिर यसले देश विकासमा ठूलो अवरोध ल्याएको छ । महिला शिक्षित भएमा मात्र सामाजिक सुधार हुनाका साथै राष्ट्रको उत्थान हुने हुनाले उनीहरुको पछौटेपन हटाउन जरुरी छ । शिक्षा विना मानिसमा वौद्धिक तथा आन्तरिक गुणको विकास हुन सक्दैन साथै अशिक्षित व्यक्तिहरु भएको देशमा कुनै पनि विकास सम्भव हुन सक्दैन । त्यसैले पुरुषसरह महिलाहरु पनि शिक्षित भई देशको प्रगतिको पथमा लम्किनु आवश्यक देखिन्छ ।

तथापि, महिला शिक्षाका लागि आवश्यक योजना निर्माण तथा कार्यान्वयन गर्नु पूर्व यसका वास्तविक समस्याहरु पहिचान गर्न जरुरी हुन्छ जुन कार्य अनुसन्धानको प्रमुख विषय हो । विभिन्न अध्ययन तथा प्रतिवेदनहरुका आधारमा यो निष्कर्ष निकाल्न सकिन्छ कि पुरुषहरुको तुलनामा महिलाहरुको शैक्षिक अवस्था कमजोर छ । सामाजिक आर्थिक तथा राजनैतिक क्षेत्रमा उनिहरुको सहभागिता कम छ । सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट यस अवस्थामा परिवर्तन ल्याउनका लागि प्रशस्तै कार्यहरु गरिएका छन् । तर अपेक्षित परिणाम हासिल हुन सकिरहेको छैन ।

यस सोधकार्यले महिला शिक्षाका अवसर तथा चुनौतिहरुको सर्न्दभमा यसका वास्तबिक समस्या केलाउने प्रयास गरेको छ । जसले गर्दा सरकारी तथा गैह्रसरकारी क्षेत्रका प्रयासहरुलाई सार्थक बनाउने छ र महिलाहरुको अवस्थामा सुधार ल्याउने छ । सर्वप्रथम महिलाहरुको वास्तविक शैक्षिक अवस्था के छ भनि अध्ययन हुन जरुरी छ । वास्तविक शैक्षिक अवस्थाको जानकारी बिना साक्षरता कार्यक्रम, प्राथमिक शिक्षा वा उच्च शिक्षा मध्ये कुन क्षेत्रमा कार्यक्रमहरु केन्द्रित गर्नुपर्ने हो भन्ने निर्क्यौल गर्न सकिदैन । यसैगरि महिलाहरुमा पनि कुन वर्ग र समूहका महिलाहरुको शैक्षिक अवस्था कस्तो छ भन्ने तथ्य पत्ता लगाउनु जरुरी छ । धेरै अध्ययनहरुको निस्कर्षले कुन वर्ग र समूहका महिलाहरु शैक्षिक अवसर बाट बच्चित छन् भन्ने तथ्य औल्याएको देखिदैन ति अध्ययनहरुले समग्र महिलाहरुको अवस्थालाई एकै रुपमा प्रस्तुत गरेको पाइन्छ ।

यसैगरि महिलाहरुलाई शैक्षिक अवसरबाट बञ्चित गर्ने तत्वहरु पहिचान गर्न जरुरी छ । अन्यथा शैक्षिक अवसर सृजना गर्ने कुनै पनि कार्यक्रमहरु प्रभावकारी हुन सक्दैनन् । महिलाहरुको जीवनस्तर सुधार वा उनीहरुको जीवनमा गुणात्मक परिवर्तन गर्नुमा शैक्षिक विकासको के कस्तो भूमिका छ भन्ने तथ्य पत्ता लगाउनु पनि जरुरी छ । यीनै समस्याहरुमा केन्द्रित रही यो सोधकार्य तयार गरिएको छ । महिला शिक्षाका अवसर तथा चुनौती सम्बन्धी अध्ययन गर्नका लागि समाधान गर्नुपर्ने मुलभूतः समस्याहरुलाई अनुसन्धान प्रश्नहरुको रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्था कस्तो छ ?

२. फरक जातिगत समूदायमा महिलाको शैक्षिक अवस्थामा भिन्नता छ कि छैन ?

३. महिलाहरुको शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्वहरु के के हुन ?

४. शिक्षाले स्वयं शिक्षित महिलाको जीवनमा कस्तो गुणात्मक परिवर्तन ल्याएको छ ?

### १.३ अध्ययनको उद्देश्य :

१. अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्थाबारे जानकारी लिनु ।

२. भिन्न जातिगत समूदायमा महिलाको शैक्षिक अवस्थामा रहेको भिन्नता पत्ता लगाउनु ।

३. महिलाहरुको शैक्षिक अवस्थालाई प्रभावित गर्ने जिम्मेवार तत्वहरुको पहिचान गर्नु ।

४. महिलाको जीवनमा शिक्षाले ल्याएको गुणात्मक परिवर्तनको बिश्लेषण गर्नु ।

### १.४ अध्ययनको महत्व :

यस अध्ययनमा बाग्लुङ्ग जिल्ला धम्जा गाउँका महिलाहरुको शैक्षिक अवस्था र यसका प्रभावहरुको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनको क्षेत्र भौगोलिक रुपमा सानो भएपनि यसले सम्पूर्ण ग्रामीण महिलाहरुको प्रतिनिधित्व गर्दछ । तसर्थ अध्ययनको निष्कर्ष सरकारी तथा गैह्र सरकारी क्षेत्रबाट भविष्यमा बन्ने शैक्षिक निति तथा कार्यक्रमहरुका लागि सहयोगी हुन सक्दछ । किनभने यस अध्ययनले महिला शिक्षाको विकासको लागि बास्तविक समस्याहरु पहिचान गर्दै समाधानका उपाय सुझाएको छ । यसैगरि जातिगत र तहगत आधारमा महिलाहरुको शैक्षिक अवस्थाको अन्वेषण गरिएको हुँदा लक्षित वर्ग तोकि उपयोगी शैक्षिक कार्यक्रम निर्माण गर्न यो अध्ययन सहयोगी हुन सक्दछ । शैक्षिक विकासले महिलाहरुको जिवनमा के कस्ता गुणात्मक परिवर्तन ल्याउन सकेको छ र महिलाहरुको शैक्षिक विकासका लागि सामाजिक, साँस्कृतिक र राजनितिक क्षेत्रबाट के कस्ता चुनौतीहरु खडा भएका छन् भन्ने विश्लेषण समेत गरिएको हुँदा यस्ता चुनौतिहरुको समाधान गर्दै महिला शिक्षाका अवसरहरुलाई फराकिलो बनाउनमा यस अध्ययनले महत्वपूर्ण भूमिका खेल्न सक्दछ ।

यस अध्ययन भविष्यमा गरिने अनुसन्धानात्मक कार्यहरुका लागि समेत महत्वपूर्ण स्रोत हुन सक्दछ । स्थलगत अध्ययन मार्फत उपयुक्त सोधविधिको प्रयोग गरिएको यस अध्ययनले अनुसन्धान कर्ताहरुलाई समेत सहयोग पुर्‍याउन सक्दछ ।

## १.५ अध्ययन प्रतिवेदनको संगठन :

यस अनुसन्धानको प्रतिवेदनलाई जम्मा ९ वटा अध्यायमा विभाजन गरिएको छ, जसको प्रथम अध्याय परिचयको रहेको छ । यस यध्याय अर्न्तगत अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अध्ययन प्रतिवेदनको संगठन समावेश गरिएको छ । दोस्रो अध्याय सन्दर्भ साहित्यको पुनरावलोकनको रहेको छ, जहाँ अनुसन्धान विषयसँग सम्बन्धित विषयवस्तुको सैद्धान्तिक पृष्ठभूमि, ऐतिहासिक पृष्ठभूमि, महिलाको शैक्षिक स्थिति सम्बन्धी तथ्यहरु, समसामयिक महिलावादी सिद्धान्तहरु र शिक्षा र महिला शसक्तिकरणका बारेमा विस्तृत चर्चा गरिएको छ । भने तेस्रो अध्यायमा अनुसन्धान पद्धति रहेको छ । यस अध्ययनमा अध्ययन क्षेत्रको छनौट, अनुसन्धानको ढाँचा, नमूना छनौट प्रक्रिया, तथ्याँकको स्रोत, तथ्याँक संकलन विधि, तथ्याँक प्रस्तुतीकरण एवं विश्लेषण तथा अध्ययनका सीमाहरु जस्ता विषयवस्तुहरुलाई समावेश गरिएको छ ।

अनुसन्धान प्रतिवेदनको चौथो र पाँचौ अध्याय अध्ययन क्षेत्र तथा उत्तरदाता र तिनिहरुका परिवारको सामान्य परिचयसँग सम्बन्धित रहेका छन् । यी दुई मध्ये चौथो अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक, जनसांख्यिक, पेशागत, आर्थिक, राजनितिक अवस्थाका साथै भौतिक तथा सार्वजनिक पूर्वाधार र सामाजिक पूर्वाधार तथा सेवाको सम्बन्धमा सामान्य परिचय उल्लेख गरिएको छ भने पाँचौ अध्यायमा उत्तरदाता र तिनिहरुका परिवारको जनसाँख्यिक, सामाजिक, आर्थिक, पेशागत, जातिगत, शैक्षिक लगायतका विविध पक्षहरुको बारेमा सामान्य चिनारी प्रस्तुत गरिएको छ ।

अध्याय छैठौ, सातौ र आठौं अध्यायमा महिला शिक्षासँग सम्बन्धित विभिन्न पक्षहरुको बारेमा विस्तृत रुपमा विश्लेषण गरिएको छ । यी तिन अध्यायहरुमध्ये छैठौं अध्यायमा अध्ययनक्षेत्रका महिलाहरुको शैक्षिक अवस्थाको विस्तृत विवरण उल्लेख गरिएको छ । यसअर्न्तगत धम्जा गा.वि.स.मा महिलाको शैक्षिक अवस्था नमूना छनौट भएका परिवारमा महिलाको शैक्षिक अवस्था र उत्तरदाताहरुको शैक्षिक अवस्था जस्ता विषयहरु रहेका छन् । सातौं अध्यायमा महिला शिक्षालाई प्रभावित गर्ने विभिन्न जिम्मेवार तत्वहरुको पहिचान र विश्लेषणसँग सम्बन्धित रहेको छ, जहाँ अनुसन्धानबाट पत्तालागेका महिलाशिक्षालाई प्रभावित गर्ने तत्वहरुको प्रभाव र उत्तरदाताको शैक्षिक अवस्थालाई तुलना समेत गरी विश्लेषण गरिएको

छ । आठौं अध्यायमा महिलाको जीवनका केही महत्वपूर्ण आधारभूत पक्षहरुमा उनीहरुको शिक्षाले के कति प्रभाव पार्‍यो वा पारेन भन्ने कुराको परीक्षण गरिएको छ । यस अध्यायमा महिलाको शैक्षिक अवस्थासँग उनीहरुको महिला शिक्षाप्रतिको धारणा, विवाहप्रतिको धारणा, आर्थिक स्थिति, सामाजिक भूमिका र विरामी उपचारमा महिलाहरुको प्राथमिकता जस्ता पक्षहरुको तुलनात्मक विश्लेषण गरिएको छ ।

यस प्रतिवेदनको नवौं अध्यायनै अन्तिम अध्याय हो, जसमा समग्र अध्ययन प्रतिवेदनको सारांश तथा निष्कर्षहरु प्रस्तुत गरिएको छ ।

# अध्यायः दुई

# सन्दर्भ साहित्यको अध्ययन

## २.१ महिलाको शैक्षिक स्थिति :

नेपालमा पुरुषको तुलनामा महिलाको शैक्षिक स्तर कम हुँनुमा महिलाहरु घरायसी काम र कृषि काममा बढी समय बिताउने भएकोले शिक्षा र ज्ञान बटुल्ने काममा पछि परेका देखिन्छन् भने अर्कातिर छोरी अर्काको घरमा जाने जातलाई किन खर्च गर्ने जस्ता रुढीवादी संस्कार पनि जिम्मेवार तत्वको रुपमा रहेको छ । शिक्षा तथा अवसरको कमिले महिलाहरु निति निर्माण गर्ने र निर्णय गर्ने क्षेत्रमा पुग्न सकेका छैनन् । वास्तवमा न्यून शैक्षिक अवस्थाले महिलाहरुको सिप र क्षमतालाई सिमित पार्ने मात्र नभइ उनिहरुको स्वास्थ्यका साथै सार्वजनिक क्षेत्रमा हुने क्षमतापूर्ण सहभागिता, कानुनी हकको अभ्यास, संवैधानिक हक खोज्ने काममा समेत अवरोध ल्याउँछ । महिलाको शैक्षिक स्थिति उच्च भएको खण्डमा महिला र पुरुषको स्थिति लगभग उस्तै देख्न सकिन्छ । अशिक्षाको कारण महिलाहरु पुरुषमा निर्भर रहनु परेको छ । शिक्षाको अभावमा महिलाहरु आत्मनिर्भर हुन सकेका छैनन् । नेपाली महिलाहरु अशिक्षाको कारण हीनतावोधको शिकार भएका छन् । वर्तमान अवस्था सम्म पनि महिलाहरुको शैक्षिक अवस्थामा खासै सुधार हुन सकेको छैन (श्रेष्ठ, २०६६) ।

२०५८ को जनगणना अनुसार कुल जनसंख्या २,३१,५१,४२३ मध्ये महिलाको संख्या १,१५,८७,५०२ र पुरुषको १,१५,६३,९२१ रहेको छ । सन् १९९१ को राष्ट्रिय जनगणना अनुसार समग्र देशको साक्षरताको स्थिति जम्मा ३९.६% रहेको छ । त्यसमा पनि महिलाको स्थिति २५% रहेको छ । भने पुरुषको साक्षरताको स्थिति ५४.५% रहेको छ । अनौपचारीक कक्षा जति चलाएपनि खासै प्रगति देखिदैन । NHDR १९९८ को अनुसार नेपालमा महिला साक्षरता २४% छ जबकि पुरुष साक्षरता ५०% छ । ४ महिला मध्ये १ महिला मात्र साक्षर छन् । साक्षरता कक्षाहरुमा पहिला सुरुमा बालीकाको भर्ना नै कम मात्रै हुन्छ र पछि बिचमा कक्षा छोडने्हरु पनि थुप्रै हुन्छन् । त्यसैले क्यामपस स्तरमा हेर्ने हो भने १९९१ मा प्रत्येक ६ पुरुषको बिचमा १

जना महिला मात्रै क्याम्पस आएका हुन्छन् । यसरी नेपाली महिलाहरु शैक्षिक स्थितिबाट निकै पछाडि परेका छन । यस अवस्थाबाट मुक्ति पाउन र देश विकासमा महिला सहभागिता बढाउन महिला शिक्षामा जोड दिई रोजगार मुलक र व्यावसायिक शिक्षा दिनु आवश्यक छ । महिलालाई पुर्नउत्पादक कार्यमा मात्र सीमित नराखी उत्पादनमुलक कार्यमा पनि संलग्न गराउनु आजको आवश्यकता हो, (श्रेष्ठ, २०६६) ।

दशौ योजनामा शिक्षासम्बन्धी सबैका लागी शिक्षा सन्दर्भमा महिला तथा अपाङ्गका लागि शिक्षाको अवसरमा पहुँच बढाउन विशेष व्यवस्था गर्ने उद्देश्य लिइएको छ । यस्तै शिक्षामा महिला, दलित एवं पिछडिएका वर्गहरुको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनिहरुको पहुँच बढाउन थप कार्यक्रमहरु संचालन गर्ने, सबैका लागि शिक्षा पुयाँउन विशेष सिकाई आवश्यकता भएका वर्गका लागि एकीकृत शिक्षापद्धतिको विकास गर्ने रणनिति लिएको छ (राई, २०६५) ।

त्रिवर्षीय अन्तरिम योजनामा शिक्षासम्बन्धी उद्देश्यलाई लिएर व्यक्तिमा अन्तरनिहित प्रतिभा र क्षमतालाई उजागर गर्दै सामाजिक उत्थान गर्नु, मानवीय मूल्य एवम् मान्यतालाई आत्मसात गरी वैज्ञानिक दृष्टिले कार्य सम्पादन गर्न सक्ने नागरिक तयार गर्नु आधुनिक शिक्षाको मूख्य उद्देश्य हो भनिएको छ (राई, २०६५) ।

## २.२ ऐतिहासिक पृष्ठभूमि

### क) वैदिककालमा महिला शिक्षाः

नारी शिक्षाप्रतिको ऐतिहासिक दृष्टिकोणलाई नियाल्ने हो भने हिन्दू धर्मशास्त्रकालमा नारीको स्थान कस्तो थियो भनेर हेर्नुपर्ने हुन्छ, किनकि हाम्रो समाजमा हिन्दू धर्मशास्त्रकै ठूलो प्रभाव रहेको छ । वैदिक संस्कृतिमा नारी चेतना वा नारी शिक्षाको स्थान अत्यन्तै उच्च थियो भन्ने कुरा वेदका मन्त्रहरु साक्षात्कार गर्ने ऋषिहरुमा नारी ऋषिकाको संख्या पनि उल्लेखनीय मात्रामा रहेबाट स्वतः स्पष्ट हुन्छ । ती महान महिला ऋषिकाहरु घोपा, आपाला, वागम्भृणी, गार्गी आदिको नाम उल्लेख्य रुपमा लिनुपर्ने हुन्छ, तापनि कालान्तरमा ठूला रुखका ऐजेरु आए झै वैदिक समाजमा स्त्री शिक्षाप्रति उदासिनता बढ्दै गयो र क्रमशः स्त्रीले वेद पढन् हुन्न, स्त्री र सुद्रले वेद पढे दण्ड दिनुपर्दछ भन्ने जस्ता कतिपय कुराहरुसँगै जोडिएर आए (पोखरेल, २०६०) ।

हिन्दू धर्मका धार्मिक ग्रन्थ देववाणीहरुलाई पढन् र सुन्न शुद्र जातिलाई निषेध गरिएको छ । परम्परागत धारणामा स्त्री जातिलाई शुद्रको रुपमा हेरिने हुनाले वेद पढेको सुन्न महिलालाई निषेध गरिएको हो (पौडेल, २०५८) । भन्ने विचार राखिए पनि वेदका ऋषिकाहरुको गणना गर्दा नारीहरुको संख्या ५० को हाराहारीमा पर्न आउँछ । वास्तवमा वैदिककालमा नारी नै मन्त्रदृष्टा भएपछि ती मन्त्रहरुलाई नारी जातिले पढन् हुन्न भन्नु सरासर गलत हो । हिन्दू धर्मका प्रणेता महर्षि मनु आमाको आचार, विचार र भोजनले गर्भदेखि नै तिनीहरुका बालकमा प्रभाव पार्ने मान्यता राख्दछन् ।

**ख) सन् १९५० पूर्व महिलाहरुको शैक्षिक आन्दोलनः**

नेपालको इतिहासलाई पल्टाएर हेर्दा यहाँ पनि विभिन्न कालखण्डहरुमा मलिलाहरुले आन्दोलन गर्दै आइरहेको पाइन्छ । राजा मानदेवकी आमाले सतीजाने परम्पराको विरुद्धमा निर्णय लिएर अप्रत्यक्ष रुपमा भए पनि महिला आन्दोलनको जग बसालेकी थिइन् । राजनितिक रुपमा समय समयमा यस्ता आन्दोलनहरु भइरहेपनि शैक्षिक क्षेत्रमा भने नेपाली नारीहरुले धेरै समयसम्म कुनै आन्दोलन र शैक्षिक उपलब्धी हात पार्न सकेनन् । हुन त नेपालमा माथिल्लो वर्गका महिलाहरुले धेरै अगाडिदेखि नै अनौपचारीक शिक्षाको मौका पाएका थिए तैपनि न त त्यसको औपचारिकता नै थियो न त महिला शिक्षाको पक्षमा उनीहरुले कुनै भूमिका नै निभाउन सके । सर्वप्रथम सन् १९१४ मा दुर्गादेवि आचार्य दिक्षितले “महिला शिक्षा” नामक पुस्तक प्रकाशित गरी खुला रुपमा महिलालाई उत्साहित गरी शुरु गरेको महिला जागरणको यात्रा विविध उतार चढाव र प्रगतिहरु गर्दै यहाँसम्म आइपुगेको छ (भट्टराई, २०५२) ।

नेपालमा महिला शिक्षाको औपचारिक शुरुवात राणा प्रधानमन्त्री वीर शमसेरको पालामा भारतबाट गंगावाई आएर ठमेलमा आधारभूत प्राथमिक शिक्षाको शुरुवात गरेबाट भएको हो । वि.सं. १९८० मा प्रधानमन्त्री चन्द्र शमसेरले काठमाडौंको ढोकाटोलमा कन्या पाठशालाको स्थापना गरी महिलाहरुलाई विद्यालय शिक्षा दिन सरलता प्रदान गरेका भए पनि सर्वसाधरण महिलाको पहुँच भने हुन सकेन । नेपालमा सर्वसाधारण बालबालिका तथा महिलाहरुका लागि प्रथम कन्या स्कूल वि. सं. १९९० मा चन्द्रकान्ता मल्लले स्थापना गरेकी थिइन् । वि.सं. १९७५ मा स्थापना भएको त्रिचन्द्र कलेजमा महिलाको लागि कुनै बन्देज नलगाइएको भए पनि वि.सं. २००४ सालमा आएर मात्र ४ जना महिलाहरु भर्ना भएको देखिन्छ भने २००४ सालमै

पद्मशमसेरले पनि काठमाडौमा कन्या विद्यालय खोलेका थिए (भट्टराई, २०५२) । २००७ सालको प्रजातन्त्र पूर्वको असहज परिस्थितिमा पनि योगमायादेवीले कविता क्षेत्रमा, मेलवादेवीले गायन क्षेत्रमा, दुर्गादेविले शिक्षण क्षेत्रमा संलग्न भएर नारी जागरणलाई उचाई दिएका थिए ।

**ग) सन् १९५० पश्चात महिला शिक्षामा भएका प्रयासहरुः**

सन् १९५० को आगमनसँगै दोस्रो विश्वयुद्धको समापन भयो र विश्वका थुप्रै मुलुकहरुमा स्वतन्त्रता र प्रजातन्त्रको लहर देखापर्‍यो । यस समयमा अगाडि सारिएको आधुनिकिकरणको सिद्धान्त अनुसार पुर्ननिर्माण, औद्योगिक विकास तथा प्राविधिक हस्तान्तरणमा वाह्यिय योजना र आर्थिक एवं प्राविधिक सहयोगलाई महत्व दिएको पाइन्छ । विकासको यस मान्यातामा महिलालाई लक्षित गरेर परिवार स्वास्थ्य, पोषण र कल्याणमा जोड दिइए पनि यसको उद्देश्य आर्थिक उत्पादन वृद्धि गर्नेसँग सम्बन्धित थियो । त्यसैले यस समयमा विकास क्रियाकलापमा न त विकासको मूल प्रवाह नै किटान थियो न त महिला पुरुषमा छुटाछुटै लक्षित कार्यक्रम नै विकसित गरिएका थिए (आचार्य, २०६४) ।

सन् १९६० को दशकमा कानुनी भेदभाव तथा महिलाले गदै आएको क्रियाकलाप माथिको भार घटाउने र शिक्षामा देखिएको असमानताका विरुद्ध महिलाहरुले आवाज उठाएको पाइन्छ । यस प्रक्रियामा विकासमा महिला अवधारणाको व्यवहारिक रुप प्रयोग गरिएको थियो । वास्तवमा सन् १९६० को दशकमा एशिया र अफिकाका महिलाहरुले शैक्षिक विभेद तथा काममा विभेद विरुद्ध कानुनी अधिकारका लागी संघर्ष शुरु गरे जसले महिला विरुद्ध भएका विभेद र दमनको विरुद्ध चेतना वृद्धि गर्‍यो । परिणामस्वरुप महिला शिक्षा सम्बन्धी संस्थाहरु खुल्न थाले (आचार्य, २०६४) ।

यसै सिलसिलामा शैक्षिक क्षेत्रमा भएको लैंगिक विभेद र शिक्षामा महिलाको पूर्ण रुपमा सहभागिता हुन नसकेको कुरालाई दृष्टिगत गरी सन् १९९० मा थाइलैण्डको जोमटिनमा विश्व सम्मेलन सम्पन्न भएको थियो, जसले “सबैका लागि शिक्षा” भन्ने नारा तय गरेको थियो भने सन् २००० मा सेनेगलको राजधानी डाकरमा भएको विश्व सम्मेलनले पनि यसै नारालाई प्राथमिकताका साथ अगाडि ल्याउँदै सन् २०१५ सम्ममा शिक्षामा लैङ्गिक समानता हासिल गर्ने उद्देश्य राखेको पाइन्छ । उक्त दुबै सम्मेलनमा नेपालले पनि भाग लिई आफ्नो प्रतिबद्धता जाहेर गरिसकेको छ (UNESCO, 2000) ।

नेपालमा प्रजातन्त्रको बहाली पश्चात थुप्रै औपचारिक तथा अनौपचारीक शिक्षण संस्थाहरु खुलेका छन् । सन् १९५२ मा धनदेवीको सक्रियतामा आर्यस्त्री समाजको स्थापना भएको थियो । उच्च शिक्षाको निमित्त वि. सं. २०१० मा पद्मकन्या क्याम्पसको स्थापना भएको थियो । यद्यपि अन्य क्याम्पस तथा स्कूलहरुमा त्यसपूर्व नै महिलाको सहभागिता नभएको भने होइन । विभिन्न मितिमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सभा सम्मेलनहरुबाट पारित प्रस्तावहरुलाई पूरा गर्ने र देशको शैक्षिक अवस्था गुणात्मक सुधार गर्दै लैजाने उद्देश्यले राष्ट्रिय शिक्षा योजना २०११, सर्वाङ्गिण राष्ट्रिय शिक्षा पद्धति योजना २०२८, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम २०४५, राष्ट्रिय शिक्षा आयोग २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ जस्ता कदमहरु शिक्षा क्षेत्रमा चालिएका छन् । त्यसैगरी राष्ट्रिय योजना आयोग अर्न्तगत २०५० मा महिला शाखाको स्थापना भइसकेको छ (अर्याल, २०५९) ।

महिला शिक्षाकै सवालमा शिक्षा विभाग अर्न्तगत महिला शिक्षा शाखाले पनि कार्य गर्दै आएको छ । अर्कोतर्फ हाल हरेक क्षेत्रमा महिलाको विकास र प्रगतिलाई मुर्त रुप दिन विं. सं. २०५८ फाल्गुन २४ गते ९२ औं अर्न्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर राष्ट्रिय महिला आयोगको पनि स्थापना भएको थियो (अर्याल, २०६३) ।

प्राथमिक शिक्षाको विकास भने नयाँ शिक्षा पद्धति योजना २०२८ लागू भएदेखि तिब्र रुपमा हुदै आएको पाइन्छ । वि. सं. २०३२ मा प्राथमिक शिक्षा निःशुल्क र २०३५ सालदेखि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरियो, जसले गर्दा विद्यार्थी सहभागिता क्रमशः बृद्धि हुदै गएको पाइन्छ (केन्द्रिय तथाँक विभाग, १९९५) । तर, संख्यात्मक रुपमा विद्यार्थी संख्या बढ्दै गएपनि गुणात्मक रुपमा भने खासै बृद्धि हुन सकेको छैन । महिला विकास सम्बन्धी आधारणाले नेपालको योजनाबद्ध विकासको इतिहासमा छैटौं योजनादेखि मात्र स्थान पाएको हो । हुनत महिला सशक्तिकरणको अवधारणा विश्वव्यापी रुपमा १९८० को दशकदेखि शुरु भएको हो तर पनि नेपालको विकास नितिमा यस आधारणाले आधिकारिक रुपमा नवौं योजनामा मात्र स्थान पाएको हो (भद्रा, २०५८) ।

अनौपचारिक शिक्षातर्फ हेर्ने हो भने सन् १९५१ देखि १९५६ सम्म अनौपचारिक शिक्षा केवल साक्षरता कार्यक्रममा मात्र सिमित रहेको थियो । सन् १९५६ देखि १९६५ सम्मा प्रौढ साक्षरताका लागि केन्द्रहरु विस्तार गर्ने, ३ महिनाको साक्षरता कार्यक्रमलाई ६ महिनाको गर्ने र

उत्तीर्ण हुने प्रौढहरुलाई प्रमाणपत्र वितरण गर्ने कार्यहरु भए । १९७१ देखि १९७७ मा राष्ट्रिय शिक्षा पद्धति योजना लागू भएपछि साक्षरताका लागि प्रौढ शिक्षा र कार्यमूलक प्रौढ शिक्षा गरी २ किसिमका कार्यक्रमहरु लागू गरिए जसलाई शुरुमा शिक्षाविकास तथा अनुसन्धान केन्द्रले अधिराज्यका ८ जिल्लामा लागू गरेको थियो । हाल अनौपचारीक शिक्षा केन्द्रले प्रौढ तथा बाल शिक्षाको सम्बन्धमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ (शिक्षा मन्त्रालय प्रौढ शिक्षा शाखा) ।

**घ) समसामयिक महिलावादी सिद्धान्तहरुः**

महिलावादी सिद्धान्तले सामाजिक जीवन एवं मानवीय अनुभवहरुको विकासको क्रममा देखा परेको विचारहरुलाई महिला केन्द्रित दृष्टिकोणवाट हेर्ने प्रयास गर्दछ । महिलावादी सिद्धान्त निम्न तिन तरिकाबाट महिला केन्द्रित देखिन्छ । क) कुनै समाजमा भएको महिलाको अवस्था ख) सामाजिक संसारमा महिलाको अवस्था र ग) वर्तमानमा महिलाका सबै प्रकारका विभेदलाई हटाएर मानवतावादी र समानतामूलक संसारको निर्माण जहाँ महिलाको राम्रो स्थान रहोस् (श्रेष्ठ, २०६६) ।

महिलावादी सिद्धान्त फरक फरक तरिकाले विकसित भएका देखिन्छन् । महिलावादी सिद्धान्तमा समाजशास्त्र मात्रै समावेश नगरेर अन्तरशासिय समुदायको रुपमा अरु शास्त्रहरु मानवशास्त्र, जीवशास्त्र, अर्थशास्त्र, इतिहास, कानूनका साथै विभिन्न बौद्धिक व्यक्तित्वहरुको बौद्धिकतालाई समेत समावेश गरिएको छ । यसरी महिलावादी समाजशास्त्रीहरुले दोहोरो भूमिका खेलेका छन् जसमा उनीहरुले विभिन्न समाजको अध्ययन पनि गरेका छन् भने मानवीय असमानतालाई हटाउने प्रयास पनि गर्छन् । विशेष गरी १९९० पछि महिलावादी सिद्धान्त गतिशिल रुपमा देखा परेको छ । यीनै महिलावादी सिद्धान्तहरुको विकासक्रमलाई हेर्दा खासगरी तीन धारहरुको रुपमा देखा परेका छन् । सर्वप्रथम सन् १९३० मा दासता विरुद्धमा संघर्ष गर्नका लागी अमेरिकामा महिलाहरु संगठित भएका थिए र आफना अधिकार प्राप्तिका लागी संघर्षको सुरुवात पनि गरेका थिए भने जसबाट महिलावादको पहिलो धारको उत्पत्ति हुन पुगेको थियो । यसले महिलाहरुलाई विभिन्न दुःख र पिडाबाट छुटकारा पाउनका लागी एकता र गतिशिलतामा विशेष रुपले जोड दिएको छ । महिलावादी दोस्रो धारको सुरुवात सन् १९६० को दशकबाट देखा परेको थियो । जब Betty Friedan ले सन् १९६३ मा "The feminist mystique"

नामक पुस्तक प्रकाशित गरे पछि उक्त पुस्तकनै महिलावादको दोस्रो धारको बलियो आधार बन्यो र प्रायः सबैजसो समसामयिक महिलावादी सिद्धान्तहरु यही धारसँग सम्बन्धित देखिन्छन् । र सन् १९८० को दशको आगमनसँगै महिलावादको तेस्रो धारको विजारोपण भएको मानिन्छ । महिलावादी सिद्धान्तहरुले मुख्य रुपमा निम्न चारवटा प्रश्नहरुमा आफ्नो ध्यान केन्द्रित गरेको पाइन्छ । १) महिलाको बारेमा के त ? २) महिलाको अवस्था जुन छ त्यो किन यस्तो छ ? ३) महिलाहरु बीचमै हुने फरकहरु बारेमा के त ? ४) अवस्थाहरुमा सुधार कसरी त ? महिलावादी सिद्धान्तमा विभिन्न महिलावादीहरुले समाजको सबै पक्षमा समान तरकाले पुरुषसँगै काम गरेता पनि किन महिलाको कालाई कम महत्व दिइन्छ भन्ने कुरालाई मुख्य रुपमा उठाएका छन् । महिलाको स्थान किन त्यो भयो ? साथै महिलाको बिचमा पनि किन र कति फरकपना छन् । महिला भित्रै पनि उमेर, जात, संस्कृति, धर्म आदिको आधारमा भएको फरकपनालाई हेर्छन् । पुरुष र महिलाको फरकलाई मात्रै नहेरी महिलाको फरकलाई पनि हेर्नु पर्दछ भन्ने धारणाको सुरुवात महिलावादी तेस्रो धारबाट भयो । यस प्रकारले महिलाको दमनलाई स्वीकार गरिसकेपछि कसरी त्यो फरकपनालाई एवं शोषणलाई हटाउन सकिन्छ त भन्ने कुरालाई जोड दिन्छन् । यिनै प्रश्नका समाधानको उपाय खोज्ने प्रयास स्वरुप महिलावादी सिद्धान्तको सुरुवात भएको हो (श्रेष्ठ, २०६६) ।

**क) महिलावादको ऐतिहासिक चरण**

महिलावादको विकास १९६० को समयपछि व्यापक रुपमा भएको भएतापनि सुरुवात भने निकै अगाडिदेखि भएको देखिन्छ । खासगरी १८८० र ९० को दशकमा अमेरिका, फ्रान्स लगायतका देशमा आएको क्रान्तिको सँगसँगै महिला स्वतन्त्रताको भावनाको विकास भएको देखिन्छ । तत्कालिन समयमा ती देशहरुमा विद्यमान दासत्व सामन्ती र राजनीतिक अधिकारको प्राप्तिको आन्दोलनले महिला स्वतन्त्रताको भावनाको विकास समेत गरेको थियो (श्रेष्ठ, २०६६) ।

**ख) लैंगिक विभिन्नताको उपागम**

लैंगिक विभिन्नताको सिद्धान्तले मूलतः महिला र पुरुष विचको भिन्नतामाथी जोड दिन्छ । वास्तवमा हरेक महिला र पुरुष सामाजिक, साँस्कृतिक तथा मनोबैज्ञानिक धरातल फरकफरक

हुने हुँदा उनीहरु बिचको ज्ञान, अनुभव र जीवनभोगाई पनि फरक हुने उल्लेख गरेको छ (श्रेष्ठ, २०६६) ।

**ग) लैंगिक असमानता उपागम**

लैंगिक असमानताको उपागमले महिला र पुरुष बिचको जैविक असमानतालाई भन्दा सामाजिक रुपमा निर्माण भएको असमानतालाई प्रमुख रुपमा उठाउछ । महिला र पुरुषबिच जैविक विविधता मात्रै नभई सामाजिक असमानता पनि छ । महिलाहरुको उत्पादनका साधनमाथिको पहुँच छैन, शक्ति र अधिकारको असमान बाँडफाँडले समाजमा महिलाको स्थिति पुरुषको तुलनामा निम्न स्तरको छ । वर्ग, रङ्ग, पेशा, जातियता, धर्म, शिक्षा, राष्ट्रियता आदी विभिन्न पक्षहरुमा असमान खालको सम्बन्ध छ भन्ने कुरामा जोड दिइएको छ । यस भित्र निम्न दुई महिलावादी आलोचनालाई समावेश गर्न सकिन्छ । **उदार महिलावादः** उदार महिलावादले विशेष गरी १९५० पछि पश्चिम क्षेत्रमा आएको enlightment को मान्यतालाई उदार महिलावादले ग्रहण गर्दछ । उदारवादी महिलावादीका अनुसार हरेक मानवीय प्राणी बराबरी रुपमा बुद्धिमान हुन्छन् र उनीहरुलाई समान अवसर दिएको खण्डमा पुरुषले जस्तै महिलाले पनि समान उपलब्धि हासिल गर्न सक्छ । अर्थात प्रत्येक व्यक्तिलाई बुद्धिमताको आधारमा समानता दिनुपर्छ । यसैगरी पुरुष र महिला दुवैलाई समान अवसर दिएमा दुवै बराबर हुन सक्छन् भनि उदार महिलावादले व्याख्या गर्छ । **मार्क्सवादी महिलावादः** मार्क्सवादी महिलावादको लैंगिक दमनको कुरा अर्थ व्यवस्थासँग जोडिएको कुरा हो । वर्ग शोषण समाम्त भएको बेलामा मात्रै लैंगिक दमन र शोषण पनि समाप्त भएर जान्छ । महिलाका बारेमा निर्माण गरिएकोमा सबैभन्दा संवेदनशिल विचार मार्क्सवाद नै हो । तर मार्क्सवादले लैंगिक आन्दोलनलाई एक स्वतन्त्र आन्दोलनको रुपमा भन्दा वर्गीय आन्दोलनको एक अंगका रुपमा मात्रै लिएका छन् (श्रेष्ठ, २०६०) ।

**घ) लैंगिक दमनको उपागम**

लैंगिक दमनको उपागमले पुरुष र महिलाको शक्ति सम्बन्धको कुरा गर्दछ । यसले लैंगिक असमानता मात्रै नभई उत्पीडन पनि छ भन्ने कुरालाई जोड दिन्छ । यसको आधारमा तयार भएका महिलावादहरुमा मनोविश्लेषणात्मक महिलावाद, आमूल महिलावाद, समाजवादी महिलावाद, र महिलावादी तेस्रो धार रहेका छन् । आमूल महिलावाद २० औं शताब्दीको बीचमा

देखा परेको नयाँ प्रकारको आन्दोलन हो । **आमूल महिलावादका** अनुसार हरेक समाज जेन्डरको आधारमा निर्माण भएका हुन्छन् । जहाँको लैंगिक संरचना नै पुरुष अधिपत्य व्यवस्थाको छ । पुरुषबाट महिला अधिनस्थको प्रमुख कारण जैविकिय नै हो । जसको समाधानको लागी लिंगको भूमिकामा परिवर्तन ल्याउनु पर्दछ भनी समलिङ्गिय विवाहलाई जोड दिन्छन् । यस महिलावादको मान्यता अनुसार समाजले महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा हेर्ने भएकोले महिलाले आफ्नो क्षमताको प्रदर्शन गरेर स्थानमा सुधार ल्याउनु पर्दछ । विश्वव्यापी रुपमा महिलाहरु पितृसत्तात्मक व्यवस्थाका कारणले हिंसा भोग्न बाध्य भएका छन् । महिला पुरुषको खेलौना मात्र नभएर आफ्नै मुल्य पनि छ भन्ने कुरालाई जोड दिनु पर्छ । आमुल महिलावादले पितृसत्तालाई दमन, उत्पीडनको प्रमुख कारक मान्दछ । यस्तै **समाजवादी नारीवादका** अनुसार वर्ग एवं लैंगिक दमनलाई मात्र हेरिनु हुँदैन किनकि समाजमा दमनका विभिन्न स्वरुपहरु विभिन्न वर्गमा फरक फरक ढंगबाट अर्न्तनिहित भएर रहेका हुन्छन् । यसले सामाजिक दमन र लैंगिक दमन साथै वर्ग दमनलाई दमन प्रणालीको खोज गर्ने आधारका रुपमा लिइ महिला माथि हुने गरेका विभिन्नताहरुलाई पूँजिवादी पितृसत्ताले भन्दा बढी राम्रोसँग चरितार्थ गरेको छ । यद्यपि अधिपत्य वा प्रभुत्व चाहे महिलाद्धारा हुने दमन होस् चाहे पुरुषद्धारा हुने दमन होस् ती सबै किसिमका दमनलाई खोज्ने काम गर्दछ साथै दमित महिलाले अर्को महिलालाई कसरी दमन गर्न पुग्छन् भन्ने कुरामा पनि जोड दिएको छ (श्रेष्ठ, २०६६) ।

**महिलावादी तेस्रो धार** सन् १९८० को दशक पछाडि सुरु भएको मानिन्छ । तेस्रो धारको नारीवादले महिला माथि हुने दमनलाई फरक किसिमले व्याख्या गरेको छ । यसले मूलतः नारी नारी बीचमा हुने फरकपनको विश्लेषण गर्दछ । नारीवादको तेस्रो धारले नारी बीचका विभिन्नता एवं फरकपना माथि आफ्नो ध्यान केन्द्रित गरेको छ । यस धारले भने महिलाहरु बीचमै हुने फरकपनालाई समाजमा निर्मित वस्तु तथा सेवाको असमान वितरणले गर्दा महिला महिला बीच फरक भएको निष्कर्ष निकालेको छ । यसको मूल जरा post modernism हो । यसले deconstruction र diversity को कुरा गर्दछ । deconstructionist का अनुसार ज्ञान नै शक्ति हो भन्ने जुन धारणा पुरुषले बनाएको हो । जसमा शक्ति र ज्ञान दुवै पुरुषसँग भएकोले महिलालाई दमन गर्दछ । वर्तमान अवस्थामा ज्ञान व्यवस्थानै असमानता मूलक एवं शोषणमूलक भएकोले यो व्यवस्थालाई deconstruct गर्नु पर्दछ । ज्ञानलाई परिवर्तन गरी नयाँ

ज्ञानको विकास गराउनु पर्दछ। नारीवादी तेस्रो धारका प्रमुख मान्यताहरुः महिला भित्र समानता मात्रै छैन बरु विविधता छन्। महिलाबीच फरक विचार र रुचीहरु छन्। महिलाको बिचमा वर्ग, जातिय, धार्मिक उमेरगत विविधताहरु छन्। महिलाको विविधतालाई स्वीकार नगरी एउटै अर्थ दिने शब्दावली महिलाको प्रयोग उपयुक्त हुँदैन। भन्ने रहेका छन (श्रेष्ठ, २०६६)।

**ङ) शिक्षा र महिला ससक्तिकरणः**

Rio de Janeiro मा २८, May २०१० मा भएको शिक्षाको माध्यमबाट महिला शसक्तिकरण (women emporment through education) नामक विश्वव्यापी छलफल (global forum) मा महिलाको शिक्षामा पहुँच भयो भने एउटा सफल कामदारको रुपमा, स्वस्थ आमाका रुपमा तथा राजनितिक जीवनमा पूर्ण सहभागि भई समाजलाई योगदान पुर्‍याउन सक्छन र गरिबिबाट मुक्त पाउने उत्तम उपाय भनेको महिलाहरुलाई शिक्षित गराउनु भनि तर्क गरिएको छ । यसै सेमिनारमा UN secretarry Ban ki Moon ले "भूमिका नमूनाको उदाहरण प्रभावकारी वकालत तथा सबल निति र नियमबाट हामीले महिलाहरुका लागि उपयुक्त स्थान बनाउन सक्छौ र स्वतन्त्रताको जित जित्न सक्छौ" भन्नुभएको थियो । April 28, 2010 मा US secretary Hillary Rodham Clinton ले जबसम्म महिलाहरु घर, परिवार, समुदाय, देश र विश्वमै पूर्ण सहकर्मीको रुपमा रहदैनन् तबसम्म हामीले शान्ति, समृद्धि स्थायित्व र सुरक्षा वृद्धि गर्न सक्दैनौ भन्ने तर्क दिनुभएको थियो। पुर्ण सहकर्मी हुनको लागी महिलाहरु स्वम पूरुषहरुका लागी उचित शिक्षाको आवश्यकता पर्छ । शिक्षा संगसंगै महिलालाई शसक्त बनाउन मौलिक परम्परा पत्ता लगाउने र आर्थिक र सामाजिक क्षेत्रमा महिलाहरुको उच्चतम सहभागितालाई प्रोत्साहन गर्ने खालको नितिको विकास गर्नु पर्दछ । यसरी महिलालाई पूर्ण सहकर्मी बनाउन सकिन्छ। पूर्ण सहकर्मी नभएसम्म शान्ति स्थापना हुँन सक्दैन । यस सेमिनारको मूख्य उद्देश्य शिक्षाका माध्यमबाट महिला शसक्तिकरण गरि उनिहरुलाई समाजमा पूर्ण सहभागि गराउने नविनतम अभ्यासहरु माथि महत्व दिनु थियो (THIRD GLOBAL FORUM OF THE ALLIANCE OF CIVILIZATIONS, 2010)।

१९९७ मा UN ले महिला दशक घोषणा गरेदेखि महिला संगठनहरु, सरकारी निकायहरु तथा अर्न्तराष्ट्रिय दातृनिकायहरुको ध्यान र क्रियाकलाप महिलाहरुको शैक्षिक विकासमा बढिरहेको छ । उपरोक्त चासो वृद्धिमा अर्न्तनिहित अवधारणा के थियो भने यदि

महिलाहरुले परम्परागत रुपमा उनिहरुलाई वञ्चित गरिएका अधिकार जान्ने एवंम सिपहरु सिक्ने अवस्था आयो भने सशक्तिकरणलाई बढावा दिने छ । महिला शिक्षा तथा सशक्तिकरण सम्बन्धि अर्न्तराष्ट्रिय सेमिनारको आयोजना अल्पकालीन र दीर्घकालीन रुपमा महिलाहरुको अवस्था सुधारको लागी शिक्षाको सार्न्दभिकतामा केन्द्रित गरिएको थियो । शिक्षाले अल्पकालमा महिलाको अवस्थामा सुधार ल्याउँछ भने दीर्घकालमा महिलाहरुलाई मुक्ति दिलाउछ (UNESCO, 1995) ।

विकासको प्रक्रियामा पूर्ण सहभागि हुनको लागी आवश्यक पर्ने ज्ञान, सिप, आत्मविश्वास शिक्षाबाट नै सम्भव छ । शिक्षा सबैका लागी महत्वपूर्ण छ । तर महिलाकोलागि शिक्षाले बिशेषरुपमा महत्व राख्दछ । यो सत्य हो, शिक्षा केबल अरु अवसरहरुका लागी प्रवेश बिन्दू भएको कारणले मात्र होइन कि महिलाको शैक्षिक उपलब्धीको प्रभाव परिवारमा पुस्तौं पुस्तासम्म पर्दछ त्यसैले यसको विशेष महत्व छ । महिलाको शिक्षामा लगानी गर्नु भनेको नै गरिबि घटाउने प्रभावकारी उपाय हो । शिक्षाले महिलाहरुलाई आफ्नो अधिकार बुझ्न र त्यसलाई कसरी प्राप्त गर्न सकिन्छ भनेर जान्न सहयोग गर्दछ । तर पनि विकाससिल देशमा महिला साक्षरता पूरुष साक्षरताको तुलनामा कम छ  (UNFPA, 2004) ।

# अध्यायः तिन

# अनुसन्धान पद्धति

कुनै पनि घट्ना वा विषयवस्तुसँग सम्बन्धित तथ्यहरुको बारेमा क्रमबद्ध एवं व्यवस्थित तरिकाबाट अपनाइने अनुसन्धानको प्रकृया नै अनुसन्धान पद्धति हो । यस अध्याय अर्न्तरगत अनुसन्धानको ढाँचा, अध्ययन क्षेत्रको छनौट, नमूना छनौट पद्धति, तथ्याँकको स्रोत, तथ्याँक संकलन विधि, तथ्याँक प्रस्तुतीकरण एवं विश्लेषण र अध्ययनका सीमाहरुको सम्बन्धमा निम्नानुसार चर्चा गरिएको छ ।

**३.१ अनुसन्धान ढाँचाः**

यस अनुसन्धान महिलाको शैक्षिक अवस्थाका बारेमा जानकारी प्राप्त गर्नु, महिला शिक्षालाई प्रभावित गर्ने विविध तत्वहरुको खोजी गर्नु तथा शिक्षाले महिलाको जीवनमा पारेको प्रभाव परीक्षण गर्नुतर्फ केन्द्रित भएको हुँदा यसमा शैक्षिक अवस्थाको सम्बन्धमा वर्णनात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त तथ्यहरुको वर्णन गरिएको छ भने महिलाको शैक्षिक अवस्थालाई प्रभावित गर्ने समाजमा विद्यमान तत्वहरुको पहिचान गर्न अन्वेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । त्यसैगरि शिक्षाले महिलाको जीवनमा पारेको प्रभाव परीक्षण गर्न अन्तरखण्डात्मक ढाँचाको अवलम्बन गरिएको छ । यस ढाँचा अर्न्तगत शिक्षाले विभिन्न जाति, अवस्था र उमेर समूहका महिलाहरुको जीवनका केही महत्वपूर्ण आधारभूत पक्षहरुमाथि पारेको प्रभावलाई परीक्षणात्मक विश्लेषण गरिएको छ ।

अध्ययनको मुख्य उद्देश्य शैक्षिक विकासका कारण महिलाहरुको जिवनमा आएको गुणात्मक परिवर्तनको अध्ययन गर्ने भएकाले विभिन्न स्रोतहरुबाट संकलित तँथ्याकलाई वर्णन गर्ने पद्धति अपनाइएको छ । यसै गरी परिमाणात्मक एवम् गुणात्मक तथ्यहरुको आधारमा महिलाहरुको जिवनमा आएको गुणात्मक परिवर्तनको मापन गरिने हुँदा वर्णनात्मक अनुसन्धान ढाँचालाई मुख्य रुपमा अनुसरण गरिएको छ । जस अनुसार तथ्याँकलाई तालिकामा प्रस्तुत गरि हेर्ने, तुलना गरि हेर्ने, तथा प्राप्त तथ्यहरुको विस्तृत विवरण प्रस्तुत गर्दै अध्ययनको निष्कर्षमा पुगिएको छ ।

यसैगरि प्राप्त तथ्यलाई सोधको उद्देश्य अनुरुप व्याख्या गरिने भएकोले यस सोधपत्रमा व्याख्यात्मक अनुसन्धान ढाँचाको पनि प्रयोग गरिएको छ । जसअनुसार विभिन्न तथ्य र तथ्याँकको आधारमा महिलाहरुको शैक्षिक अवस्था र सामाजिक तथा आर्थिक अवस्थाको बिचमा रहेको सम्बन्धलाई व्याख्या गरिएको छ । यसैगरि व्याख्यात्मक विधि अनुसार के कस्ता तत्वहरुले महिलाको शैक्षिक अवस्थामा प्रभाव पारेका छन् भनि विश्लेषण गर्न सहज हुने भएकाले यस विधिलाई अपनाइएको छ ।

**३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य :**

यो अध्ययन बागलुङ्ग जिल्ला धम्जा गा.वि.स. का महिलाहरुको शैक्षिक अवसर तथा चुनौतीका बारेमा सिमित रहेर अध्ययन गरिइएको छ । यसैगरी यस गाउँलाई अध्ययन क्षेत्र बनाउनुको मुख्य कारण आफ्नै गाउँ भएकोले सजिलो महसुस गरी यो अध्ययन क्षेत्र छानिएको हो । अध्ययनको लागी महिलाहरुको शैक्षिक अवस्था विषयवस्तु छानिनुमा मेरो रुचिको विषय भएकोले र अहिलेको परिस्थितिमा महिला शिक्षाका चुनौती तथा अवसरहरुको बारेमा अध्ययन गर्न जरुरी भएको कारणले गर्दा हो ।

**३.३ नमूना छनौट प्रक्रिया :**

बाग्लुङ्ग जिल्लाका ५९ गा. वि. स.हरु मध्ये उद्देश्यमूलक ढंगले अनुसन्धानको निमित्त छनौट गरिएको यस अध्ययन क्षेत्र धम्जा गा. वि. स. मा रहेका कुल ६६२ घरपरिवार र ३५९४ जनसंख्या (धम्जा गा. वि. स. पार्श्वचित्र, २०६८) लाई यस अध्ययनको निमित्त समग्रको रुपमा लिइएको छ । उक्त तथ्याँक अनुसार यस गा. वि. स.मा पुरुषको जनसंख्या १७८८ र महिलाको जनसंख्या १८०६ रहेको छ । यहाँ ब्राम्हण, क्षेत्री, विश्वकर्मा, दर्जि, चर्मकार, घर्ती, नेवार, मगर जातीको बसोबास रहेकोले यीनै जातिमध्येबाट नमूनाको छनौट गरिएको छ ।

यस अनुसन्धानमा नमूना छनौटको क्रममा बहुलगत नमूना छनौट विधि अपनाई पहिलो तहमा अध्ययन क्षेत्र धम्जा गा. वि. स.का ९ वडाहरुमध्येबाट एक तिहाइ वार्डहरुलाई दैविक नमूना छनौट विधि अर्न्तगत गोलाप्रथा मार्फत छनौट गरिएको छ । यसरी छनौट गर्दा वार्ड नं. १, ८ र ९ नमूनाको रुपमा चयन हुन आएका छन् । यी ३ वार्डलाई नमूनाको रुपमा लिनुको उद्देश्य समयको सिमितता, आर्थिक सिमितताका साथै अध्ययनकर्ताको पूर्वजानकारी रहेको क्षेत्र भएकोले हो । यी तिन वार्डमा कुल परिवार संख्या २११ र जनसंख्या ११६० रहेकोमा पुरुषको

संख्या ५८२ र महिलाको संख्या ५७८ रहेको छ (धम्जा गाविस पार्श्वचित्र, २०६८) । उक्त छनौट हुन आएका तिन वार्डहरुको सम्पूर्ण परिवार संख्या २११ मध्येबाट दोस्रो तहमा पुनः २० प्रतिशतका दरले ४२ परिवारलाई नमूनाको रुपमा छनौट गरिएको छ । यस प्रयोजनको निमित्त सर्वप्रथम छनौट भएका सबै वार्डमा समान परिवार संख्या नभएकोले कुल परिवार संख्या र छनौट हुन आउने संख्याबिच समानुपात गराउन हरेक वार्डबाट २० प्रतिशत परिवारलाई नमूनाको रुपमा चयन गर्दा उक्त वार्डहरुबाट निम्नलिखित संख्यामा परिवारहरु चयन हुन आएका छन् ।

तालिका नं. ३.१: वार्ड अनुसार छनौट भएका परिवार संख्याको विवरण

| क्र.सं. | वार्ड नं. | जम्मा परिवार संख्या | छनौट प्रतिशत | छनौट परिवार संख्या |
|---|---|---|---|---|
| १ | १ | ८५ | २० | १७ |
| २ | ८ | ७२ | २० | १४ |
| ३ | ९ | ५४ | २० | ११ |
| जम्मा | | २११ | | ४२ |

स्रोत : स्थलगत अध्ययन २०६७

माथिको तालिका ३.१ अनुसार वार्ड नं. १ बाट १७, ८ बाट १४ र ९ बाट ११ परिवार चयन भएका छन् ।

यसरी वार्ड अनुसार छनौट हुने परिवार संख्याको निर्धारण पश्चात जातिगत रुपमा छनौट हुने परिवार संख्याको निर्धारण गरिएको छ । जस अनुसार नमूनाको रुपमा चयन भएका यी तिन वार्डहरुमा अत्यधिक संख्यामा क्षेत्री समुदायको बसोबास रहेको र सो बाहेकका अन्य जातिहरु अल्पसंख्यकको रुपमा रहेपनि मगर तथा दलितको संख्या पनि रहेकोले नमूना चयनमा सबै जातजातिको उचित प्रतिनिधित्व हुन सकोस भन्ने अभिप्रायले छनौट भएका ३ वार्डमा बसोबास गर्ने जातजातिको आधारमा २० प्रतिशतका दरले जातिगत विभाजन गरी दैविक प्रकृिया बमोजिम गोलाप्रथाको प्रयोग गरी नमूना चयन गरिएको छ । यसरी नमूनाको रुपमा चयन हुन आएका परिवारको जातिगत विवरण निम्नानुसार रहेको छ ।

तालिका नं. ३.२: जातिगतरुपमा नमूना चयन भएका परिवारको विवरण

| क. सं. | जात /जाति | जम्मा परिवार संख्या | छनौट भएका परिवार संख्या |
|---|---|---|---|
| १ | क्षेत्री | १०९ | २३ |
| २ | मगर | ७९ | १४ |
| ३ | विश्वकर्मा | २२ | ४ |
| ४ | दर्जि | १ | १ |
| जम्मा | | २११ | ४२ |

स्रोत : स्थलगत अध्ययन २०६७

यस तालिका ३.२ अनुसार यस अनुसन्धानमा क्षेत्री २३, मगर १४, विश्वकर्मा ४ र १ दर्जि परिवार नमूनाको रुपमा चयन हुन आएका छन् । यसरी चयन हुन आएका प्रत्येक परिवारको पारिवारिक सर्वेक्षण गरिएको छ ।

माथि उल्लेखित छनौट हुन आएका प्रत्येक परिवारबाट एक/एक जनाको दरले जम्मा ४२ उत्तरदाताहरु चयन गरिएको छ । यसरी उत्तरदाताको चयन गर्दा दैविक नमूना छनौट विधिको आधारमा वरिष्ठ तथा कनिष्ठ, विवाहित तथा अविवाहित, शिक्षित तथा अशिक्षित आदिको यथोचित प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ । तर हरेक उत्तरदाता १२ वर्ष पुगेको महिलाहरुलाई तोकिएको छ । यसरी छनौट हुन आएका प्रत्येक उत्तरदातासँग प्रत्येक्ष अर्न्तवार्ता गरी तथ्याँक संकलन गरिएको छ । यसरी तहगत रुपमा नमूना चयन गर्नुको मुख्य उद्देश्य यस अनुसन्धानले सम्पूर्ण धम्जा गा. वि. स.का महिलाहरुको प्रतिनिधित्व गर्न सकोस् भन्ने रहेको छ । किनकी यहाँ छनौट भएका उत्तरदाताले आफ्नो परिवारको, छनौट भएका परिवारले छनौट भएका ३ वार्डका महिलाको र उक्त वार्डहरुले सम्पूर्ण गा. वि. स. का महिलाहरुको प्रतिनिधित्व गर्न सक्ने अपेक्षा राखिएको छ ।

**३.४ तथ्याँकका स्रोतहरु :**

यस अध्ययनमा अध्ययनको उद्देश्यानुरुप आवश्यकताअनुसार संख्यात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्याँकहरु, प्राथमिक तथा द्बितिय दुवै स्रोतबाट संकलन गरिएको छ । जसअनुसार प्राथमिक तथ्याँकहरु कार्यक्षेत्र अध्ययनको क्रममा अपनाइने विविध प्रविधिहरुको उपयोग गरि संकलन गरिएको छ । यस क्रममा अध्ययन क्षेत्रको निरिक्षण, छनौट भएका उत्तरदातासँगको

अर्न्तवार्ता, सहभागी अवलोकन तथा विद्यालय अवलोकन जस्ता कार्यहरु गरिएको छ । द्धितिय तथ्याँकहरु विभिन्न प्रकाशित अप्रकाशित सामग्रीहरु, पुस्तक, रिपोर्ट, विद्धानका लेखहरु, गाउँ विकास समिति तथा जिल्ला विकास समितिका प्रोफाइलहरु, सम्बन्धित मन्त्रालय, विभाग, कार्यलयबाट प्रकाशित तथ्याँकहरु, राष्ट्रिय तथा अर्न्तराष्टिय कानूनहरु, विभिन्न योजना तथा कार्यक्रमहरु, पत्रपत्रिकाहरु, अनुसन्धान प्रतिवेदनहरु तथा NGO, INGO का अनुसन्धान प्रतिवेदनहरुबाट आवश्यकता अनुसार संकलन गरिएको छ ।

**३.५ तथ्याँक संकलनको विधि** :

कार्यक्षेत्रको आधारमा प्राथमिक तथ्याँक संकलन गरिने यस अनुसन्धानमा अध्ययनको उद्देश्य परिपूतिको निमित्त अर्न्तवार्ता अनुसूची, अवलोकन, विशेष व्यक्तिसंगको अर्न्तवार्ता जस्ता प्रविधिको उपयोग गरिएको छ ।

**क) अर्न्तवार्ता अनुसूची :**

यस प्रविधिमार्फत प्राथमिक तथ्याँक संकलन गर्दा छनौट भएका प्रत्येक परिवारमा गई उक्त परिवारका १२ वर्ष भन्दा माथिका महिला सदस्यसँग प्रत्येक्ष अर्न्तवार्ता गरिएको छ । यस्तै यस प्रविधिमार्फत तथ्याँक संकलन गर्दा महिलाको शैक्षिक गतिविधिमा प्रभावित गर्ने विभिन्न तत्वहरुको सम्बन्धमा विशेष जानकारी राख्न सक्ने तथा महिलाको शैक्षिक अवस्थाको सम्बन्धमा सुझाव दिन सक्ने व्यक्तिहरुसँग अर्न्तवार्ता गरिएको छ । यस्ता व्यक्तिहरु शिक्षक, महिलाप्रतिका परम्परागत वा धार्मिक धारणा राख्न सक्ने व्यक्तिहरु, तथा अन्य शिक्षित व्यक्तिहरु रहेका छन् । यस प्रविधिमार्फत अनुसन्धान गर्दा प्रश्नहरु आवश्यकताअनुसार संरचित तथा असंरचित प्रकृतिका रहेका छन् ।

अनुसन्धानका क्रममा अन्तरवार्ताको लागि विशेष गरि २ किसिमका प्रश्नहरु सोधिएको छ । पहिलो किसिमका प्रश्नहरु उत्तरदाताको सामान्य परिचय, पारिवारिक विवरण र शैक्षिक अवस्थासँग सम्बन्धित रहेका छन् भने दोस्रो किसिमका प्रश्नहरु महिलाको शैक्षिक गतिविधिमा प्रभावपार्ने तत्वहरुको पहिचान गर्ने तथा परिवारमा महिलाको स्थान, हैसियत वा भूमिका बुझ्ने किसिमका छन् । यस्ता प्रश्नहरु आवश्यकता अनुसार खुल्ला र बन्द दुवै प्रकृतिका राखिएका छन् ।

**ख) अवलोकन :**

यस पद्धतिमार्फत तथ्याँक संकलन गर्दा उत्तरदाताको घर परिवारमा स्पष्ट देखिने सूचनाहरु, पारिवारिक कृयाकलाप, लवाईखवाई घरको बनावट, उत्तरदाताको व्यवहार, कृयाकलाप, हाऊभाऊ, उत्तरदिने शैली, उत्तर दिदाँ वखतको उत्तरदाताको अनुहार जस्ता कुराहरुको आधारमा उत्तरको सत्यता, परिवारमा काम गर्ने शैली, पारिवारिक वातावरण, उत्तरदाताको मनोविज्ञान आदि कुराहरुको अवलोकन गरिएको छ ।

**३.६ तथ्याँकको प्रस्तुती एवं विश्लेषण :**

संकलन गरिएका गुणात्मक प्रकृतिका सूचनाहरुलाई आवश्यकताअनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक र बोधगम्य बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ । प्राप्त हुन आएका विभिन्न प्रकृतिका तथ्याँकहरुलाई निश्चित गुण, विशेषता र प्रकृतिको आधारमा वर्गीकरण गरी प्रतिशत जस्ता वर्णनात्मक उपकरणहरु प्रयोग गरी तथ्याँक विश्लेषण तथा व्याख्या गरिएको छ । प्राप्त तथ्याँकलाई  आवश्यकतानुसार टेबुल बनाई सांख्यिकीय विधि प्रयोग गरी तथ्याँकको विश्लेषण गरिएको छ । प्राप्त हुन आएका गुणात्मक तथ्याँकहरुलाई तथ्यगत प्राथमिकताका आधारमा स्तर निर्धारण गरि सूचीकृत गरिएको छ । तथ्याँक विश्लेषणको क्रममा आवश्यकता अनुसार अनुसन्धानबाट प्राप्त अनुभव क्षेत्रकार्यको क्रममा गरिएका मूल्यांकन तथा अवलोकनहरु, अनुसन्धानका क्रममा प्राप्त सुझावहरु र अनुसन्धान विषयसँग सम्बन्धित अन्य तथ्याँकहरुलाई समेत समावेश गरिएको छ । साथै अध्ययनको विषय संग सम्बन्धित विभिन्न विषयवस्तुहरुलाई आवश्यकतानुसार औंल्याई तिनिहरुको विश्लेषण समेत गरिएको छ ।

**३.७ अध्ययनको सिमा :**

प्रत्येक अध्ययन अनुसन्धानको आ आफ्नै किसिमका सीमा तथा बन्धनहरु हुन्छन् । यही सीमाहरुको आधारमा अध्ययनलाई सीमाबद्ध गर्नुपर्ने आवश्यकता हुन्छ । अनुसन्धान कार्य सदैव निश्चित अवधि, निश्चित ठाउँ र निश्चित उद्देश्य प्राप्त गर्न गरिने कार्य भएको हुँदा अनुसन्धान कार्यको मूल्य, मान्यता र अवधारणा अवश्य पनि हुन्छ । समय र साधन स्रोतको दायरा भित्र रहि अनुसन्धान गर्नुपर्ने हुँदा भौगोलिक आधारमा यो अध्ययन धम्जा गा.वि.स.मा सिमित हुने छ भने विषयवस्तुका आधारमा यो अध्ययनलाई महिला शिक्षाका अवसर तथा चुनौति र

त्यसमाथि प्रभाव पार्ने विभिन्न कारक तत्वहरुको पहिचान गर्ने तथा शिक्षाले स्वयं महिलाको भूमिकामा ल्याउने गुणात्मक परिवर्तनलाई परिक्षण गर्नेतर्फ यो अनुसन्धान केन्द्रित गरिएको छ ।

यो अनुसन्धान मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तरगत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिको निमित्त गरिएको हो । आफू एक विद्यार्थी भएको नाताले सीमित समय र थोरै लगानीमा अनुसन्धान गर्ने प्रयास गरिएको हुनाले तथा आफू एक्लैले नै सम्पूर्ण अनुसन्धान कृयाकलापहरु गर्नुपर्ने वाध्यताले गर्दा यसमा विषयवस्तुलाई विस्तृत र गहन रुपमा प्रस्तुत गर्न नसकिएको पनि हुन सक्छ । तै पनि भरसक पूर्ण रुपमा समेट्ने प्रयास भने गरिएको छ ।

# अध्यायः चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

यस अध्यायमा अध्ययन प्रतिवेदनको अध्ययनक्षेत्र धम्जा गा.वि.स.को सामान्य परिचय प्रस्तुत गरिएको छ । यस क्रममा अध्ययन क्षेत्रको भौगोलिक, जनसाँख्यिक, पेशागत, आर्थिक, सामाजिक, राजनैतिक, भौतिक तथा सार्वजनिक पूवार्धार, सामाजिक पूर्वाधार तथा सेवा जस्ता विषयवस्तुको बारेमा चर्चा गरिएको छ । यस भागमा उल्लेखित जनसंख्यासँग सम्बन्धित तथ्यहरुको विश्लेषणमा जि.वि.स. बाग्लुङ्गबाट प्रकाशित बाग्लुङ्ग जिल्ला पार्श्वचित्र, (District Profile) २०६२ र धम्जा गा. वि. स. पार्श्वचित्र, २०६८ लाई आधार बनाइएको छ । जसमा उल्लेखित तथ्याङ्कहरु २०५८ को जनगणनाका तथ्याँकहरु भन्दा पछि लिइएको हुनाले धम्जामा हुने सम्पूर्ण जनसंख्यालाई समेटिएको हुँदा अझ बढी यथार्थ र उपयोगी भएको ठानी यसो गरिएको हो ।

### ४.१ अध्ययन क्षेत्रको भौगोलिक अवस्था

नेपाल अधिराज्यको पशिचमाञ्चल विकास क्षेत्रको धौलागिरी अञ्चलको सदरमुकामको रुपमा रहेको बागलुङ जिल्ला अक्षांश २८° १५” उत्तरदेखि २८° ३७” उत्तर सम्म र देशान्तर करिब ८३° पुर्वदेखि ८३° ३६” पुर्व सम्मको वीचमा रहेको छ । झोलुङ्गे पुलको जिल्लाको उपनामले समेत परिचित यस जिल्ला झण्डै नेपालको नक्सासँग मिल्दोजुल्दो आकारमा पूर्व-पशिचम भै फैलिएको छ । यस जिल्लाको सदरमुकाम सुदुर पूर्वमा अवस्थित बागलुङ बजार हो । प्रशासनिक विभाजन अनुसार यस जिल्लाको पूर्वमा पर्वत, पशिचममा रोल्पा र रुकुम, उत्तरमा म्याग्दी तथा दक्षिणमा प्युठान र गुल्मी जिल्ला पर्दछन् । कुल १७८४ वर्ग कि.मी.को क्षेत्रफलमा फैलिएको यस जिल्लालाई ३ संसदीय क्षेत्र, १३ इलाका, १ नगरपालिका र ५९ गा.वि.स.हरुमा विभाजन गरिएको छ ।

नेपालको पशिचमाञ्चल विकास क्षेत्रमा पर्ने धौलागिरी अञ्चलमा अवस्थित बाग्लुङ्ग जिल्ला अर्न्तगत रहेको धम्जा गा.वि.स. यस अनुसन्धानको अध्ययन क्षेत्र हो । नेपाल अधिराज्यका ३९१५ गा.वि.स. हरुमध्ये यो एक गा. वि. स. बाग्लुङ्ग जिल्लाको उत्तर पशिचमी भेगमा अवस्थित छ । यस क्षेत्र सदरमुकाम देखि २५ किलोमिटरको दूरीमा अवस्थित छ ।

सदरमुकाम देखि १ दिनको पैदलयात्रा लाग्ने यस क्षेत्रमा कच्ची सडक र्निमाण पश्चात भने जीपमा २ घण्टा लाग्ने गर्दछ । यस गा. वि. स. को उत्तरी सिमानामा म्याग्दी जिल्लाको सिमाना रहेको छ । पूर्वी सिमानामा अँधेरीखोला वा भिमपोखरा गा. वि. स. रहेको छ । र पश्चिमि सिमानामा तिन गा. वि. स. तंग्राम, अमरभूमी र अर्गल रहेका छन् । यस्तै यस क्षेत्रको दक्षिण सिमानामा तंग्राम गा. वि. स. रहेको छ । यस क्षेत्रलाई पूर्वमा अधँरी खोला र पश्चिम र दक्षिण पश्चिम सिमानामा धम्जा खोलाले छुट्याएको छ । यहाँको भू भाग भिरालो, सिँचाइको अभाव भएको हुनाले खेतीयोग्य भूमी कम रहेको छ । अध्ययन क्षेत्रको कूल क्षेत्रफल १०९८.३९४ हेक्टर क्षेत्रफल (धम्जा गा. वि. स. पार्श्वचित्र, २०६८) रहेको छ । समुद्री सतहबाट ९०० मीटर देखि २८३२ मिटर को उचाईसम्म फैलिएर रहेको यो क्षेत्रको हावापानी समशितोषण रहेको छ । मध्ये कूल ७०.६१ हेक्टर बन क्षेत्र रहेको छ । बन क्षेत्र कम रहेको हुँनाले रुखका प्रकारहरु पनि कम रहेका छन् ।

**४.२ जनसाँख्यिक अवस्था**

२०५८ को जनगणना अनुसार बाग्लुङ्ग जिल्लाको जनसंख्या २६८९३७ रहेको छ । यस जिल्लामा पुरुषको संख्या १२३५२८ र महिलाको संख्या १४५४०९ रहेको छ भने लैंगिक अनुपात ०.८५ रहेको छ, (केन्द्रिय तथ्याँक विभाग, २००१) । यस जिल्लामा परिवार संख्या ५३५६५ रहेको छ भने औषत परिवार संख्या ५.०२ रहेको छ । यस जिल्लाको जनसंख्या उत्तरबाट दक्षिणतर्फ जाँदा बढदै गएको देखिन्छ । धम्जा गा.वि.स. यस जिल्लाको उत्तर पश्चिमी भेगमा रहेको छ । यस गा. वि. स. को जनसंख्या धम्जा गा. वि. स. पार्श्वचित्र, २०६८ अनुसार ३५९४ रहेको छ । जसमा महिलाको जनसंख्या १८०६ र पुरुषको संख्या १७८८ रहेको छ भने परिवार संख्या ६६२ रहेको छ ।

**क) अध्ययन क्षेत्रका जनसंख्याको उमेर तथा लैंगिक वितरण**

जि. वि. स. बाग्लुङ्ग र धम्जा गा. वि. स. पार्श्वचित्र, २०६८ बाट लिइएको नागरिक अभिलेख अनुसार यस अध्ययनक्षेत्रमा पुरुषको भन्दा महिलाको जनसंख्या बढी रहेको छ । विभिन्न उमेर समूहका महिला पुरुषको जनसांख्यिक स्थिति निम्न तालिका अनुसार रहेको छ ।

तालिका नं. ४.१: अध्ययन क्षेत्रमा जनसंख्याको उमेर तथा लैंगिक विवरण

| वर्ष | ०–५ | ६–१० | ११–१५ | १६–२४ | २५–४५ | ४६–६० | ६१–७० | ७० भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| महिला | १६७ | १९७ | २०५ | ३६२ | ५२५ | २०२ | ९० | ५८ | १८०६ |
| पुरुष | १९७ | १९९ | २०९ | ३३९ | ५०० | १८६ | ९७ | ६१ | १७८८ |
| जम्मा | ३६४ | ३९६ | ४१४ | ७०१ | १०२५ | ३८८ | १८७ | ११९ | ३५९४ |

श्रोतः धम्जा गा.वि.स. पार्श्वचित्र, २०६८

माथि उल्लेखित तालिका ४.१ अनुसार यस अध्ययनक्षेत्रमा ५ वर्ष सम्मका महिलाको संख्या१६७ तथा पुरुषको संख्या १९७ गरी उमेरको कुल जनसंख्या ३६४ रहेको देखिन्छ , भने ६ देखि १० वर्ष समूहको कुल ३९६ जनसंख्या मध्ये महिलाको संख्या १९७ र पुरुषको संख्या १९९ रहेको देखिन्छ। ११ देखि १५ वर्ष उमेर समूहमा हेर्ने हो भने कुल जनसंख्या ४१४ मध्ये पुरुषको संख्या २०९ र महिलाको संख्या २०५ रहेको देखिन्छ । १६ देखि २४ वर्ष उमेर समूहमा महिलाको संख्या ३६२ र पुरुषको संख्या ३३९ गरी कुल जनसंख्या ७०१ रहेको छ। यस्तै २५ देखि ४५ वर्ष उमेर समूहमा महिलाको संख्या ५२५ र पुरुषको संख्या ५०० गरी कुल जनसंख्या १०२५ रहेको छ , ४६ देखि ६० वर्ष समूहको कुल जनसंख्या ३८८ मध्ये महिलाको संख्या २०२ र पुरुषको संख्या १८६ रहेको देखिन्छ। यस्तैगरी ६१ देखि ७० वर्ष उमेर समूहमा हेर्ने हो भने कुल जनसंख्या १८७ मध्ये महिलाको संख्या ९० र पुरुषको संख्या ९७ रहेको छ। उक्त तालिका अनुसार ७० वर्ष भन्दा माथिको उमेर समूहमा कुल जनसंख्या ११९ रहेकोमा महिला ५८ र पुरुषको संख्या ६१ रहेको छ। उक्त तालिका अनुसार ०–५, ६–१०, ११–१५, ६०–७० र ७० भन्दा माथिको उमेर समुहमा महिलाको तुलनामा पुरुषको संख्या वढी देखिन्छ भने अन्य उमेर समूहमा महिलाको संख्या बढी रहेको देखिन्छ। महिला पुरुष विचको अन्तरालमा ठूलो भिन्नता रहेको पाइदैन ।

**ख) अध्ययन क्षेत्रमा जनसंख्याको वार्डगत वितरण**

यस गा. वि. स. को वार्डगत जनसंख्याको अवस्थामा निकै ठूलो अन्तर रहेको छ, जसको विवरण निम्नानुसार रहेको छ।

तालिका नं.४.२ : अध्ययन क्षेत्रमा जनसंख्याको वार्डगत विवरण

| वार्ड | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| परिवार संख्या | ८५ | ६० | ७३ | १०३ | ७१ | ६० | ८४ | ७२ | ५४ | ६६२ |
| पुरुष जनसंख्या | २१४ | १६३ | १८८ | २९१ | २११ | १४१ | ५१२ | २२१ | १८७ | १७८८ |
| महिला जनसंख्या | २४४ | १९८ | १८६ | २६४ | २२३ | १४८ | २०९ | २०८ | १२६ | १८०६ |
| कूल जनसंख्या | ४५८ | ३६१ | ३७४ | ५५५ | ४३४ | २८९ | ४२१ | ४२९ | २७३ | ३५९४ |

श्रोतः धम्जा गा.वि.स. पार्श्वचित्र, २०६८

माथि तालिका ४.२ अनुसार धम्जा गा. वि. स. मा सबैभन्दा धेरै जनसंख्या भएको वार्ड नं. ४ रहेको छ , जहाँको परिवार संख्या १०३ र जनसंख्या ५५५ रहेको छ । यस जनसंख्या मध्ये पुरुषको जनसंख्या २९१ र महिलाको संख्या २६४ रहेको छ भने सबैभन्दा कम जनसंख्या भएको वार्ड नं. ९ हो । यसको परिवार संख्या ५४ र जनसंख्या पुरुष १८७ र महिला १२६ गरी कुल २७३ रहेको छ । परिवार संख्या तथा जनसंख्या दुबैको हिसाबले दोश्रो ठूलो वार्ड नं. १ हो भने दाश्रो सानो वार्ड नं. ६ हो । यी दुई वार्डहरुको परिवार संख्या क्रमशः ८५ र ६० रहेको छ भने कुल जनसंख्या क्रमशः ४५८ र २८९ रहेको छ , जसमध्ये वार्ड नं. १ मा पुरुषको संख्या २१४ र महिलाको संख्या २४४ रहेको छ भने वार्ड नं. ६ मा पुरुषको संख्या १४१ र महिलाको संख्या १४८ रहेको छ ।

यस अध्ययन क्षेत्रमा जनसंख्याको हिसाबले तेस्रो ठूलो वार्ड ५ हो जहाँको परिवार संख्या ७१ र जनसंख्या ४३४ रहेको छ । यस वार्डमा पुरुषको संख्या २११ र महिलाको २२३ रहेको छ । यस तालिका अनुसार वार्ड नं. १, २, ५ र ६ मा पुरुषको तुलनामा महिलाको संख्या बढी रहेको छ भने अन्य वार्डमा महिलाको तुलनामा पुरुषको जनसंख्या ठूलो रहेको छ ।

**ग) अध्ययन क्षेत्रमा जनसंख्याको जातिगत वितरण**

बाग्लुङ्ग जिल्ला जातीय विविधतायुक्त जिल्ला हो । यहाँ ब्राहमण, क्षेत्री, नेवार, मगर, कामी, दमाई, सार्की, लगायतका विभिन्न जातिहरुको बसोवास रहेको छ । उक्त जातिय विविधता अध्ययन क्षेत्रमा पनि रहेको छ । यहाँ ब्राहमण, क्षेत्री, विश्वकर्मा, दर्जी, चर्मकार र मगर जातिको बसोवास रहेको छ । यस गा. वि. स. को जातिगत विवरण निम्नानुसार रहेको छ ।

तालिका नं. ४.३ : अध्ययन क्षेत्रमा जनसंख्याको जातिगत विवरण

| जातजाति | ब्राहमण | क्षेत्री | विश्वकर्मा | दर्जी | चर्मकार | मगर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| जनसंख्या | २२६ | ९९० | ६८० | १३९ | ३२८ | १२३१ | ३५९४ |
| प्रतिशत | ६.२९ | २७.५५ | १८.९२ | ३.८७ | ९.१३ | ३४.२५ | १०० |

श्रोत: धम्जा गा.वि.स. पार्श्वचित्र, २०६८

माथिको तालिका ४.३ बाट यस गा. वि. स. मा अधिक संख्यामा मगर समुदाय रहेको देखिन्छ। यस समूदायको कुल संख्या १२३१ (३४.२५ प्रतिशत) रहेको छ भने कुल जनसंख्या ९९० ( २७.५५ प्रतिशत) सहित क्षेत्री समुदाय दोश्रो स्थानमा रहेको छ । यस क्षेत्रमा ब्राहमण समुदायको जनसंख्या २२६ (६.२९ प्रतिशत) रहेको छ। यस गा. वि. स. मा दलितहरुको संख्या हेर्ने हो भने विश्वकर्मा समुदायको जनसंख्या यस गा. वि. स. मा तेश्रो स्थानमा रहेको छ । जसको जनसंख्या ६८० (१८.९२ प्रतिशत) रहेको छ , दर्जी १३९ (३.८७ प्रतिशत), चर्मकार ३२८ (९.१३ प्रतिशत) रहेको देखिन्छ। यसरी जनसंख्यागत रुपमा हेर्दा यस क्षेत्रमा क्षेत्री, मगर र विश्वकर्मा बाहेकका अन्य जातिहरु अल्पसंख्यकको रुपमा रहेका छन् भने दर्जी जस्ता जातिहरु नगन्य मात्रामा रहेका मात्र हैनन् आफ्नो मौलिक संस्कृति समेत बिर्सिसकेको अवस्थामा छन् ।

भौगोलिक रुपमा जातिगत अवस्थिति हेर्ने हो भने गाँउको माथिल्लो भागमा मगर तथा विश्वकर्मा समुदायको बसोबास रहेको छ भने तल्लो भेगमा क्षेत्री समुदायको बसोबास रहेको छ । नमूना छनौट भएको क्षेत्र गाउँको माथिल्लो तथा पूर्वी भेग भएकोले यस क्षेत्रमा अत्यधिक मात्रामा क्षेत्रीहरुकै बसोबास रहेको छ।

## ४.२ पेशागत अवस्था

यस अध्ययनक्षेत्रका जनताहरुको प्रमुख पेशा कृषि हो । हुन त यहाँका मानिसहरु कृषि बाहेक अन्य जागिर, विद्यार्थी, श्रमिक, मजदुर, वैदेशिक रोजगार, व्यापार लगायतका विविध पेशामा पनि संलग्न देखिन्छन् तर यी पेशा अंगाल्ने मानिसहरु विशुद्ध रुपमा यी पेशामा मात्र निर्भर रहेका छैनन् । यीनीहरु अन्य जुनसुकै पेशा अंगालेका भएपनि कृषि पेशा प्रमुख रहेको छ । यस क्षेत्रका १६ वर्ष भन्दा माथिका मानिसहरुको पेशागत विवरण निम्न तालिका मा उल्लेख भए अनुसार रहेको छ।

तालिका नं. ४.४ : अध्ययन क्षेत्रका जनसंख्याको पेशागत विवरण ( १६ वर्ष माथि )

| पेशा | कृषि | जागिर | विद्यार्थी | श्रमिक मजदुर | वैदेशिक रोजगार | व्यापार | उद्योग | पेशा विहिन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| जनसंख्या | १२३३ | २३७ | ३६८ | ८४ | ४२४ | ४९ | ३ | २२ | २४२० |
| प्रतिशत | ५०.९५ | ९.७९ | १५.२१ | ३.४७ | १७.५२ | २.०२ | ०.१२ | ०.९१ | १०० |

श्रोतः धम्जा गा.वि.स. पार्श्वचित्र, २०६८

माथिको तालिका ४.४ मा देखाईए अनुसार यस गा. वि. स. मा सबैभन्दा धेरै मानिसहरु कृषि पेशामा मात्र संलग्न रहेका छन् । कुल जनसंख्याको ५०.९५ प्रतिशत अथवा १२३३ जनसंख्या रहेको यस पेशा पछाडि वैदेशिक रोजगार पेशा अंगाल्ने मानिसको संख्या धेरै रहेको छ । यस क्षेत्रमा ३६८ (१५.२१ प्रतिशत) जनसंख्या विद्यार्थी रहेका छन् भने २३७ (९.७९ प्रतिशत) मानिस जागिर खाँदै आएका छन् । यस क्षेत्रका मानिसहरुको अन्य पेशामा श्रमिक मजदुर ८४ (३.४७ प्रतिशत), व्यापार ४९ (२.०२ प्रतिशत), उद्योग ३ (०.१२ प्रतिशत) र पेशा विहिन २२ (०.९१ प्रतिशत) रहेका छन् । माथि उल्लेख गरिएझैं यस क्षेत्रमा कृषि बाहेकका अन्य पेशामा संलग्न व्यक्तिहरु पनि केहि समय कृषि पेशामै संलग्न रहेर विताउने गर्दछन् ।

## ४.३ आर्थिक अवस्था

यस अध्ययन क्षेत्रका मानिसहरुको आर्थिक अवस्था सामान्य किसिमको रहेको छ । यहाँका मानिसहरुको पेशा कृषि भए भनि प्रायः मानिस नोकरी, व्यापार, वैदेशिक रोजगार लगायतका पेशामा संलग्न रहेका छन् । तर अन्य पेशामा संलग्न भएपनि कृषि पेशालाई छोडेका छैनन् । यहाँका मानिसहरुको आर्थिक अवस्थालाई कृषि उत्पादनका साथै बाहिर गएर कमाएको धनको आधारमा मापन गरिन्छ । यस क्षेत्रमा के चलन रहेको छ भने जतिसुकै जग्गा जमिन भएपनि पैशा छैन भने त्यसलाई गरिब नै मानिन्छ । यहाँ अधिकांश जमिन कम उब्जाउसिल भएकोले जमिनबाट प्राप्त हुन आएको उत्पादनले वर्षभरि खान पुग्दैन । यस क्षेत्रका प्रमुख बालीहरु धान, मकै, कोदो, गहुँ भएपनि यस बाहेक आलु, जौ, तोरी, केराउ, सिमि, भाँगो आदि बालीहरु समेत यहाँ लगाइन्छ । बजारको अभावका कारण गाउँमा फल्ने फलफुल, तरकारी जस्ता बालीहरु विक्रिवितरण हुन सकेको छैन । जसले गर्दा बढी भएको बाली घरमै रहने हुँदा निम्न आयस्रोत भएका परिवारलाई जीवन धान्न कठिन छ । अध्ययन क्षेत्रका मानिसले

खेतीपाती बाहेक बाखा, वस्तुहरु, परेवा, कुखुराहरु पनि पाल्ने गर्दछन् । यिनिहरुले यी वस्तुहरु नाफाको निमित्त भन्दापनि आफैले उपभोग गर्नको निमित्त पाल्ने गर्दछन् । बजारको अभावका कारण यहाँका मानिसले आफूलाई बढी भएको दुग्ध पर्दाथ बिक्रि गर्न नसक्दा उचित लाभ लिन सकेका छैनन् ।

यस क्षेत्रका मानिसहरुको आर्थिक अवस्थालाई विभिन्न आर्थिक सूचकको आधारमा मापन गर्न सकिने भएपनि यस अध्ययनमा निम्न प्रमुख महत्वपूर्ण सूचकको आधारमा उनीहरुको आर्थिक अवस्थालाई मापन गरिएको छ ।

**क) खानाको पर्याप्तताको आधारमा अध्ययन क्षेत्रका परिवारको विवरण**

नेपालका अधिकांश मानिसहरु कृषि पेशामा संलग्न रहेका भएपनि विविध कारणहरुले गर्दा उनीहरुलाई आफ्नो कृषि उत्पादनले वर्षभरि खान पुगिरहेको छैन । बागलुङ्ग जिल्लामा त झन् यस्तो कृषि उत्पादन कमनै हुने गरेको छ । यसमा पनि धम्जा गा. वि. स. मा त जग्गा जमिनको समान गुणस्तर नहुने हुनाले यहाँका अधिकांश मानिसलाई आफ्नो जग्गा जमिनबाट प्राप्त उत्पादनले एक वर्ष सम्म पनि खान पुग्दैन । यस गा. वि. स. को परिवारलाई खानाको पर्याप्तताको आधारमा गरिएको विभाजन निम्नानुसार हेर्न सकिन्छ ।

तालिका नं. ४.५ : अध्ययन क्षेत्रमा आफ्नो जग्गा जमिनबाट प्राप्त आम्दानीले खानाको पर्याप्तता

| क.सं. | समयावधी | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ महिनासम्म खान पुग्ने | १७६ | २६.५८ |
| २ | ३ देखि ६ महिनासम्म खान पुग्ने | २३१ | ३४.८९ |
| ३ | ६ देखि ९ महिनासम्म खान पुग्ने | १२६ | १९.०३ |
| ४ | ९ देखि १२ महिनासम्म खान पुग्ने | १०५ | १५.८६ |
| ५ | आफ्नो उत्पादनले खान पुगेर बेचविखन गर्ने परिवार | २४ | ३.६२ |
| जम्मा | | ६६२ | १०० |

श्रोतः धम्जा गा.वि.स. पार्श्वचित्र, २०६८

माथि तालिका नं. ४.५ अनुसार यस क्षेत्रमा १७६ (२६.५८ प्रतिशत) वटा परिवारलाई ३ महिना सम्ममात्र खान पुग्छ भने २३१ (३४.८९ प्रतिशत) वटा परिवारलाई ६ महिनासम्म खान पुग्छ । ९ महिनासम्म खान पुग्ने परिवारको संख्या १२६ (१९.०३ प्रतिशत) रहेको भने १०५ ( १५.८६ प्रतिशत) परिवारलाई १२ महिनासम्म खान पुग्छ । यस क्षेत्रमा आफ्नो उत्पादनले खान

पुगेर बेच्न पुग्ने परिवार संख्या २४ (३.६२ प्रतिशत) रहेको छ । उक्त तालिका अनुसार अधिकांश परिवारलाई आफ्नो उत्पादनले ६ महिनासम्म मात्र खान पुग्ने रहेको देखिन्छ भने अल्पसंख्यक परिवारलाई मात्र आफ्नो उत्पादनले वर्षभरि खान पुगि बेच्न पुग्ने देखिन्छ ।

**ख) घरको किसिमका आधारमा अध्ययन क्षेत्रका परिवारको वितरण**

अध्ययन क्षेत्रका मानिसहरुको आर्थिक अवस्था समान किसिमको नरहेकोले यहाँका घरहरुको बनावट पनि फरक रहेको छ । यहाँका अधिकांश घरहरु ढुङ्गा, माटोले बनेका छन् भने पायः सबै घरहरु ढुङ्गा, टिन र खरले छाएका छन् । यहाँका घरहरुलाई बनावटको आधारमा विभिन्न किसिममा विभाजित गरिएको छ । तलको तालिकामा उक्त घरका किसिम र ती घरमा बसोबास गर्ने परिवारको संख्या उल्लेख गरिएको छ । जस अनुसारः

तालिका नं. ४.६ : घरको किसिमका आधारमा अध्ययन क्षेत्रका परिवारको विवरण

| क्र.सं. | घरको किसिम | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खरको छाना | १३८ | २०.८५ |
| २ | ढुङ्गाको छाना | ४७७ | ७२.०५ |
| ३ | जस्ता पाताको छाना | ४७ | ७.१० |
| जम्मा | | ६६२ | १०० |

श्रोतः धम्जा गा.वि.स. पार्श्वचित्र, २०६८

माथिको तालिकाबाट यस क्षेत्रमा अत्यधिक मात्रामा ढुङ्गाको छाना भएका घरहरु रहेकाछन्, जुन कुल संख्याको ४७७ (७२.०५ प्रतिशत) रहेको छ । यस क्षेत्रमा १३८ (२०.८५ प्रतिशत) घरहरु खरको छाना भएका छन् भने ४७ (७.१० प्रतिशत) घरहरु जस्ता पाताको छाना भएका छन् ।

**ग) अध्ययन क्षेत्रका परिवारहरुको समग्र आर्थिक अवस्था**

आर्थिक अवस्था सम्बन्धी माथि उल्लेखित विभिन्न सूचकहरुको विश्लेषणबाट यस गा. वि. स. का जनताहरुको समग्र आर्थिक अवस्था निम्न तालिका अनुसार रहेको देखिन्छ ।

तालिका नं. ४.७ : अध्ययन क्षेत्रका परिवारहरुको समग्र आर्थिक अवस्था

| क्र.सं. | समग्र आर्थिक अवस्था | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सन्तुलित परिवार | ३१९ | ४८.१९ |
| २ | सवल परिवार | २८३ | ४२.७५ |
| ३ | दुर्वल परिवार | ६० | ९.०६ |
| जम्मा | | ६६२ | १०० |

श्रोतः धम्जा गा.वि.स. पार्श्वचित्र, २०६८

*(यस तथ्याँकमा वार्षिक आम्दानिका आधारमा परिवारलाई सन्तुलित, सवल र दुर्वलमा विभाजन गरिएको छ । बार्षिक आम्दानि ७६ लाख १९ हजार देखि १ करोड ४९ लाख ८ हजार सम्म बार्षिक आम्दानि भएका परिवारलाई सन्तुलित परिवारमा राखिएको छ भने ४३ लाख २० हजार देखि ६३ लाख ९० हजार ५ सयसम्म आम्दानि भएका परिवारलाई सवल परिवार र बार्षिक १० लाख ४८ हजार ६०० आम्दानि भएका परिवारलाई दुर्बल परिवारमा राखिएको छ । )*

यस क्षेत्रको समग्र आर्थिक अवस्थालाई माथिको तालिका नं. ४.७ मा देखाइए अनुसार हेर्दा अधिकांश परिवार सन्तुलित आर्थिक अवस्थाका देखिन्छन् । यसको संख्या ३१९ (४८.१९ प्रतिशत) रहेको छ । आर्थिक दृष्टिले २८३ (४२.७५ प्रतिशत) परिवारहरु सबल रहेका छन् भने ६० (९.०६ प्रतिशत) परिवारहरु आर्थिक रुपले दुर्बल किसिमका रहेका छन् ।

## ४.४ सामाजिक साँस्कृतिक अवस्था

सामाजिक साँस्कृतिक आधारमा यस गा. वि. स. मा कम विविधता रहेको पाइन्छ । किनभने धेरैजसो एकैकिसिमका जातजाति र समुदायको बसोबास रहेकोले कम विविधता रहनु स्वाभाविक पनि हो । तर यस क्षेत्रमा जतिपनि जातजाति छन् तिनको कृयाकलाप र संस्कारहरु भिन्न र आफ्नै किसिमका रहेका छन् । यस क्षेत्रको सामाजिक साँस्कृतिक अवस्थालाई निम्न उपशीर्षक अर्न्तगत विश्लेषण गरिएको छ ।

### अ) सामाजिक जीवनशैली

अध्ययन क्षेत्रका मानिसहरुको जनजीवन सामान्य किसिमको रहेको पाइन्छ । यस क्षेत्रमा बुढापाका र युवायुवती बीचको चालचलन, भेषभुषा, खानपान तथा रहनसहनका बीचमा अन्तर रहेको छ भने जातिगत आधारमा समेत यस्तो भिन्नता देख्न सकिन्छ ।

यस क्षेत्रमा हरेक समुदायहरु एक निश्चित क्षेत्रभित्र झुरुप्पै बसेका देखिन्छन् । १ नं. वार्डमा अधिकांश मगर जातिको बसोबास रहेको छ । गाउँको तल भागमा केहि मगरसँगै मिसिएर दलित समुदायको पनि बसोबास रहेको छ । यस्तै वार्ड नं. ८ र ९ मा गाँउको माथि भागमा सबै क्षेत्री समुदायको बसोबास रहेको छ । भने गाँउको तल्लो भागमा मगर समुदायको बसोबास रहेको छ । यस्तै गाउँको बिचमा एक घर दलितको पनि रहेको छ । यस क्षेत्रमा एउटै नेपाली भाषा बोल्ने र एउटै हिन्दू धर्म मान्ने जातजातिहरुको बसोबास रहेको छ । यहाँको समुदायमा मुख्य खानाको रुपमा भात, तरकारी, ढिडो, रोटी नै प्रमुख मानिन्छ । यहाँका मानिसहरु सुँनका गहना बढी लगाउने गर्दछन् । पुरुषको तुलनामा महिलाहरु बढी गहना लगाउने यहाँको समाजमा गरगहनालाई हेरेर नै मानिसको आर्थिक अवस्था छुट्याउन सकिन्छ । यहाँका महिलाहरु विशेषतः नाक, कान, घाटि तथा हातमा विभिन्न सुनका गहना लगाउँछन् । यस क्षेत्रमा पूरुषहरु भने भए औंठी तथा सिक्रीहरु लगाउने गर्दछन् नत्र कुनै गहना लगाउदैनन् । यहाँका बुढापाकाहरु औपचारीक पोशाकको रुपमा कोट, टोपी वा कमिज सुरुवाल लगाउँछन् भने युवाहरु सर्ट, पेन्टमा देखिन्छन् । यस्तै पाका महिलाहरु चोलो, साडी, ब्लाउज, लुङ्गी, पटुका, मजेत्रो आदि लगाउँछन् भने जवान महिलाहरु कुर्ता सुरुवाल, सल, टिसर्ट लगाउने गर्दछन् । जवान छोरीहरुले पेन्ट टिर्सट समेत लगाएको भेटन सकिन्छ । समग्रमा भन्नु पर्दा यस क्षेत्र आधुनिकता उन्मुख रहेको छ ।

**आ) प्रमुख चाडपर्वहरु**

यस क्षेत्रमा साँस्कृतिक र जातिय विविधता भएपनि उनीहरुले मनाउने चाडपर्वहरुमा खासै अन्तर छैन । दशै, तिहार, माघे सक्रान्ती, होली पूर्णिमा, चैतेदशै, साउने सक्रान्ती जस्ता चाडपर्वहरु सबै जातिले महत्वका साथ मनाउने गर्दछन् । सवै जाति तथा समुदायले श्रीकृष्ण जन्माष्टमीलाई महत्वका साथ मनाउने गर्दछन् । त्यसमा पनि ब्राहमण, क्षेत्रीहरुले बढी मनाउने गर्दछन् । ब्राहमण, क्षेत्री समुदायका महिलाहरु ठूलो एकादशी, कृष्ण जन्माष्टमी, तीज, ऋषि पञ्चमी जस्ता पर्वहरु व्रत बसेर मनाउने गर्दछन् । यस्तो व्रत बसेर मनाउने प्रचलन अन्य जातिमा नभएकोले उनीहरु यो पर्वलाई त्यति महत्व दिदैनन् तर व्राहमण, क्षेत्री समुदायकै प्रभाव यी समुदायमा पर्ने गरेकोले उक्त चाडवाडमा गरिने रमाइलोमा भने उनीहरु पनि सहभागी हुन्छन् । यस बाट के देखिन्छ भने व्रत बसेर मनाउनुपर्ने पर्वहरु भने ब्राहमण, क्षेत्री

महिलाहरुले मात्र मनाउँछन् । जनै पूणिमा विशेषतः ब्राहमण, क्षेत्रीहरुले मात्र जनै लगाएर मान्ने गर्दछन् । मनाउने चाडवाड एकै भएपनि माथि उल्लेखित पर्वहरु मनाउने शैली भने हरेक जातजति तथा समुदायका आ आफ्नै किसिमको रहेको छ ।

**इ) प्रमुख संस्कारहरु**

हरेक जातजाति तथा समुदायका आ आफ्नै संस्कारहरु रहेका हुन्छन् भने धर्म अनुसार पनि यस्ता संस्कारहरुको विविधता रहेको पाइन्छ । अर्कोतर्फ समान किसिमका संस्कारहरुमा पनि जातिगत वा धार्मिक मान्यताका आधारमा कार्यगत फरक हुने गरेको पाइन्छ । अनुसन्धानको लागी छनौट गरिएको यस क्षेत्रमा सबै समुदायमा एउटै धर्म मान्ने र जातिय विविधता कम भएका मानिसहरु बसोबास गर्ने भएकोले संस्कारगत विविधता कम रहेको पाइन्छ । तर पनि सवै जातिमा संस्कारगत विविधता भने रहेको पाइन्छ । यस समाजमा जीवनको हरेक कालखण्डमा गरिने संस्कारमा जातिगत तथा धार्मिक विविधता मात्र होइन एकै जातिभित्र पनि महिला र पुरुषका लागि गरिने संस्कारहरुमा समेत भिन्नता रहेको छ । यहाँका हिन्दू तथा ब्राहमण , क्षेत्री समुदायमा महिलालाई उपेक्षित रुपमा हेरिन्छ । त्यसमा पनि विवाहित महिलाहरु त अत्यन्तै उत्पीडीत अवस्थामा रहेका छन् । एउटी विवाहित महिला विवाहपश्चात आफ्नै माइतीघरमा समेत निवार्ध रुपमा सबैतिर घुमफिर गर्न पाउदिन् । धर्म तथा सँस्कृतिको आडमा त्यसता किसिमका शोषणहरु मौलाइरहेका छन् । मगर समुदायमा क्षेत्री तथा दलित समुदायको तुलनामा अपेक्षित रुपमा उच्च रहे पनि  समानताको दूरी धेरै टाढा रहेको छ । यस समाजमा जीवनको विभिन्न कालखण्डमा गरिने न्वारन, पास्नी, विवाह, मृत्यु जस्ता संस्कारहरु सबै जातजाति (क्षेत्री, दलित र मगर) मा पुरुष र महिला दुवैका लागि गरिन्छ । क्षेत्रीहरुले मृतकका नाममा वर्षेनी श्राद्ध गर्ने प्रचलन रहेको छ । यी सँस्कारहरुमा पनि कार्यगत एकता नभइ हरेक जाति र समुदायका आ आफ्नै किसिमका विविधता रहेका छन् । न्वारन गर्ने सवालमा यहाँका क्षेत्री समुदायमा ११ औं दिनमा गर्ने चलन रहेको छ । भने मगर तथा दलितहरु १० दिनमा गर्ने गर्दछन् । मृत्यु पश्चात क्षेत्रीहरु शवलाई खोलामा लगेर जलाउने गर्दछन् भने मगर तथा दलितहरु पनि आफ्नो आफ्नो निश्चित ठाउँमा (चिहान डाँडा) लगेर शवलाई जलाउने गर्दछन् ।

क्षेत्री, मगर तथा दलित सबै समुदायमा जन्म मृत्यु पश्चात सुतक बार्ने प्रचलन रहेको पाइन्छ । क्षेवर हरेक मगर समुदायका पूरुषको मात्र गरिन्छ भने ब्रतवन्ध तथा जनै लगाउने कार्य क्षेत्री पूरुषले मात्र गर्दछन् । क्षेत्री समुदायमा श्राद्ध, कुलथानीको पूजा पूरुषले मात्र गर्दछन् । कोरामा बसेर कृया भने पूरुष महिला दुवैले गर्ने गर्दछन् । १३ औं दिनमा चोखिने प्रचलन रहेको यस समुदायमा विवाहित छोरीले ५औं दनमा चोखिने प्रचलन रहेको छ । क्षेत्री तथा दलित समुदायमा महिलाहरु मासिक धर्म तथा सुत्केरी हुँदा छुवाछुत बार्ने गर्दछन् भने मगर समुदायमा यस्तो प्रचलन छैन भने सुत्केरी पनि ३ दिन मात्र बार्ने गर्दछन् । दलित समुदायमा महिलाहरुले मलामी जानै बर्जित गरिएको छ जुन सँस्कार क्षेत्री समुदायमा समेत रहेको भएपनि हाल महिलाहरु पनि मलामी जाने प्रचलन बढेको छ । यस्तै विवाह गर्दा क्षेत्री समाजमा महिलालाई जन्त जाने प्रचलन नरहेको भएपनि हाल आएर विवाहमा जन्त जाने प्रचलन पनि रहेको छ । यस्तै विवाहमा नाच्न पनि महिलालाई बच्चित गरिएको प्रचलन भएपनि त्यसमा अहिले आएर केहि परिवर्तन आई महिलापनि विवाहको बाजामा नाच्न थालेको पाइन्छ । यहाँका दलित तथा क्षेत्री समुदायमा श्रीमानलाई भगवान मान्ने गरिन्छ । चाहे त्यो जस्तो प्रवृतिको नै किन नहोस, तर यस व्यवहारमा मगर महिलाहरु अली बढी स्वतन्त्र देखिन्छन् । मगर समुदायमा महिलाहरुलाई हेला गर्ने संस्कार कम रहेका छन् तर यस्तो किसिमको पूरुष र महिलाबिचको संस्कारगत दूरी क्षेत्री र दलित समुदायमा बढी रहेको देखिन्छ, जुन असमानता संस्कारमा समेत देख्न सकिन्छ । अन्य जातिको तुलनामा क्षेत्री समुदायका महिलाहरुमा ब्रत बस्ने संस्कार बढी रहेको पाइन्छ । यिनिहरु कृष्णजन्माअष्टमी, तिज, ऋषि पञ्चमी, एकादशी, पूर्णिमा तथा विभिन्न बारहरुमा ब्रत बस्ने गर्दछन् भने कतिपय ब्रत त श्रीमानको कुशलता तथा दिर्घायुको निम्ति बस्ने गर्दछन् । तर श्रीमतीको निमित्त श्रीमान्ले व्रत बस्ने गरेको भने कतै देखिदैन । क्षेत्री तथा दलित समुदायमा जुनसुकै चाडवाड अथवा पर्व तथा संस्कारमा महिलाहरुनै बढी काममा खट्नुपर्ने वाध्यता छ । विवाहको क्रममा दलित तथा क्षेत्री समुदायमा छोरीलाई सम्पति दिने प्रचलन पनि रहेको छ । समग्रमा संस्कारगत रुपमा हेर्दा मगर समुदायमा महिला पुरुषबिचमा कमै भिन्नता दखिन्छ भने क्षेत्री र दलित समुदायमा यो दूरी बढी देखिन्छ, जहाँ महिलालाई गरिने हरेक संस्कारहरु उनीहरुलाई उपेक्षित गर्ने, दुःख दिने र तल्लो स्तरमा गिराउने प्रकृतिका रहेका छन् ।

## ४.५ राजनीतिक अवस्था

यस अध्ययन क्षेत्रको राजनितिक अवस्था सामान्य किसिमको रहेको छ । सामान्य जनघनत्व रहेकोले जिल्लास्तरीय तथा राष्ट्रिय स्तरको राजनिति गर्ने राजनितिककर्मीहरुको संख्या कम रहेको छ । आमनिर्वाचनमा यहाँबाट चुनावी मैदानमा उम्मेदवारको रुपमा उत्रिनेको संख्या एकदमै न्यून रहेको छ । जिल्लाको राजनितिमा यस क्षेत्रले निर्णायक भूमिका निभाउन सकेको छैन । यस क्षेत्रका मानिसहरुमा राजनितिक उत्साह पनि कम रहेको छ । यस क्षेत्रमा राजनितिक पाटीहरुका केन्द्रिय स्तरदेखि स्थानीय स्तरसम्मका समेत नेता तथा कार्यकर्ताहरुको अभाव रहेको छ । जातिगत रुपमा हेर्ने हो भने अन्य जाति भन्दा क्षेत्रीहरुको स्थानिय स्तरमा केहि बढी पहँच रहेको पाइन्छ । यस क्षेत्रका मानिसहरुमा राजनितिक चेतना भएपनि त्यस क्षेत्रमा रुची कम रहेकोले कम मानिसको मात्र संलग्नता रहेको पाइन्छ । यहाँका मानिसहरुलाई हरेक राजनितिककर्मीहरुले विभिन्न प्रलोभन देखाई भोट बैंकको रुपमा प्रयोग गर्ने गरेका छन् । त्यसैले समग्रमा भन्नुपर्दा यहाँको राजनीतिक अवस्था सामान्य रहेको छ ।

## ४.६ भौतिक तथा सार्वजनिक पूर्वाधार

यो गा. वि. स. हवाई यातायातबाट विमुख भएपनि यस क्षेत्रमा सडक यातायातको भने सुविधा रहेको छ । जिल्ला सदरमुकामबाट गाउँसम्म २५ किलोमिटर लामो कच्ची सडकको निमार्ण भएको छ । संचारतर्फ हेर्ने हो भने यस क्षेत्रमा केहि विकास भएको देखिन्छ । CDMA फोन लाइन संचालनमा रहेको यस क्षेत्रमा प्रिपेड मोवाइल सेवा पनि उपलब्ध रहेको छ । सञ्चारमा आएको परिवर्तनका कारण पूरानो सञ्चारको साधन हुलाक सेवा वर्तमान समयमा संचालननै हुन सकेको छैन । यस गा. वि. स. का सम्पूर्ण क्षेत्रमा खानेपानीको सुविधाका कारण यहाँका मानिसले यसको सुलभ सेवा उपभोग गर्न पाएका छन् । यस क्षेत्रमा विद्युत लाइनको अभाव रहेपनि स्थानिय स्रोत र साधनबाट यहाँका कुनै कुनै मानिसहरुले आफ्नै लगानीबाट पेल्टिकसेट जडान गरि विद्युत उत्पादन गरेका छन् । जसबाट ८५.३५ प्रतिशत मानिसले विद्युत सेवा उपभोग गर्न पाएका छन् भने १४.६५ प्रतिशत मानिसले यस सेवा लिन सकेका छैनन् । विद्युतिय उर्जा भए, नभएको आधारमा यहाँको परिवारलाई निम्न तालिका अनुसार हेर्न सकिन्छ ।

तालिका नं.४.८: अध्ययन क्षेत्रमा विद्युतिय सेवा भए/नभएको आधारमा परिवारको विवरण

| क.सं. | विद्युतिय सेवा भए/नभएको | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भएको | ५६५ | ८५.३५ |
| २ | नभएको | ९७ | १४.६५ |
| जम्मा | | ६६२ | १०० |

श्रोत: धम्जा गा. वि. स. पार्श्वचित्र, २०६८

यस तालिकाबाट के देखिन्छ भने यस गा. वि. स. मा विद्युतिय उर्जा भएका परिवारहरु ५६५ (८५.३५ प्रतिशत) रहेका छन् । बाँकी ९७ (१४.६५ प्रतिशत) परिवारमा मात्र विद्युतिय उर्जा छैन । यसरी समग्रमा यो क्षेत्रमा भौतिक तथा सार्वजनिक पूर्वाधारहरुको विकास भएको पाइन्छ ।

## ४.७ सामाजिक पूर्वाधार तथा सेवा

सामाजिक पुर्वाधार तथा सेवाको दृष्टिकोणले हेर्ने हो भने यस क्षेत्रको अवस्था सामान्य किसिमको रहेको छ । स्थानिय मानिसलाई सेवा पुर्‍याउने दृष्टिकोणले यस क्षेत्रमा विभिन्न गैर सरकारी संस्था तथा सहकारी संस्थाको स्थापना भएको पाइन्छ । यस क्षेत्रमा नवदुर्गा क्लब धम्जा, गौथाली साँस्कृतिक परिवार र आर्शिवाद खेलकुद विकास समिति गरि तिन गैर सरकारी संस्थाले सेवा प्रदान गरेका छन् । यस्तै सहकारी संस्था पनि तिन रहेका छन् । जुन प्रगतिशिल सहकारी संस्था, लिनचुले सहकारी संस्था र गरिबी निवारण उपभोक्ता सहकारी संस्था रहेका छन् । यसरी यस क्षेत्रमा विभिन्न सामाजिक पूर्वाधार तथा सेवाहरुको स्थापना भएको पाइन्छ ।

स्वास्थ्यको दृष्टिकोणले हेर्ने हो भने यो गा. वि. स. प्रभावकारी स्वास्थ्य सेवाबाट विमूख रहेको छ । अस्पतालको अभावका कारण यहाँका मानिसहरु विरामी हुँदा सदरमुकाममानै धाउनुपर्ने बाध्यता छ । सदरमुकाममा अवस्थित जिल्ला अस्पताल पुग्न विरामी बोकेर ६ घण्टाको पैदलबाटो हिडनुपर्ने बाध्यतालाई कच्ची सडकको निमार्ण सँगै संचालनमा आएको यातयातको सुविधाले केहि सहज बनाएको छ । यहाँका ७७.६४ प्रतिशत मानिसहरु विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी जाने गर्दछन् भने १९.९४ प्रतिशत मानिसहरु धामी झाक्रीको भरम पर्ने गरेको देखिन्छ । यसका साथै जम्मा २.४२ प्रतिशत मानिसहरु अस्पताल जाने गर्दछन् । अस्पतालको अभावका कारण धामीझाँक्री, पूजापाठ, देउतालाई भाकल गर्ने जस्ता प्रचलन पनि

यहाँ देखिन्छन् । गाउँमा एक उपस्वास्थ्य चौकी र एक गाउँघर किलनिक रहेको भए पनि यहाँका मानिसलाई उचित स्वास्थ्य सेवा प्रदान गर्न सकेको देखिदैन । जे भएपनि यहाँको मातृ बाल तथा शिशु मृत्युदर न्यून रहेको छ । व्यापक धुम्रपान, मद्यपान तथा सुर्ती सेवनको कारणले यहाँका कतिपय महिलाहरु दम, खोकी क्षयरोग तथा क्यान्सरले ग्रस्त छन् । यस क्षेत्रमा देखिएका अन्य रोगहरुमा निमोनिया, झाडापखाला आदि रहेका छन् भने दीर्घ रोगहरुमा क्यान्सर, चिनी रोग, पक्षघात, एपेन्डिक रोग, किण्डनी रोग, मुटुको समस्या जस्ता रोगहरु देखिएका छन् ।

शिक्षातर्फ हेर्ने हो भने यस क्षेत्रको शैक्षिक स्तर सुधारजनक रहेको देखिन्छ । यस जिल्लाको कुल साक्षरता दर ६१.७० प्रतिशत रहेको छ (रा. ज. ग. आयोग २०५८) । अध्ययन क्षेत्रको साक्षरता दर धेरै रहेको छ । ६ वर्ष भन्दा माथिको महिला साक्षरता संख्या कुल जनसंख्याको ९६४ र पुरुषको संख्या १००१ रहेको छ । यस क्षेत्रको जम्मा साक्षरता दर ६०.८४ प्रतिशत रहेको छ भने निरक्षरता ३९.१६ प्रतिशत रहेको छ (धम्जा गा.वि.स.पार्श्वचित्र, २०६८) । यस क्षेत्रको साक्षरता स्थिति गणना गर्दा ६ वर्ष माथिको जनसंख्यालाई आधार मानेर गरिएको छ । किनकि ६ बर्ष मूनिको जनसंख्या अध्ययनमा संलग्न हुँदैनन् । यस गा. वि. स. मा ६ बर्ष माथिको जनसंख्या ३२३० रहेकोमा पुरुषको संख्या १५९० र महिलाको संख्या १६४० रहेको छ । सो आधारमा यस गा. वि. स. को साक्षरता सम्बन्धी तथ्याँकलाई निम्नानुसार दिइएको छ ।

तालिका नं. ४.९ : अध्ययन क्षेत्रमा ६ वर्ष माथिको जनसंख्याको साक्षरता स्थिति

| पुरुष | साक्षर जनसंख्या | निरक्षर जनसंख्या | जम्मा |
|---|---|---|---|
| पुरुष | १००१ | ५८९ | १५९० |
| पुरुष प्रतिशत | ६२.९६ | ३७.०४ | १०० |
| महिला | ९६४ | ६७६ | १६४० |
| महिला प्रतिशत | ५८.७८ | ४१.२२ | १०० |
| जम्मा | १९६५ | १२६५ | ३२३० |
| जम्मा प्रतिशत | ६०.८४ | ३९.१६ | १०० |

श्रोतः धम्जा गा. वि. स. पार्श्वचित्र, २०६८

माथिको तालिका अनुसार यस क्षेत्रमा ६ वर्ष माथिको जनसंख्यामा साक्षर जनसंख्या १९६५ (६०.८४ प्रतिशत) रहेको छ भने निरक्षर १२६५ (३९.१६ प्रतिशित) रहेको छ । यस क्षेत्रमा पुरुषको साक्षरता ६ वर्ष माथिको सम्पूर्ण पूरुषको जनसंख्याको ६२.९६ प्रतिशत वा संख्या

१००१ रहेको छ भने महिलाको साक्षरता ५८.७८ प्रतिशत वा संख्या ९६४ रहेको छ । निरक्षरतर्फ हेर्ने हो भने पुरुषको संख्या ५८९ (३७.०४ प्रतिशत) रहेको छ भने महिलाको संख्या ६७६ (४१.२२ प्रतिशत) रहेको छ । यस तथ्याँक अनुसार यस गा. वि. स. अर्न्तगतका विद्यालयमा अध्ययनरत कूल विद्यार्थी संख्या १०३५ रहेको छ। जसमा छात्रको संख्या ४९४ वा ४७.६८ प्रतिशत र छात्राको संख्या ५४१ वा ५२.३३ प्रतिशत रहेको छ। यस्तै कक्षा दोहोर्‍याउने विद्यार्थी संख्या छात्रा ७० र छात्र ७२ गरि जम्मा १४२ रहेको छ। जातिगत आधारमा हेर्ने हो भने जम्मा विद्यार्थी भर्ना संख्या १०३५ मध्ये दलित ४३० र जनजाति ३८२ रहेका छन्। यस्तै यस क्षेत्रमा विद्यालय नजानेको संख्या शून्य रहेको छ।

यस गा. वि. स. मा कुल ७ वटा विद्यालयहरु रहेका छन्। जस मध्ये १ मा. वि. १ नि. मा. वि. र ५ प्रा. वि. रहेका छन्। माथिका विभिन्न तथ्यहरुको आधारमा यस गा. वि. स. को् शैक्षिक अवस्था सन्तोषजनक रहेको छ।

# अध्यायः पाँच

# उत्तरदाता तथा तिनिहरुका परिवारको सामान्य परिचय

अनुसन्धान सोधपत्रको यस भागमा अनुसन्धानको निमित्त अध्ययन क्षेत्रबाट नमूनाको रुपमा छनौट भएका उत्तरदाता र तिनिहरुका परिवारको जनसांख्यिक, सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाको बारेमा सामान्य परिचय प्रस्तुत गरिएको छ ।

**५.१ जनसाँख्यिक अवस्था :**

अध्ययनक्षेत्रबाट नमूनाको रुपमा चयन भएका ४२ वटा परिवारमा कूल जनसँख्या २३२ रहेको छ । यस जनसंख्यामा पुरुष र महिलाबिचको जनसंख्यामा खासै भिन्नता रहेको छैन । जसअनुसार पुरुषको जनसंख्या ११५ र महिलाको जनसंख्या ११७ रहेको छ । यसमा पुरुषको जनसंख्या भन्दा महिलाको जनसंख्या मात्र २ ले बढि छ । छनौट भएका उत्तरदाताहरु तथा उनीहरु रहेको परिवारका जनसांख्यिक पक्षसँग सम्बन्धित विभिन्न तथ्यहरुको यहाँ चर्चा गरिएको छ ।

**क) वार्डगत आधारमा जनसंख्याको वितरण**

बाग्लुङ्ग जिल्लाको धम्जा गा. वि. स. अध्ययनक्षेत्र रहेको यस अनुसन्धानमा छनौट हुन आएका ३ वटा वार्डहरु, वार्ड नं. १, ८ र ९ बाट ४२ वटा परिवारलाई नमूना चयन गरि उक्त परिवारबाट नै उत्तरदाताको निर्धारण गरिएको हुँदा यहाँ उक्त छनौट भएका परिवारको जनसँख्यालाई बसाइको आधारमा वार्डगत विभाजन गरिएको छ ।

तालिका नं. ५.१ उत्तरदाता र उनीहरुका परिवारको जनसंख्याको वार्डगत विवरण

| क्र. सं. | विवरण | वार्ड नं. १ | | | वार्ड नं. ८ | | | वार्ड नं. ९ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | उत्तरदाताका परिवारको जनसंख्या | ३७ | ५६ | ९३ | ४४ | ३३ | ७७ | ३४ | २८ | ६२ | ११५ | ११७ | २३२ |
| २ | उत्तरदाताको संख्या | ० | १७ | १७ | ० | १४ | १४ | ० | ११ | ११ | ० | ४२ | ४२ |

श्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका नं. ५.१ अनुसार छनौट भएका ४२ परिवारको कुल जनसंख्यालाई वार्डगत रुपमा हेर्दा वार्ड नं. १ मा धेरै जनसंख्या रहेको देखिन्छ । उक्त वार्डको कूल जनसंख्या ९३ मध्ये पुरुषको जनसंख्या ३७ रहेको छ भने महिलाको जनसंख्या पुरुषको भन्दा १९ ले बढी वा ५६ रहेको छ । कुल ७७ जनसंख्या रहेको वार्ड नं. ८ मा पुरुषको जनसंख्या ४४ र महिलाको जनसंख्या ३३ रहेको छ । पुरुषको जनसंख्या ३४ र महिलाको जनसंख्या २८ रहेको वार्ड नं. ९ को जनसंख्यामा भने महिला र पुरुष बीच तुलनात्मक रुपमा कम भिन्नता रहेको छ । छनौट भएका परिवारको कुल जनसंख्या ६२ रहेको यो वार्ड नं. ९ उक्त ३ वार्ड मध्ये कम जनसंख्या भएको वार्ड हो । उत्तरदातातर्फ हेर्ने हो भने प्रत्येक परिवारबाट १/१ जना महिला उत्तरदाता छनौट गरिएको हुँदा उनीहरुको संख्या  वार्ड नं. १ मा १७, वार्ड नं. ८ मा १४ र वार्ड नं. ९ मा ११ रहेको छ ।

**ख) उमेरको आधारमा जनसंख्याको वितरण**

नमूना चयन भएका परिवारमा विभिन्न उमेर समूहको जनसंख्या रहेको छ । भने उत्तरदाताको पनि उमेरमा एकरुपता छैन । त्यसैले यहाँ उत्तरदाताहरु तथा उनीहरुका परिवारको कूल जनसंख्यालाई उमेरको आधारमा विभिन्न समूहमा विभाजन गरी विश्लेषण गरिएको छ ।

तालिका नं. ५.२ उमेरको आधारमा उत्तरदाता र उनीहरुको परिवारको जनसांख्यिक विवरण

| क.सं. | उमेर समुह | उत्तरदाका भएका परिवार | | उत्तरदाताहरु | |
|---|---|---|---|---|---|
| | | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| १ | ०–५ | २६ | ११.२१ | ० | ० |
| २ | ६–१० | ३३ | १४.२२ | ० | ० |
| ३ | ११–१५ | ३१ | १३.३६ | ४ | ९.५२ |
| ४ | १६–२४ | ४५ | १९.४० | १३ | ३०.९५ |
| ५ | २५–४५ | ५६ | २४.१४ | १८ | ४२.८६ |
| ६ | ४६–६० | २८ | १२.०७ | ४ | ९.५२ |
| ७ | ६१–७० | ११ | ४.७४ | २ | ४.७६ |
| ८ | ७० माथि | २ | ०.८६ | १ | २.३८ |
| जम्मा | | २३२ | १०० | ४२ | १०० |

श्रोत: स्थलगत अध्ययन २०६७

तालिका नं. ५.२ ले २५–४५ वर्षको वर्गभित्र पर्ने जनसंख्या सर्वाधिक रहेको देखाएको छ । यसै उमेरका उत्तरदाता पनि सर्वाधिक रहेका छन् । यस वर्षको जनसंख्या उक्त तालिका अनुसार ५६ (२४.१४ प्रतिशत) रहेको छ भने उत्तरदाताको संख्या १८ (४२.८६ प्रतिशत) रहेको छ । नमूनाको रुपमा चयन भएका माथिका परिवारमा १६–२४ वर्षको जनसंख्या ४५ रहेको छ । यस उमेरसमूहबाट १३ जना वा ३०.९५ प्रतिशत  उत्तरदाता छनौट भएकाछन । यहाँ ४६–६० र ६१–७० वर्षको जनसंख्या क्रमशः २८ (१२.०७ प्रतिशत) र ११ (४.७४ प्रतिशत) रहेको छ भने सो उमेर समूह भित्र पर्ने उत्तरदाताको संख्या क्रमशः ४ (९.५२ प्रतिशत) र २ (४.७६ प्रतिशत) रहेको छ । ०–५ र ६–१० वर्ष समूहको जनसंख्या क्रमशः २६ (११.२१ प्रतिशत) र ३३ (१४.२२ प्रतिशत) रहेको छ । यस वर्ष समूहबाट कुनै पनि उत्तरदाता रहेका छैनन् । जसको कारण १२ वर्ष भन्दा कम उमेरका महिलालाई उत्तरदाताको रुपमा नलिइनु हो । यस्तै ११–१५ वर्षको जनसंख्या ३१ (१३.३६ प्रतिशत) रहेको छ भने उत्तरदाताको संख्या मात्र ४ (९.५२ प्रतिशत) रहेको छ , यसको कारण पनि १२ वर्ष भन्दा कम उमेरका महिलालाई उत्तरदाताको रुपमा नलिइनु हो । २ (०.८६ प्रतिशत) जनाको मात्र जनसंख्या भएको ७० भन्दा माथि वर्ष समूहबाट पनि १ (२.३८ प्रतिशत) जना मात्र उत्तरदाता छनौट भएका छन् ।

**ग) लिङ्गको आधारमा जनसंख्याको वितरण**

पारिवारिक सर्वेक्षणको क्रममा छनौट भएका परिवारका महिला र पुरुष दुवैको जनसंख्यालाई लिइएको छ । लैङ्गिक आधारमा यिनीहरुको जनसंख्याको विवरण निम्नानुसार रहेको छ ।

तालिका नं. ५.३ लिङ्गको आधारमा उत्तरदाताका परिवारको जनसांख्यिक विवरण

| क्र. सं. | लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ११५ | ४९.५७ |
| २ | महिला | ११७ | ५०.४३ |
| जम्मा | | २३२ | १०० |

श्रोत : स्थलगत अध्ययन, २०६७

यस तालिका नं. ५.३ अनुसार नमूना चयनमा परेका परिवारमा कूल २३२ जनसंख्या रहेकोमा पुरुषको जनसंख्या ११५ रहेको छ भने महिलाको जनसंख्या ११७ रहेको छ । उक्त

जनसंख्यामा पुरुषको जनसंख्याले सम्पूर्ण जनसंख्याको ४९.५७ प्रतिशत र महिलाको जनसंख्याले ५०.४३ प्रतिशत स्थान ओगटेको छ ।

**घ) वैवाहिक अवस्थाको आधारमा जनसंख्याको विवरण**

उत्तरदाता र उनीहरुको परिवारका सदस्यहरु विवाहित, अविवाहित तथा विधवा, विधुर अवस्थामा रहेका छन् । यहाँ विवाहको आधारमा उत्तरदाताहरुको जनसांख्यिक अवस्थाको विश्लेषण गरिएको छ ।

तालिका नं. ५.४ वैवाहिक अवस्थाको आधारमा उत्तरदाता र उनीहरुका परिवारको जनसांख्यिक विवरण

| क्र.सं. | लिङ्ग | अवस्था | उत्तरदाताका परिवारका सदस्यको वैवाहिक अवस्था | | | उत्तरदाताको वैवाहिक अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | विवाहित | अविवाहित | विधवा/ विधुर | विवाहित | अविवाहित | विधवा |
| १ | पुरुष | जनसंख्या | ६४ | ४९ | २ | ० | ० | ० |
| | | प्रतिशत | ५५.६५ | ४२.६१ | १.७३ | ० | ० | ० |
| २ | महिला | जनसंख्या | ७१ | ४३ | ३ | २५ | १६ | १ |
| | | प्रतिशत | ६०.६८ | ३६.७५ | २.५६ | | | |
| जम्मा | | जनसंख्या | १३५ | ९२ | ५ | २५ | १६ | १ |
| | | प्रतिशत | ५८.१९ | ३९.६६ | २.१६ | ५९.५२ | ३८.०९ | २.३८ |

श्रोत : स्थलगत अध्ययन २०६७

तालिका नं. ५.४ अनुसार कूल २३२ जनसंख्या मध्ये विवाहित पुरुष ६४ (सम्पूर्ण पुरुष जनसंख्याको ५५.६५ प्रतिशत) जना र विवाहित महिला ७१ (सम्पूर्ण महिला जनसंख्याको ६०.६८ प्रतिशत) रहेका छन् । कुल विवाहित जनसंख्या १३५ (सम्पूर्ण जनसंख्याको ५८.१९ प्रतिशत) रहेको यस क्षेत्रमा विवाहित मध्येको ३ जना विधवा र २ जना विधुर रहेका छन् । यस तालिका अनुसार अविवाहितको जनसंख्या ९२ (सम्पूर्ण जनसंख्याको ३९.६६ प्रतिशत) रहेकोमा ४९ पुरुष र ४३ महिला रहेका छन् । यहाँ विवाहितमा पुरुष भन्दा १० जना महिलाहरु बढी देखिन्छन् । उत्तरदातातर्फ हेर्ने हो भने कुल उत्तरदाताहरु ५९.५२ प्रतिशत वा २५ जना उत्तरदाता विवाहित रहेका छन् । अविवाहित उत्तरदाताको संख्या ३८.०९ प्रतिशत वा १६ रहेको छ भने १ (२.३८ प्रतिशत) विधवा उत्तरदाताहरु रहेका छन् ।

ङ) **आकारको आधारमा उत्तरदाताका परिवारको वितरण**

उत्तरदाताका ४२ परिवारलाई सदस्य संख्याको आधारमा विभिन्न वर्गमा विभाजन गरिएको छ , जुन निम्न तालिका नं. ५.५ अनुसार रहेको छ ।

तालिका नं. ५.५ आकारको आधारमा उत्तरदाताका परिवारको विवरण

| परिवार सदस्य संख्या | ३ जना | ४ जना | ५ जना | ६ जना | ७ जना | ८ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| परिवार संख्या | ३ | १४ | १२ | ८ | ४ | १ | ४२ |
| प्रतिशत | ७.१४ | ३३.३३ | २८.५७ | १९.०५ | ९.५२ | २.३८ | १०० |

श्रोत : स्थलगत अध्ययन २०६७

यस तालिका नं. ५.५ अनुसार उत्तरदाताका परिवारहरुमा ३ जना देखि ८ जनासम्म सदस्य रहेका छन् । जसमध्ये ४ जना सदस्य संख्या भएका परिवारहरु अधिक १४ वटा (३३.३३ प्रतिशत) रहेका छन् भने ५ जना सदस्य भएका परिवार १२ वटा र ६ जना सदस्य संख्या भएका परिवार ८ वटा रहेका छन् । यी परिवारहरुले सम्पूर्ण सदस्य संख्याको क्रमशः १९.०५ प्रतिशत र ९.५२ प्रतिशत स्थान ओगटेका छन् । त्यसैगरी ७ जना सदस्य संख्या रहेका ४ ( ९.५२ प्रतिशत) परिवारहरु छन् । उत्तरदाताका परिवार मध्ये ३ जना सदस्य र ८ जना सदस्य भएका परिवार ३ र १ वटा (७.१४, २.३८ प्रतिशत) रहेका छन ।

च) **परिवारको प्रकारका आधारमा उत्तरदाताका परिवारको वितरण**

उत्तरदाताका परिवारहरु एकात्मक र संयुक्त दुवै प्रकृतिका रहेका छन् तर वृहत परिवार भने छैनन् । परिवारको प्रकारका आधारमा उत्तरदाताका परिवारहरुको विवरण निम्न तालिका अनुसार रहेको छ ।

तालिका नं. ५.६ परिवारको प्रकारका आधारमा उत्तरदाताका परिवारको विवरण

| क्र. सं. | परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक परिवार | २९ | ६९.०५ |
| २ | संयुक्त परिवार | १३ | ३०.९५ |
| ३ | वृहत परिवार | ० | ० |
| जम्मा | | ४२ | १०० |

स्रोत : स्थलगत अध्ययन २०६७

तालिका नं. ५.६ अनुसार छनौट भएका परिवारमा एकात्मक र संयुक्त परिवार बिच धेरै भिन्नता रहेको देखिन्छ । यो संख्या एकात्मकको २९ परिवार र संयुक्तको १३ परिवार रहेको छ । प्रतिशतको हिसाबले एकात्मक परिवारले ६९.०५ प्रतिशत र संयुक्त परिवारले ३०.९५ प्रतिशत स्थान ओगटेका छन् ।

**छ) परिवार प्रमुखको आधारमा उत्तरदाताका परिवारको वितरण**

पितृसत्तात्मक पारिवारिक ढाँचाको नेपाली समाजमा अधिकाशं परिवारका परिवार प्रमूख पूरुष रहेका छन् । एका दुई परिवारमा महिला परिवार प्रमुख भएपनि ती परिवार मातृसत्तात्मक नभई लोग्नेको मृत्यु भएको र घरमा नरहेको कारणले यसो भएको हो । परिवार प्रमुखको आधारमा गरिने विभाजनलाई यहाँ प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.७ परिवार प्रमुखको आधारमा उत्तरदाताका परिवारको विवरण

| क्र. सं. | परिवार प्रमुख | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ३१ | ७३.८१ |
| २ | महिला | ११ | २६.१९ |
| जम्मा | | ४२ | १०० |

स्रोत : स्थलगत अध्ययन २०६७

तालिका नं. ५.७ अनुसार कुल ४२ परिवारमध्ये ३१ परिवारमा पुरुष परिवार प्रमुखको रुपमा रहेका छन् भने बाँकी ११ परिवारमा मात्र महिलाहरु परिवार प्रमुखको रुपमा रहेका छन् । यो संख्या कुल परिवार संख्याको पुरुषमा ७३.८१ प्रतिशत र महिला २६.१९ प्रतिशत हुन आउछ । यहाँ महिला प्रमुख भएका परिवारमा लोग्ने जिवित नभएर महिला प्रमुख हुन पुगेका परिवार २ रहेका छन् भने ९ परिवारमा हाल लोग्ने घरमा नभएको कारणले महिला परिवार प्रमुखको रुपमा रहेका छन् ।

**५.२ सामाजिक – आर्थिक अवस्था**

यस अनुसन्धानमा नमूनाको रुपमा चयन भएका उत्तरदाता र तिनिहरुका परिवारको सामाजिक आर्थिक अवस्था समान किसिमको रहेको छैन । त्यसैले निम्न शीर्षक अन्तरगत यिनीहरुको सामाजिक आर्थिक अवस्थाको बारेमा सामान्य परिचय प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

क) जातिगत अवस्था

यस अध्ययन क्षेत्रमा विभिन्न जातजातिहरुको बसोबास रहेको छ । नमूना छनौट गर्ने क्रममा अनुसन्धानको निमित्त छनौट भएको यस क्षेत्रमा सबै जातजातिहरुको उद्देश्यमूलक ढंगले प्रतिनिधित्व हुनेगरि गराईएको छ । अनुसन्धानको निमित्त छनौट भएका उत्तरदाता र तिनिहरुका परिवारको जनसंख्या जातिगत रुपमा निम्नानुसार रहेको छ ।

तालिका नं. ५.८ जातिगत आधारमा उत्तरदाता र उनीहरुका परिवारको जनसांख्यिक विवरण

| क्र.सं. | जातजाति | उत्तरदाताका परिवारको जनसंख्या | | उत्तरदाताहरुको जनसंख्या | |
|---|---|---|---|---|---|
| | | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| १ | क्षेत्री | १०९ | ४६.९८ | २१ | ५० |
| २ | मगर | ७८ | ३३.६२ | १३ | ३०.९५ |
| ३ | विश्वकर्मा | ४१ | १७.६७ | ७ | १६.६७ |
| ४ | दर्जि | ४ | १.७२ | १ | २.३८ |
| जम्मा | | २३२ | १०० | ४२ | १०० |

स्रोत : स्थलगत अध्ययन २०६७

माथिको तालिका ५.८ अनुसार क्षेत्री समुदायको जनसंख्या सवैभन्दा बढी रहेको छ । कुल १०९ जनसंख्या भएको क्षेत्रीले सम्पूर्ण जनसंख्याको ४६.९८ प्रतिशत स्थान ओगटेको छ भने यस जातिबाट उत्तरदाताको रुपमा छनौट भएका २१ महिलाले ५० प्रतिशत स्थान ओगटेका छन् । यस तालिका अनुसार मगर दोस्रो ठूलो जनसंख्या भएको जाति हो । जसको जनसंख्या ७८ (३३.६२ प्रतिशत) रहेको छ , भने उत्तरदाता पनि सम्पूर्ण उत्तरदाताको ३०.९५ प्रतिशत वा १३ जना चयन भएका छन् । विश्वकर्मा उक्त तालिकाको आधारमा तेस्रो ठूलो जाति हो । जसले कुल जनसंख्याको १७.६७ प्रतिशत स्थान ओगटेको छ । यस जातिको जनसंख्या ४१ रहेको छ , भने उत्तरदाता ७ जना (१६.६७ प्रतिशत) रहेका छन् । यस तालिका अनुसार दर्जि जनसंख्या र उत्तरदाता दुबैको हिसाबले अन्तिमा रहेको छ । यस जातिको जनसंख्या ४ जना (१.७२ प्रतिशत) रहेका छन् , भने उत्तरदाता १ जना (२.३८ प्रतिशत) चयन गरिएको छ ।

## ख) पेशागत अवस्था

यस क्षेत्रमा बसोबास गर्ने मानिस विभिन्न पेशामा संलग्न रहेको पाइन्छ तर पनि यहाँका कृषि बाहेक अन्य पेशामा संलग्न मानिसहरु अन्य पेशामा मात्र विशुद्ध रुपमा सिमित नरही कृषि पेशामा  समेत संलग्न देखिन्छन् । घरभन्दा बाहिर रहेर विभिन्न पेशा अंगालेर बसेकाहरु भने कृषि पेशामा वर्तमानमा प्रत्येक्ष रुपमा संलग्न नभए पनि अप्रत्यक्ष रुपमा संलग्न नै देखिन्छन् । फेरि यो संख्या त्यति ठूलो पनि छैन । त्यसैले कृषि यहाँको मुख्य पेशा हो । पेशाअनुसार छनौट भएका उत्तरदाता र उनीहरुका परिवारहरुको जनसांख्यिक विवरण निम्नानुसार दिइएको छ ।

तालिका नं. ५.९ पेशा अनुसार उत्तरदाता र उनीहरुका  परिवारको जनसांख्यिक विवरण

| पेशा | कृषि | अध्ययन | नोकरी | व्यापार | गृहिणी | ज्याला मजदुरी | वैदेशिक रोजगार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| उत्तरदाताका परिवारको जनसंख्या | ५८ | ४३ | २७ | ६ | ३४ | १७ | ४७ | २३२ |
| प्रतिशत | २५ | १८.५३ | ११.६४ | २.५९ | १४.६६ | ७.३३ | २०.२६ | १०० |
| उत्तरदाताको संख्या | १० | १२ | ७ | १ | ८ | ४ | – | ४२ |
| प्रतिशत | २३.८१ | २८.५७ | १६.६७ | २.३८ | १९.०५ | ९.५२ | – | १०० |

स्रोत स्थलगत अध्ययन २०६७

माथिको तालिका नं. ५.९ अनुसार उत्तरदाताका परिवारमा कृषिमा संलग्न जनसंख्या सर्वाधिक देख्न सकिन्छ , जस अनुसार कुल २३२ जनसंख्या मध्ये ५८ जना (२५ प्रतिशत) व्यक्तिहरु कृषिमा संलग्न रहेका छन् । भने केहि कृषि पेशामा संलग्न महिलाहरु पनि आंशिक रुपमा औपचारिक शिक्षामा तथा केहि अनौपचारिक शिक्षामा संलग्न रहेका छन् । ४७ जना वा २०.२६ प्रतिशत मानिसहरु वैदेशिक रोजगार पेशामा संलग्न छन् भने वैदेशिक रोजगार र कृषि पेशामा संलग्न बाहेक अन्य पेशामा संलग्न व्यक्तिहरुको संख्या भने कम रहेको छ । जसअनुसार नोकरीमा २७ जना (११.६४ प्रतिशत), व्यापारमा ६ जना (२.५९ प्रतिशत), गृहिणी ३४ जना ( १४.६६ प्रतिशत), ज्याला मजदुरीमा १७ जना (७.३३ प्रतिशत) र अध्ययनमा ४३ जना वा १८.५३ प्रतिशत संलग्न रहेका छन् । उत्तरदाताको पेशालाई हेर्ने हो भने १० जना वा २३.८१

प्रतिशत कृषिमा संलग्न रहेका छन् । अध्ययन पेशामा १२ जना वा २८.५७ उत्तरदाता संलग्न रहेका छन् । त्यसैगरि नोकरीमा ७ जना वा १६.६७ प्रतिशत, व्यापार र ज्याला मजदुरीमा १/४ जना वा २.३८/९.५२ प्रतिशत उत्तरदाताहरु चयन गरिएको छ । बाँकी ८ जना वा १९.०५ प्रतिशत महिलाहरु विशुद्ध रुपमा गृहिणीलाई चयन गरिएको छ ।

**ग) आर्थिक अवस्था**

अनुसन्धानको निमित्त चयन हुन आएका उत्तरदाताहरुको पारिवारिक आर्थिक अवस्था समान किसिमको रहेको छैन । त्यसैले यहाँ उनीहरुको प्रतिनिधित्व गरेका परिवारको आर्थिक अवस्थाको सम्बन्धमा सामान्य चिनारी प्रस्तुत गरिएको छ ।

**अ) घरको अवस्था**

उत्तरदाताका सम्पूर्ण घरहरु ढुङ्गा, माटो र काठले बनेका छन् । यहाँका घरको आकार, प्रकार र बनौटको आधारमा घरको स्तर निर्धारण गर्न सकिन्छ । यहाँ साना खरका घर देखि लिएर ढुंगा, माटो र काठले बनेका स्तरीय र उच्चकोटीका घरहरु पनि रहेका छन् । यहाँका घरको छानाको आधारमा  घरको विभाजन गरी हेर्न सकिन्छ, जुन विभाजन निम्नानुसार प्रस्तुत गरिइएको छ ।

तालिका नं. ५.१० छानाको आधारमा उत्तरदाताहरुका घरहरुको विभाजन

| क्र.सं. | छाना | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खरको छाना | ८ | १९.०५ |
| २ | टिनको छाना | ५ | ११.९ |
| ३ | ढुंगाको छाना | २९ | ६९.०५ |
| जम्मा | | ४२ | १०० |

श्रोत : स्थलगत अध्ययन २०६७

माथिको तालिका ५.१० अनुसार यस क्षेत्रमा अत्यधिक घरहरुमा ढुङ्गाको छाना रहेको छ । कुल २९ घरहरुमा भएका यस्ता छानाले ६९.०५ प्रतिशत स्थान ओगटेका छन् । उत्तरदाता भएका परिवारमा ८ वटा खरको छाना भएका र ५ वटा टिनको छाना भएका घर छन् भने यिनिहरुको प्रतिशत सम्पूर्ण घर संख्याको क्रमशः १९.०५ र ११.९ रहेको छ । यस क्षेत्रमा ढुंगा र टिनको छाना भएका घरहरु उच्चकोटीका मानिन्छन् भने खरको छानो भएका घर सबैभन्दा निम्नकोटीको मानिन्छ ।

## आ) खानाको पर्याप्तता

अध्ययन क्षेत्रका उत्तरदाताको परिवारमा जग्गा जमिनको वितरण समान प्रकृतिको छैन । अधिकाशं मानिसहरु कृषक नै भएपनि आधाभन्दा बढी परिवारलाई आफ्नो जमिनबाट प्राप्त खाद्यान्नले खान सम्म पनि पुग्दैन । त्यसैले आफ्नो जग्गा जमिनबाट प्राप्त उत्पादनले खान पुग्ने नपुग्ने आधारमा यहाँ उत्तरदाताका परिवारको निम्नानुसार विभाजन गरिएको छ ।

तालिका नं. ५.११ आफ्नो जग्गा जमिनबाट प्राप्त उत्पादनले उत्तरदाताको परिवारमा खानाको पर्याप्तता सम्बन्धी विवरण

| क्र.सं. | खानाको पर्याप्तता | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ महिनासम्म खान पुग्ने | ९ | २१.४३ |
| २ | ३ देखि ६ महिनासम्म खान पुग्ने | १८ | ४२.८६ |
| ३ | ६ देखि ९ महिनासम्म खाना पुग्ने | ८ | १९.०५ |
| ४ | ९ देखि १२ महिनासम्म खान पुग्ने | ५ | ११.९ |
| ५ | आफ्नो उत्पादनबाट खान पुगेर बेचविखन गर्ने परिवार | २ | ४.७६ |
| जम्मा | | ४२ | १०० |

श्रोतः स्थलतग अध्ययन २०६७

माथिको तालिकाको आधारमा अध्ययन क्षेत्रका ५ परिवार अथवा ११.९ प्रतिशत परिवार मात्र आफ्नो उत्पादनले वर्षभरि खान पाउँछन् भने बाँकी ३७ अथवा ८८.०९ प्रतिशतलाई वर्षभरि पनि खान पुग्दैन । यसमध्ये पनि ९ परिवार वा सम्पूर्ण परिवारको २१.४३ प्रतिशत परिवारलाई त जम्मा ३ महिना सम्म मात्र खान पुग्ने अवस्था रहेको छ भने त्यो भन्दा कम वा ८ परिवारहरुलाई ९ महिनासम्म मात्र खान पुग्छ । उत्तरदाताका परिवारमध्ये १८ परिवारलाई ६ महिनासम्म मात्र खान पुग्ने अवस्थामा छन् । खान पुग्ने ७ परिवारमध्ये ५ परिवार वा ११.९ प्रतिशतलाई केबल ठिक्क १ वर्षसम्म खान पुग्ने अवस्था छ भने केबल २ परिवारलाई मात्र खान पुगेर बेचविखन गर्न पुग्न अवस्था रहेको छ । यसरी उत्तरदाताका परिवारले उत्पादन गर्ने खाद्यान्नले छनौट भएका सम्पूर्ण जनसंख्यालाई औषत सात महिना सम्म मात्र खान पुग्ने देखिन्छ ।

## इ) आर्थिक वर्ग

उत्तरदाताका परिवारको आर्थिक अवस्थाको आधारमा तिनिहरुलाई निम्न, निम्नमध्यम, मध्यम र उच्च गरी ४ तहमा विभाजन गरिएको छ । यसरी वर्ग विभाजन बार्षिक आम्दानी र

कृषि उत्पादनका आधारमा गरिएको छ । औषतमा प्रतिपरिवार प्रतिमहिना रु. ५ हजार खाद्यन्न खर्च लाग्ने आधारमा कृषि उत्पादनलाई नगद आम्दानिमा जोडिएको छ । जस अनुसार १२ महिना खान पुग्ने कृषि उत्पादन भएको परिवारको बार्षिक आम्दानिमा रु. ६० हजार कृषि तर्फबाट जोडि जम्मा आम्दानि गणना गरिएको छ । वर्ग वर्गिकरणका लागि बार्षिक आम्दानि रु. ५० हजार भन्दा कम हुनेलाई निम्न वर्ग, रु. ५० हजार देखि २ लाखसम्म हुनेलाई निम्न मध्यम वर्ग, २ लाख देखि ४ लाखसम्म हुनेलाई मध्यम वर्ग र ४ लाख भन्दामाथि हुनेलाई उच्च वर्गमा राखिएको छ ।

तालिका नं. ५.१२ : आर्थिक वर्गको आधारमा उत्तरदाताका परिवारको विभाजन

| क.सं. | वर्ग | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उच्च वर्ग | ५ | ११.९ |
| २ | मध्यम वर्ग | १९ | ४५.२४ |
| ३ | निम्न मध्यम वर्ग | १० | २३.८ |
| ४ | निम्न वर्ग | ८ | १९.०५ |
| जम्मा | | ४२ | १०० |

श्रोत : स्थलगत अध्ययन २०६७

माथिको तालिका नं. ५.१२ अनुसार उत्तरदाताका परिवारमध्ये सबैभन्दा बढी मध्यम वर्गका परिवार रहेका छन् । सामान्यतयाः यो वर्गमा पर्ने परिवारको संख्या १९ रहेको छ । यस्तै निम्न मध्यम वर्गमा पर्ने परिवार संख्या १० रहेको छ, भने निम्न वर्गमा ८ परिवार संख्या रहेका छन् । यस्तैगरी उच्च वर्गमा पर्ने परिवार संख्या कम रहेको छ । यस वर्गमा पर्ने परिवार संख्या ५ रहेको छ । यसरी समग्रमा बहुसंख्यक परिवार मध्यम वर्गमा रहेको देखिन्छ ।

**ई) शैक्षिक अवस्था**

उत्तरदाताका परिवारको शैक्षिक अवस्था खासै सन्तोष जनक रहेको छैन, त्यसमा पनि पुरुष र महिला बीचको यो दूरी फराकिलो रहेको छ । महिलाहरुको शैक्षिक अवस्था सम्बन्धी विस्तृत जानकारी पछिल्लो अध्याय ६ मा उल्लेख गरिएको हुदा यस अध्यायमा भने केवल उत्तरदाता र उनीहरुको शैक्षिक अवस्थाको बारेमा संक्षेपमा उल्लेख गरिएको छ ।

उत्तरदाता रहेका परिवारमा महिला ११७ र पुरुष ११५ गरी जम्मा २३२ जनसंख्या रहेको भएपनि सामान्यतयाः ६ वर्ष पूर्वको जनसंख्या साक्षर रहने संभावना नहुनेहुदा यस प्रयोजनको

निम्ति ६ वर्ष माथिको जनसंख्यालाई मात्र लिइएको छ, जसमा पुरुषको संख्या १०१ र महिलाको संख्या १०५ रहेको छ । यस आधारमा उत्तरदाताका परिवारको साक्षरता वा शैक्षिक अवस्था निम्नानुसार रहेको छ ।

तालिका नं. ५.१३ उत्तरदाताका परिवारको शैक्षिक स्थिति (६ वर्ष माथि)

| क्र.सं. | लिङ्ग | साक्षर | | निरक्षर | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या |
| १ | महिलाा | ५६ | ५३.३३ | ४९ | ४६.६७ | १०५ |
| २ | पुरुष | ८२ | ८१.१९ | १९ | १८.८१ | १०१ |
| जम्मा | | १३८ | ६६.९९ | ६८ | ३३ | २०६ |

श्रोत: स्थलगत अध्ययन २०६७

माथिको तालिका ५.१३ अनुसार उत्तरदाताका यी परिवारमा ६ वर्ष माथिका ८२ पुरुष साक्षर र १९ निरक्षर रहेका छन् । भने महिलाहरु ५६ साक्षर र बाँकी ४९ निरक्षर रहेका छन् । यहाँ पुरुषको साक्षरता दर ८१.१९ प्रतिशत रहेको छ भने १८.८१ प्रतिशत निरक्षर रहेका छन् । यस्तै महिलाहरुको साक्षरता दर ५३.३३ प्रतिशत रहेको छ भने ४६.६७ प्रतिशत निरक्षर रहेका छन् । यस आधारमा हेर्दा महिला र पुरुषबिचको साक्षरता दरमा धेरै भिन्नता रहेको छ । यस तथ्याँक अनुसार हेर्दा अझैपनि महिलाहरुको शैक्षिक अवस्था न्यून रहेको देखिन्छ ।

नमूनाको रुपमा चयन भएका उत्तरदाताहरु महिला नै भएकोले र उनीहरुको समग्र शैक्षिक स्थितिको बारेमा परिवारको शैक्षिक स्थितिको चर्चा गर्ने क्रममा पनि उल्लेख भई सकेको छ तर उनीहरुको छुटै रुपमा शैक्षिक मुल्याङ्कन गर्नु यहाँ आवश्यक रहेकाले उत्तरदाताहरुको साक्षरता तथा शैक्षिक स्थितिको निम्नानुसार चर्चा गरिएको छ ।

तालिका नं. ५.१४: छनौट भएका उत्तरदाताहरुको साक्षरता तथा शैक्षिक स्थिति

| क्र.सं. | शैक्षिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १४ | ३३.३३ |
| २ | साक्षर | २८ | ६६.६७ |
| जम्मा | | ४२ | १०० |

श्रोत: स्थलगत अध्ययन २०६७

माथिको तालिका नं. ५.१४ अनुसार छनौट भएका उत्तरदाताहरु मध्ये १४ जना उत्तरदाताहरु निरक्षर वा लेखपढ गर्न सक्दैनन् भने २८ जना उत्तरदाताहरु साक्षर र उच्च शिक्षित रहेका छन् । यिनीहरुको प्रतिशत क्रमशः ३३.३३ र ६६.६७ रहेको छ ।

# अध्याय: छ

# अध्ययन क्षेत्रमा महिलाहरुको शैक्षिक अवस्था

यस अध्यायअर्न्तगत अध्ययन क्षेत्रमा महिलाको शैक्षिक अवस्था के कस्तो रहेछ भन्ने सवालमा विस्तृत चर्चा गरिएको छ । यस क्रममा जिल्लाको शैक्षिक अवस्था, अध्ययन क्षेत्र धम्जा गा. वि. स. मा महिलाको शैक्षिक अवस्था छनौट हुन आएका परिवारमा महिलाको शैक्षिक अवस्था तथा उत्तरदाताको शैक्षिक अवस्था जस्ता कुराहरुको बारेमा विश्लेषण गरिएको छ ।

## ६.१ बाग्लुङ्ग जिल्लाको शैक्षिक अवस्था

देशका शहरी क्षेत्रमा विभिन्न अर्न्तर्राष्ट्रिय स्तरका शिक्षण संस्थाको होडवाजी भईरहेको परिस्थितिमा पनि यस जिल्लामा सरकारी माध्यमिक विद्यालयहरु पनि प्रत्येक गा. वि. स. मा स्थापना हुन सकेका छैनन् । यस जिल्लामा ५९ गा. वि. स. रहेका भए पनि मा. वि.हरुको संख्या भने ५१ मात्र रहेको छ । भएका मा. वि. को पनि समानुपातिक वितरण हुन नसकी कतिपय गा. वि. स. मा २/२ वटा मा. वि. स्थापना भएका छन् भने कतिपय गा. वि. स.मा एउटा सम्म पनि मा. वि. स्थापना हुन सकेको छैन । प्रत्येक वार्डमा कम्तिमा पनि १/१ प्रा. वि. रहने नेपाल सरकारको नीति रहेपनि यस जिल्लामा जम्मा ३६६ वटा मात्र प्राथमिक विद्यालयहरु रहेका छन् । नि. मा. वि. को संख्या ४८ मात्र रहेको यस जिल्लामा १८ वटा उच्च मा. वि., ४ वटा त्रि. वि. अर्न्तगतका क्याम्पस रहेका छन् (बाग्लुङ्ग जिल्ला पार्श्वचित्र, २०६२) ।

बाग्लुङ्ग जिल्लाको कूल साक्षरता ६१.७० प्रतिशत रहेको छ भने बाँकी ३८.३ प्रतिशत निरक्षर रहेका छन् । त्यसैगरी जिल्लाको कुल साक्षरता ६१.७० मध्ये पुरुष ७३.१० प्रतिशत र महिला केबल ५२.३० मात्र साक्षर रहेका छन् (बाग्लुङ्ग जिल्ला पार्श्वचित्र, २०६२) । यस जिल्लामा प्राथमिक विद्यालयमा कुल भर्नादरमा छात्र ४६.६० प्रतिशत र छात्रा ४२.७० प्रतिशत रहेको छ । प्राथमिक विद्यालयमा खुद भर्नादरमा छात्र ८१.४० प्रतिशत र छात्रा ७९.८० प्रतिशत रहेको छ । कक्षा १ मा भर्ना भइ कक्षा ५ पुग्नेको अनुपात ५२.३२ प्रतिशत रहेको छ ( श्रोत: जिल्ला शिक्षा कार्यलय बाग्लुङ्ग, २०६२) । यस्तै शिक्षक विद्यार्थी अनुपात प्राथमिक विद्यालयमा १:३३, निम्न माध्यमिक विद्यालयमा १:५७ र माध्यमिक विद्यालयमा १:२५ रहेको छ ।

यस जिल्लामा प्राथमिक विद्यालय, निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयमा कुल भर्नादर क्रमशः ४४.५९, ८५.७६ र ४७.५३ प्रतिशत रहेको छ । लिङ्ग अनुसार सबै तहमा विद्यार्थी संख्या प्राथमिक विद्यालयमा छात्र २८२२९ र छात्रा २८१८५ गरी जम्मा ५३९४२ रहेको छ, भने निम्न माध्यमिक विद्यालयमा छात्र ९३८८ र छात्रा ५६५९ गरी जम्मा १८७४७ रहेको छ । यस्तै माध्यमिक विद्यालयमा जम्मा विद्यार्थी संख्या ७८७९ रहेकोमा महिला ४०३२ र पुरुष ४२९९ रहेका छन् (जिल्ला शिक्षा कार्यलय बाग्लुङ्ग, २०६२) । यस जिल्लामा विभिन्न तह अनुसार शिक्षकको संख्या प्राथमिक विद्यालयमा पुरुष शिक्षक १०८२ र महिला ३०७ रहेको छ भने निम्न माध्यमिक विद्यालयमा पुरुष शिक्षक २५५ र महिला शिक्षिका जम्मा १२ रहेको छ । यस्तै माध्यमिक विद्यालयमा पुरुष शिक्षको संख्या २०७ रहेको छ भने महिला शिक्षिकाको संख्या जम्मा ४ रहेको छ (जिल्ला शिक्षा कार्यलय बाग्लुङ्ग, २०६२) ।

यस्तै यस जिल्लामा रहेका शैक्षिक संस्थाहरुको संख्यालाई हेर्ने हो भने प्राथमिक विद्यालयको संख्या ३६६ रहेको छ भने निम्न माध्यमिक विद्यालयको संख्या ४८ रहेको छ । यस्तै माध्यमिक विद्यालयहरु १८ उच्च माध्यमिक विद्यालय सहित ७१ वटा रहेका छन् भने क्याम्पसको संख्या ४ रहेको छ । यस्तै यस जिल्लामा विश्वविद्यालयको संख्या शून्य रहेको छ भने व्यवसायिक तालिम केन्द्रहरु २ वटा रहेका छन् (जिल्ला शिक्षा कार्यलय बाग्लुङ्ग, २०६२) । अन्य जिल्लाको तुलनामा यस जिल्लाको महिला साक्षरता दर ४६.११ प्रतिशत रही ४औं स्थानमा रहेको छ भने बालबालिका निरक्षरता दर ११.३८ प्रतिशत रहेको छ । यो १५ औं स्थानमा रहेको छ ।

**६.२ धम्जा गा. वि. स. मा महिलाको शैक्षिक अवस्था**

ग्रामीण क्षेत्रको आधिक्यता रहेको नेपालमा महिलाको शैक्षिक अवस्था केहि सन्तोष जनक रहेपनि ग्रामीण महिलाको अवस्था भने कमजोर रहेकाले ग्रामिण समुदाय मध्ये एक यस धम्जा गा. वि. स. का महिलाहरुको शैक्षिक अवस्था पनि कमजोर हुने नै भयो । यस क्षेत्रको शैक्षिक तथा साक्षरता स्थिति निम्न तालिका अनुसार देखाइएको छ ।

तालिका नं. ६.१: अध्ययन क्षेत्रका महिलाको साक्षरता स्थिति

| क्र.सं. | लिङ्ग | साक्षर | | निरक्षर | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| १ | पुरुष | १००१ | ६२.९६ | ५८९ | ३७.०४ | १५९० | ४९.२३ |
| २ | महिला | ९६४ | ५८.७८ | ६७६ | ४१.२२ | १६४० | ५०.७७ |
| जम्मा | | १९६५ | ६०.८४ | १२६५ | ३९.१६ | ३२३० | १०० |

श्रोत: धम्जा गाविस पार्श्वचित्र, २०६८

माथिको तालिका नं. ६.१ अनुसार यस क्षेत्रमा ६ वर्षमाथिको कुल जनसंख्या ३२३० रहेकोमा उक्त संख्याको करिब आधा जति जनसंख्या निरक्षर रहेका छन् । जसअनुसार यस गा. वि. स. मा साक्षर जनसंख्या ६०.८४ प्रतिशत वा १९६५ रहेको छ भने निरक्षर जनसंख्या ३९.१६ प्रतिशत वा १२६५ रहेका छन् । निरक्षरताको यो संख्यामा पुरुषको तुलनामा महिलाको संख्या बढी देखिन्छ । जबकी महिलाहरु उनीहरुको सम्पूर्ण जनसंख्या मध्ये ४१.२२ प्रतिशत निरक्षर रहेका छन् भने पुरुषको निरक्षरताको दर उनीहरुको सम्पूर्ण जनसंख्याको ३७.०४ प्रतिशत मात्र रहेको छ । संख्यात्मक रुपमा भन्नुपर्दा महिला ९६४ र पुरुष १००१ साक्षर रहेका छन् । साक्षरतातर्फ हेर्दा पुरुष उनीहरुकै सम्पूर्ण जनसंख्याको ६२.९६ प्रतिशत रहेका छन् । महिलाले सम्पूर्ण साक्षर जनसंख्याको ५८.७८ प्रतिशत स्थान ओगटेका छन् भने बाँकी ६२.९६ प्रतिशत स्थान पुरुषले ओगटेका छन् ।

सामान्यतया ६ वर्ष पूर्वको जनसंख्या साक्षर हुने सम्भावना कम हुनाले यस आधारमा हेर्नेहो भने धम्जा गा. वि. स.को जानकारी अनुसार २०६७ सालमा यस क्षेत्रको ६ माथिको जनसंख्या ३२३० रहेको छ । जसमा पुरुषको जनसंख्या १५९० र महिलाको संख्या १६४० रहेको छ । अध्ययन क्षेत्रका १९६५ साक्षर जनसंख्याले कुल ६ वर्ष माथिको जनसंख्याको ६०.८४ प्रतिशत स्थान ओगटछ, जहाँ पुरुष आफ्नो ६ वर्ष माथिको सम्पुर्ण जनसंख्याको ६२.९६ प्रतिशत र महिला आफ्नो सम्पूर्ण जनसंख्याको ५८.७५ प्रतिशत साक्षर हुन आउँछ ।

यस क्षेत्रको साक्षरता स्थितिमात्र होइन तहगत शैक्षिक अवस्था पनि पुरुषको तुलनामा महिलाको कमजोर रहेको छ । तह बढदै जाँदा लैंगिक खाडल झन झन फराकिलो बन्दै गएको छ । उक्त कुरालाई तलको शैक्षिक जनशक्ति सम्बन्धी तालिकाबाट हेर्न सकिन्छ ।

तालिका नं. ६.२: अध्ययन क्षेत्रमा शैक्षिक जनशक्ति सम्बन्धी विवरण

| क्र.सं. | शैक्षिक जनशक्ति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | निरक्षर | १८९ | ३८३ | ५७२ |
| २ | एस.एल.सी.वा सो सरह पास गरेका | २०२ | ११६ | ३१८ |
| ३ | प्रविणता प्रमाण पत्र वा दश जोड दुइ तह पास गरेका | ५७ | ३५ | ९२ |
| ४ | स्नातक उत्तीर्ण | ७ | २ | ९ |
| ५ | स्नातकोत्तर उत्तीर्ण | २ | ० | २ |
| ६ | विद्यावारिध हासील गरेका | १ | ० | १ |
|  | जम्मा | ४५८ | ५३६ | ९९४ |

श्रोतः धम्जा गाविस पार्श्वचित्र, २०६८

माथिको तालिका ६.२ अनुसार यस क्षेत्रको साक्षर जनसंख्यामध्ये ३१८ जना एस. एल. सी. वा सो सरह पास गरेका रहेकाछन् । जसमध्ये पुरुषको संख्या २०२ र महिलाको संख्या ११६ रहेको छ । प्रविणता प्रमाण पत्र वा दश जोड दुइ तह पास गर्ने कुल ९२ मध्ये महिलाहरु ३५ र बाँकी ५७ जना पुरुषहरु रहेका छन् । स्नातक उत्तीर्ण गर्ने कुल संख्या ९ मध्ये महिलाको संख्या २ र पुरुषको संख्या ७ रहेको छ तर स्नातकोत्तर उत्तीर्ण गर्ने २ जना मध्ये एक जना पनि महिला रहेका छैनन् । यस्तै विद्यावारिध हासील गर्ने एक जना पनि पुरुष रहेका छन् । यसरी के देखिन्छ भने शिक्षाको तह बढ्दै जाँदा त्यसमा सहभागी हुने व्यक्तिहरुको संख्या त स्वभाविक रुपमा घट्दै जान्छ त्यसमा पनि महिलाको संख्या तुलनात्मक रुपमा पुरुषको भन्दा बढी घट्ने मात्र होइन पुरुष महिला बीचको लैङ्गिक दुरी जती जती शिक्षाको स्तर बढ्दै जान्छ त्यती फराकिलो हुँदै गई माथिल्लो डिग्रीसम्म पुग्दा त महिलाको जनसंख्या करीब शून्य नै हुन जाने तथ्य माथिको तालिकाले देखाएको छ ।

पार्श्वचित्र, धम्जा का अनुसार यस गा. वि. स. मा जातिगत आधारमा शैक्षिक स्तरको विवरण निम्नानुसार रहेको छ ।

तालिका नं. ६.३ अध्ययन क्षेत्रको जातिगत आधारमा शैक्षिक स्तरको विवरण

| जातिका नाम | एस.एल.सी.वा सो सरह पास गरेका | | | दश जोड दुइ पास गरेका | | | स्नातक तह पास गरेका | | | स्नातकोत्तर तह पास गरेका | | | विद्यावारिधि हासिल गरेका | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुषा | जम्मा | महिला | पुरुष | जम्मा |
| ब्राह्मण | १२ | १३ | २५ | ११ | १० | २१ | | १ | १ | | १ | १ | | | | २३ | २५ | ४८ |
| क्षेत्री | ४४ | ७९ | १२३ | १२ | २८ | ४० | | ५ | ५ | | २ | २ | | | | ५६ | ११४ | १७० |
| ठकुरी | | ४ | ४ | | १ | १ | | | | | | | | | | | ५ | ५ |
| जनजाति | ४१ | ७८ | ११९ | ७ | १४ | २१ | २ | १ | ३ | | | | | १ | १ | ५० | ९४ | १४४ |
| दलित | १९ | २८ | ४७ | ५ | ४ | ९ | | | | | | | | | | २४ | ३२ | ५६ |
| जम्मा | ११६ | २०२ | ३१८ | ३५ | ५७ | ९२ | २ | ७ | ९ | | ३ | ३ | | १ | १ | १५३ | २७० | ४२३ |

श्रोतः धम्जा गाविस पार्श्वचित्र, २०६८

माथिको तालिका नं. ६.३ अनुसार यस गा. वि. स. मा क्षेत्री जातिको शैक्षिक स्तर बढी रहेको छ । जसमा कुल साक्षर जनसंख्या १७० मध्ये महिलाको संख्या ५६ रहेको छ भने पुरुषको ११४ रहेको छ । जस मध्ये एस. एल. सी. वा सो सरह पास गर्ने कुल जनसंख्या १२३ मध्ये महिलाको संख्या ४४ रहेको छ भने पुरुषको संख्या ७९ रहेको छ । यस्तै दश जोड दुइ पास गर्ने कुल ४० जनामा महिलाको संख्या १२ रहेको छ भने पुरुषको संख्या २८ रहेको छ । स्नातक तह पास गर्ने महिलाको संख्या शून्य रहेको छ भने पुरुषको संख्या ५ रहेको छ । यस्तै स्नातकोत्तर तह पास गर्ने पनि कुल २ जनामा दुबै पुरुष रहेका छन् । यसरी हेर्दा शैक्षिक स्तर बढ्दै जाँदा महिलाको संख्या घट्दै गएको तथ्य स्पष्ट हुन जान्छ । माथिको तथ्याँक अनुसार क्षेत्री जाति पछि जनजातिको शैक्षिक स्तर अन्य जातिको भन्दा केहि सुध्रिढ देखिन्छ । यस जातिमा कुल साक्षर जनसंख्या १४४ मध्ये महिलाको संख्या ५० रहेको छ भने पुरुषको ९४ रहेको छ । यसमा विभिन्न तहमा हेर्दा महिलाको संख्या भन्दा पुरुषको संख्या बढी रहेको छ । एस. एल. सी. वा सो सरह पास गर्ने कुल जनसंख्या ११९ मध्ये महिला ४१ जना रहेका छन् भने पुरुष ७८ जना रहेका छन् । यस्तै दश जोड दुइ पास गर्ने कुल २१ जनामा जम्मा ७ जना मात्र महिला रहेका

छन् भने बाँकी १४ जना पुरुष रहेका छन् । यस्तै स्नातक तह पास गर्ने ३ जनामा २ जना महिला रहेका छन् भने १ जना पुरुष रहेका छन् । स्नातकोत्तर तहमा महिला पुरुष दुबैको संख्या शून्य रहेको छ भने विद्यावारिधि हासिल गर्नेमा १ जना पुरुष रहेका छन् । यस्तै ब्राहमण जातिमा कुल साक्षर जनसंख्या ४८ मध्ये महिलाहरु २३ जना रहेका छन् भने २५ जना पुरुष रहेका छन् । यस जातिमा एस. एल. सी. वा सो सरह पास गर्ने कुल जनसंख्या २५ जनामा महिलाहरु १२ जना र पुरुष १३ जना रहेका छन् । यस्तै दश जोड दुइ पास गर्ने कुल २१ जनामा महिलाको संख्या ११ र पुरुषको संख्या १० रहेको छ । यस्तै स्नातक तह र स्नातकोत्तर तह पास गर्ने १/१ जनामा दुबै जना पुरुष रहेका छन् । अन्य जातिको तुलनामा दलित जातिको शैक्षिक स्तर न्यून रहेको माथिको तालिकाले देखाएको छ । एस. एल. सी भन्दा माथिको विभिन्न तहमा रहेको शैक्षिक स्तरलाई हेर्दा जम्मा ५६ जना मध्ये ३२ जना पुरुष र २४ जना महिला रहेका छन् । यी मध्ये एस. एल. सी. वा सो सरह पास गर्ने कुल जनसंख्या ४७ रहेको छ । जसमा १९ जना महिला र २८ जना पुरुष रहेका छन् । यस्तै दश जोड दुइ पास गर्ने कुल जनसंख्या ९ मध्ये ५ महिला र ४ पुरुष रहेका छन् । उच्च शिक्षामा यस जातिको संख्या शून्य रहेको माथिको तथ्याँकले देखाएको छ । समग्रमा माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने शिक्षाको तह जति बढदै जान्छ त्यति महिलाहरुको संख्या न्यून वा शून्य हुँदै गएको देखिन्छ । त्यसमा पनि दलित महिलाहरुको उच्च शिक्षामा सहभागिता त झन शून्य नै रहेको माथिको तालिकाले देखाएको छ ।

पार्श्वचित्र, धम्जाका अनुसार यस गा. वि. स. मा रहेका विद्यालय र क्याम्पसको संख्या निम्नानुसार रहेको छ ।

तालिका नं. ६.४ अध्ययन क्षेत्रमा रहेका विद्यालय तथा क्याम्पसको विवरण

| पूर्व प्राथमिक | प्राथमिक | निम्न माध्यामिक | माध्यामिक | उच्च माध्यमिक | क्याम्पस | जम्मा |
|---|---|---|---|---|---|---|
| ५ | ५ | १ | १ | ० | ० | १२ |

श्रोतः धम्जा गाविस पार्श्वचित्र, २०६८

माथिको तालिकाबाट के देखिन्छ भने अध्ययन क्षेत्रमा उच्च माध्यमिक र क्याम्पसको अभाव रहेको देखिन्छ । यस क्षेत्रमा माध्यमिक तहको विद्यालय संख्या जम्मा १ रहेको छ । यस्तै

निम्न माध्यमिक विद्यालय पनि एउटा मात्र रहेको छ । पूर्वप्राथमिक र प्राथमिक विद्यालयको संख्या मात्र अन्य विद्यालयको संख्या भन्दा ज्यादा रहेको छ। यसको संख्या १० रहको छ ।

तालिका नं. ६.५ अध्ययन क्षेत्रका विद्यालयमा अध्ययनरत कुल विद्यार्थी सम्बन्धी विवरण

| प्राथमिक तहमा | | | निम्न माध्यमिक तहमा | | | माध्यमिक तहमा | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २१६ | २०३ | ४१९ | १०६ | ९७ | २०३ | ७३ | ८४ | १५७ | ३९५ | ३८४ | ७७९ |

श्रोतः धम्जा गाविस पार्श्वचित्र, २०६८

माथिको तालिका ६.५ अनुसार अध्ययन क्षेत्रमा माध्यमिक तहसम्म जम्मा कुल ७७९ विद्यार्थी अध्ययनरत रहेकामा छात्राको संख्या ३९५ र छात्रको संख्या ३८४ रहेको छ । माध्यमिक तह बाहेक प्राथमिक तह र निम्न माध्यमिक तहमा पुरुषको तुलनामा महिलाको संख्या अधिक रहेको देखिन्छ । जसमा प्राथमिक तहमा छात्रा २१६ र छात्र २०३ गरि जम्मा ४१९ रहेका छन् भने निम्न माध्यमिक तहमा जम्मा २०३ विद्यार्थी मध्ये छात्रा १०६ र छात्र ९७ रहेका छन् । यस तालिकाबाट पनि के तथ्य देखिन्छ भने प्राथमिक तहमा भन्दा निम्न माध्यमिक तहमा छात्राको संख्या न्यून देखिन्छ भने माध्यमिक तहमा पुग्दा यसको संख्या घटेर झन न्यून देखिन्छ । यस तथ्यबाट के स्पष्ट हुन्छ भने शिक्षाको तह बढदै जादा महिलाहरुको सहभागितामा पनि कमि हुँदै गएको देखिन्छ ।

तालिका नं. ६.६ अध्ययन क्षेत्रमा तहगत रुपमा कूल शिक्षक सम्बन्धी विवरण

| शिक्षकको विवरण | प्राथमिक तह | | | निम्न माध्यमिक तह | | | माध्यमिक तह | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षिका | शिक्षक | जम्मा | शिक्षिका | शिक्षक | जम्मा | शिक्षिका | शिक्षक | जम्मा | शिक्षिका | शिक्षक | जम्मा |
| दलित | २ | १ | ३ | | | | | | | २ | १ | ३ |
| जनजाति | ५ | ७ | १२ | १ | | १ | | | | ६ | ७ | १३ |
| अन्य..... | ६ | १२ | १८ | | ५ | ५ | १ | ४ | ५ | ७ | २१ | २८ |
| जम्मा | १३ | २० | ३३ | १ | ५ | ६ | १ | ४ | ५ | १५ | २९ | ४४ |

श्रोतः धम्जा गाविस पार्श्वचित्र, २०६८

माथिको तालिका अनुसार यस क्षेत्रमा विभिन्न तहमा कुल ४४ शिक्षकमा जम्मा १५ जना शिक्षिका रहेका छन् भने शिक्षकको संख्या २९ रहेको छ । प्रत्येक तहमा हेर्दा शिक्षकको तुलनामा शिक्षिकाको संख्या न्यून रहेको छ । त्यसमा पनि दलित शिक्षिकाको संख्या जम्मा २ रहेको छ त्यो पनि प्राथमिक तहमा मात्र सिमित रहेको छ । निम्न माध्यमिक तह र माध्यमिक तहमा दलित शिक्षिकाको संख्य शून्य रहेको छ । शिक्षक , शिक्षिकाको संख्या पनि दलित र जनजाति भन्दा अन्य जातिकै संख्या अधिक रहेको छ । त्यसमा पनि शिक्षिका भन्दा शिक्षककै संख्या अधिक रहेको छ । प्राथमिक तहमा शिक्षिकाको संख्या ६ रहेको छ भने शिक्षकको संख्या १२ गरि जम्मा १८ रहेको छ । निम्न माध्यमिक तहमा त झन एउटा पनि शिक्षिका रहेका छैनन् भने शिक्षकको संख्या ५ रहेको छ । यस्तै माध्यमिक तहमा पुग्दा भने ४ शिक्षक रहदा जम्मा १ जना मात्र शिक्षिका रहेका छन् । माथिको तालिकाबाट के तथ्य थाहा हुन्छ भने महिलाको शैक्षिक अवस्था कम भएकै कारण उनिहरुको शिक्षक संख्या पनि न्यून रहेको छ । माथिको तालिकाबाट तह बढदै जाँदा शिक्षिकाको संख्या घट्दै गएको देखिन्छ ।

### ६.३ नमूना छनौटमा परेका परिवारमा महिलाको शैक्षिक अवस्था

नमूनाको रुपमा चयन भएका परिवारको शैक्षिक अवस्था सामान्य किसिमको रहेको छ । पुरुषको तुलनामा महिलाको साक्षरता तथा शैक्षिक अवस्था कमजोर रहेका यी परिवारमा ३५ वर्ष भन्दा तलका महिलाहरु त त्यति असाक्षर छैनन् तर सो भन्दा माथिल्लो उमेरका भने अधिकांश महिलाहरु निरक्षर रहेका छन् । त्यसमा पनि दलित महिलाको अवस्था अझ कमजोर रहेको छ । छनौट भएका यी परिवारहरुको शैक्षिक तथा साक्षरता स्थिति निम्नानुसार रहेको छ ।

तालिका नं.६.७ छनौट भएका परिवारका सदस्यको शैक्षिक अवस्था

| क्र.सं. | लिङ्ग | निरक्षर | | साक्षर | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| १ | महिला | २६ | २२.२२ | ९१ | ७७.७८ | ११७ | ५०.४३ |
| २ | पुरुष | १६ | १३.९१ | ९९ | ८६.०९ | ११५ | ४९.५७ |
| जम्मा | | ४२ | १८.१ | १९० | ८१.८९ | २३२ | १०० |

श्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका ६.७ अनुसार छनौट भएका ४२ परिवारमा कूल २३२ जनसंख्या रहेकोमा साक्षरको जनसंख्या १९० (८१.८९ प्रतिशत) छ भने निरक्षरको जनसंख्या ४२ (१८.१ प्रतिशत) रहेको छ । यस तालिका अनुसार महिलाहरुको कूल जनसंख्या ११७ रहेकोमा ९१ जना वा सम्पूर्ण महिला जनसंख्याको ७७.७८ प्रतिशत साक्षर रहेका छन् भने २६ जना वा सम्पूर्ण महिला जनसंख्याको २२.२२ प्रतिशत निरक्षर रहेका छन् । पुरुषतर्फको साक्षरता स्थिति हेर्ने हो भने कूल ११५ पुरुष जनसंख्या मध्ये साक्षरता संख्या ९९ वा सम्पूर्ण पुरुष जनसंख्याको ८६.०९ प्रतिशत र निरक्षरता १६ वा सम्पूर्ण पुरुष जनसंख्याको १३.९१ प्रतिशत रहेको छ । यसबाट के प्रष्ट हुन्छ भने नमूना चयन भएका यी परिवारमा पुरुषको तुलनामा महिलाको साक्षरता स्थिति कमजोर रहेको छ ।

तालिका नं. ६.८ : छनौट भएका परिवारका सदस्यहरुको तहगत शैक्षिक अवस्था (६ वर्ष माथि)

| क्र.सं. | शैक्षिक अवस्था | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| १ | निरक्षर | ३८ | ३६.५४ | १९ | १८.६३ | ५७ | २७.६७ |
| २ | सामान्य लेखपढ गर्न सक्ने | ६ | ५.७७ | २१ | २०.५९ | २७ | १३.११ |
| ३ | प्राथमिक तह | २२ | २१.१५ | १४ | १३.७३ | ३६ | १७.४८ |
| ४ | निम्न माध्यमिक तह | ११ | १०.५८ | ८ | ७.८४ | १९ | ९.२२ |
| ५ | माध्यमिक तह | ९ | ८.६५ | १० | ९.८ | १९ | ९.२२ |
| ६ | एस.एल.सी. उत्तीर्ण | १३ | १२.५ | १६ | १५.६९ | २९ | १४.०८ |
| ७ | दशमा दुइ जोड उर्त्तीर्ण | ४ | ३.८५ | ११ | १०.७८ | १५ | ७.२८ |
| ८ | स्नातक तह उर्त्तीर्ण | १ | ०.९६ | २ | १.९६ | ३ | १.४६ |
| ९ | स्नातकोत्तर तह उर्त्तीर्ण | ० | ० | १ | ०.९८ | १ | ०.४९ |
| जम्मा | | १०४ | १०० | १०२ | १०० | २०६ | १०० |

श्रोतः स्थलगत अध्ययन, २०६७

माथि तालिका नं. ६.८ अनुसार नमूना चयन भएका यी परिवारहरुमा लेखपढ दुबै गर्न नसक्ने ५७ जना वा २७.६७ प्रतिशत जनसंख्या रहेका छन् , जसमध्ये पुरुष १९ जना (१८.६३

प्रतिशत) र महिला ३८ जना (३६.५४ प्रतिशत) रहेका छन । सामान्य लेखपढ गर्न सक्नेको संख्या २७ (१३.११ प्रतिशत) रहेको छ भने पुरुषको संख्या २१ (२०.५९ प्रतिशत) र महिलाको संख्या ६ (५.७७ प्रतिशत) रहेको छ । सामान्य लेखपढ गर्न सक्नेमा महिलाको भन्दा पुरुषको संख्या अधिक रहेको छ । प्रा. वि., नि. मा. वि. र मा. वि. तहमा क्रमशः ३६, १९ र १९ जना कुल जनसंख्या रहेकोमा महिलाको संख्या क्रमशः २२ (२१.१५ प्रतिशत), ११ (१०.५८ प्रतिशत) र ९ (८.६५ प्रतिशत) रहेको छ । एस. एल. सी. उर्त्तीर्ण २९ जना मध्ये महिला १३ (१२.५ प्रतिशत) र पुरुष १६ (१५.६९ प्रतिशत) रहेका छन् भने उच्च शिक्षातर्फ प्रमाणपत्र, स्नातक र स्नातकोत्तर उत्तीर्ण जम्मा जनसंख्या क्रमशः १५ (७.२८ प्रतिशत), ३ (१.४६ प्रतिशत) र १ (०.४९ प्रतिशत) रहेकोमा महिलाको संख्या भने क्रमशः ४ (३.८५ प्रतिशत), १ (०.९६ प्रतिशत) र स्नातकोत्तर तहमा शून्य रहेको छ । यस तालिकाबाट विद्यालयीय शिक्षासम्मा पुरुष महिला बीच करिब करिब मिल्दो जुल्दो नै अवस्था रहेको तर उच्च शिक्षामा भने महिला र पुरुषको दुरी झन् झन् बढिरहेको देखिन्छ ।

तालिका नं. ६.९: छनौट भएका परिवारमा अध्ययनरत जनसंख्याको तहगत विवरण

| क्र.सं. | लिङ्ग | प्रा. वि. | नि.मा.वि. | मा.वि. | उच्च माध्यमिक | स्नातक | स्नातकोत्तर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | महिला | २३ | १० | १८ | ९ | २ | ० | ६३ |
| २ | पुरुष | २२ | ८ | ९ | १४ | ५ | १ | ९९ |
| जम्मा | | ४५ | १८ | २७ | २३ | ७ | १ | १६२ |

श्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार छनौट भएका परिवारहरुमा नि. मा. वि. र मा. वि. तहमा पुरुषको तुलनामा महिलाको संलग्नता बढी देखिन्छ । जस अनुसार नि. मा. वि. तहमा पुरुष ८ र महिला १० रहेका छन् भने मा. वि. तहमा पुरुष ९ र महिला १८ रहेका छन् । उच्च शिक्षामा भने महिलाको तुलनामा पुरुषको संलग्नता बढी देखिन्छ जसमा स्नातकोत्तर तहमा महिलाको संलग्नता शून्य रहेको छ । उच्च माध्यमिक तहमा महिलाको संख्या ९ रहेको छ भने पुरुषको संख्या १४ रहेको छ । यस्तै स्नातक तहमा पनि महिला भन्दा पुरुषनै बढी रहेका छन् । यस तहमा जम्मा ७ जनामा २ जना महिला र ५ जना पुरुष रहेका छन् । उक्त तालिका

अनुसार पनि शिक्षामा महिलाको तुलनामा पुरुषकै संलग्नता बढी देखिन्छ । त्यसमा पनि उच्च शिक्षामा त पुरुषको तुलनामा महिलाको संख्या झनै न्यून देखिन्छ ।

### ६.४ उत्तरदाताहरुको शैक्षिक अवस्था

नमूना चयन भएका ४२ परिवारबाट छनौट हुन आएका सम्पूर्ण उत्तरदाताहरु महिला नै रहेका छन् । उत्तरदाताहरु परिवारको शैक्षिक अवस्थाको बारेमा माथि नै चर्चा भइसकेको छ । हुन त परिवारको शैक्षिक स्थितिको चर्चा गर्ने क्रममा उत्तरदाताको शैक्षिक स्थितिको पनि माथि नै चर्चा नभएको होइन तै पनि यहाँ उनीहरुको मात्र शैक्षिक अवस्थालाई छुट्टै रुपमा चर्चा गर्दा गरिएको छ । छनौट भएका उत्तरदाताहरुको शैक्षिक अवस्था निम्नानुसार रहेको छ ।

तालिका नं. ६.१०: छनौट भएका उत्तरदाताहरुको साक्षरता तथा शैक्षिक स्थिति

| क्र.सं. | शैक्षिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १४ | ३३.३३ |
| २ | साक्षर | २८ | ६६.६७ |
| जम्मा | | ४२ | १०० |

श्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका नं. ६.१० अनुसार छनौट भएका उत्तरदाताहरु मध्ये १४ जना उत्तरदाताहरु निरक्षर वा लेखपढ गर्न सक्दैनन् भने २८ जना उत्तरदाताहरु साक्षर र उच्च शिक्षित रहेका छन् । यिनीहरुको प्रतिशत क्रमशः ३३.३३ र ६६.६७ रहेको छ । यसबाट के देखिन्छ भने उत्तरदातामध्ये निरक्षरको तुलनामा साक्षर उत्तरदाताहरु दोब्बर रहेका छन् । शिक्षामा सहभागि उत्तरदाताहरु औपचारिक वा अनौपचारिक शिक्षामा भएको सहभागिताको आधारमा उनीहरुका विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ६.११ : शैक्षिक सहभागिताको किसिमका आधारमा उत्तरदाताहरुको विवरण

| क्र. सं. | शैक्षिक सहभागिताको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | औपचारिक | २३ | ८२.१४ |
| २ | अनौपचारिक | ५ | १७.८६ |
| जम्मा | | २८ | १०० |

श्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार शिक्षामा संलग्न रहेका उत्तरदाताहरु मध्ये २३ जनाले औपचारिक शिक्षा लिएका छन् , जसले सम्पूर्ण शिक्षामा संलग्न रहेका उत्तरदाता संख्याको ८२.१४ प्रतिशत स्थान ओगटेको छ । ५ जना वा १७.८६ प्रतिशत उत्तरदाताहरु प्रौढशिक्षामा संलग्न रहेका देखिन्छन् ।

जातिगत रुपमा हेर्दा पनि महिलाहरुको समान शैक्षिक हैसियत छैन । उक्त तथ्यलाई तलको तालिकाअनुसार हेर्न सकिन्छ ।

तालिका नं. ६.१२ : जातिगत आधारमा छनौट भएका उत्तरदाताको शैक्षिक विवरण

| क्र.सं. | जात जाति | निरक्षर | साक्षर | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | एस.एल.सी भन्दा तल | एस.एल.सी उत्तीर्ण | एस.एल.सी. भन्दा माथि | |
| १ | क्षेत्री | ४ | ३ | ८ | ६ | २१ |
| २ | जनजाति | ५ | २ | ४ | २ | १३ |
| ३ | विश्वकर्मा | ४ | २ | १ | ० | ७ |
| ४ | दर्जि | १ | ० | ० | ० | १ |
| जम्मा | | १४ | ७ | १३ | ८ | ४२ |

श्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका ६.१२ अनुसार क्षेत्री समुदायका कूल २१ उत्तरदाताहरु मध्ये ४ उत्तरदाताहरु मात्र निरक्षर रहेकाछन् । ती ४ जना (४५ वर्ष माथिका मात्र) लेखपढ गर्न नसक्ने अवस्थाका छन् । साक्षर १७ जना मध्ये ८ जना एस. एल. सी. उत्तीर्ण छन् भने ३ जनाको एस. एल. सी. भन्दा तलको योग्यताका छन् । बाँकी ६ जना एस. एल. सी. भन्दा माथिको योग्यता हासिल गरेका छन् । जनजाति समुदायबाट कुल १३ जना उत्तरदाताहरुमा ५ जना निरक्षर रहेका छन् भने २ जना एस. एल. सी. भन्दा तलको शैक्षिक योग्यता भएका छन् र ४ जना मात्र एस. एल. सी. उर्त्तीर्ण रहेका छन् । यस्तै एल. एल. सी. भन्दा माथिको शैक्षिक योग्यता भएका उत्तरदाताहरु २ जना रहेका छन् । दर्जि समुदायबाट १ उत्तरदाता मात्र रहेकोमा उनी निरक्षर हुन । दलित समुदायबाट चयन भएका ७ उत्तरदाताहरुमध्ये एकैजना पनि एस. एल. सी. भन्दा माथिको तहमा छैनन् भने १ जना मात्र एस. एल. सी. उत्तीर्ण गरेकी छन् । बाँकी ६ जना मध्ये

४ जना निरक्षर र २ जना एस. एल. सी. पूर्वको शैक्षिक तह भित्र रहेका छन् । समग्रमा भन्नुपर्दा एस. एल. सी. माथिको शिक्षामा क्षेत्री समुदायका महिला बाहेक अन्य समुदायका महिलाहरुको खासै पहुँच रहेको छैन । एस. एल. सी. सम्मको शिक्षामा भने अन्य समुदायको पनि केहि पहुँच रहे पनि क्षेत्रीको तुलनामा त्यो अत्यन्तै न्यून र नगन्य रहेको छ ।

यसरी माथिका विभिन्न तथ्यहरुलाई नियाल्दा जिल्लास्तरदेखि उत्तरदातासम्म आइपुग्दा पनि महिलाको शैक्षिक अवस्था पुरुषको तुलनामा न्यून नै रहेको देखियो । वैवाहिक अवस्थाको आधारमा हेर्दा विवाहित भन्दा अविवाहितले शिक्षालाई निरन्तरता दिने गरेको र अविवाहितहरुकै शैक्षिक अवस्था पनि राम्रो देखियो भने उमेरगत रुपमा हेर्दा ४५ वर्ष पूर्वका महिलाहरुको नै शैक्षिक अवस्था राम्रो देखियो । जातिगत आधारमा हेर्दा सामान्यतयाः क्षेत्री/जनजाति समुदायको तुलनामा दलित समुदायका महिलाहरुको शैक्षिक अवस्था कमजोर रहेको पाइयो ।

# अध्यायः सात

## महिला शिक्षालाई प्रभावित गर्ने प्रमुख जिम्मेवार तत्वहरु

नेपाली समाजमा शिक्षामा पुरुष र महिला बीच समानुपातिक अवस्था विद्यमान रहन नसक्नुको मुख्य कारण शिक्षामा गरिने लैङ्गिक विभेद नै हो । समाजमा यस्ता किसिमका विभेदहरु सामाजिक, साँस्कृतिक, आर्थिक, धार्मिक, जैविक, आदि जस्ता तत्वहरुको आडमा गर्ने गरिएको छ, जसले महिला शिक्षालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित गरिरहेका छन् । शिक्षामा हुने महिलाको सुरु सहभागितादेखि लिएर सहभागी भइसकेका महिलाहरुको निरन्तरता सम्म यी तत्वहरुले प्रभाव पारिरहेका हुन्छन् । तिनै तत्वहरु हुन, जसले विगतमा महिलाको शिक्षामा हुने सुरु सहभागितामाथि नियन्त्रण गर्दथे भने वर्तमानमा महिलाको शिक्षामा हुने निरन्तरता माथिनै तगारो लगाउने काम गरिरहेका छन् । समग्रमा ति विभिन्न तत्वहरुले एक त महिलाको शिक्षामा हुने सुरु सहभागिता माथि नै प्रभावित गरिरहेका हुन्छन् भने अर्कोतर्फ शिक्षामा सहभागी भइसकेका महिलाहरुलाई सुरु गरेको तह पूरा नगरुन्जेल थामी राख्ने र महिला पुरुष दुबैको उच्च शिक्षासम्म नै समान पहुँच कायम राख्ने जस्ता महत्वपूर्ण विषयमाथि प्रभावित र नियन्त्रण गरिरहेका हुन्छन् । त्यसैले यस अनुसन्धानमा गरिएका विभिन्न खोजमुलक प्रयासहरुको परिणामस्वरुप महिला शिक्षालाई प्रभावित गर्ने केही जिम्मेवार तत्वहरुको पहिचान हुन आएको छ । यसरी प्राप्त हुन आएका महिला शिक्षालाई प्रभावित गर्ने विद्यमान कारक तत्वहरुलाई उत्तरदाताहरुले दिएको प्राथमिकता तथा महत्वको आधारमा स्तर निर्धारण गरि सुचीकृत गरिएको छ , जुन तत्वहरु निम्नानुसार रहेका छन् :

१. विवाह

२. समाजमा महिलाप्रतिको गलत धारणा

३. कार्यबोझ

४. आर्थिक अवस्था

५. पारिवारिक पृष्ठभूमी

६. चेतनाको अभाव

७. जैविक समस्या

८. विद्यालय समय

९. गलत राजनितिक परिपाटि

१०. अव्यवहारिक शैक्षिक परिपाटि

महिलाको शैक्षिक सहभागिता तथा त्यसको निरन्तरतामा प्रभाव पार्ने माथि उल्लेखित विभिन्न तत्वहरुको बारेमा प्राप्त तथ्याँकहरुको आधारमा निम्नानुसार क्रमशः चर्चा गरिएको छ ।

**७.१ विवाह**

विवाह महिला शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण तत्वको रुपमा रहेको छ । सामान्यतयाः चाँडो उमेरमा विवाह गर्ने र विवाहित महिलालाई नपढाउने परिपाटिको कारणले यहाँका महिलाहरुको शैक्षिक स्तरलाई नराम्रोगरी प्रभावित गरेको देखिन्छ । हुन त विवाह गर्ने उमेरमा महिलाको अध्ययनप्रति उत्सुकता नहुने होइन तर यस्तो मौका त्यति पाउँदैनन् र पाएकाहरु पनि विवाह पछाडि अध्ययनलाई निरन्तरता दिन सक्दैनन् । वर्तमान समयमा महिलाहरु अध्ययनमा संलग्न रहने गरेको देखिए तापनि वास्तवमा यस्तो संलग्नतालाई विवाहले रोक लगाउने गरेको छ । यहाँको समाजमा शिक्षालाई केवल विवाहको निमित्त आवश्यक योग्यताको आधारमा समेत लिने गरेको पाइन्छ । छनौट भएका मध्ये ७ महिला उत्तरदाताहरुले विवाह गर्नको निमित्त मात्र पढनुपर्ने मान्यता राखेका छन् । अध्ययनको निरन्तरता सम्बन्धी तथ्यलाई हेर्ने हो भने छनौट भएका मध्ये ८ महिलाहरुले विवाह भइजाने भएकोले महिलाहरु अध्ययनलाई निरन्तरता दिन नसक्ने बताएका थिए भने ३ जनाले त पढ्नु नै विवाहको निमित्त भएकोले विवाह पश्चात पढाइको कुनै अर्थ नहुने समेत धारणा राखेका थिए । बुहारीले नपढे पनि हुन्छ भन्ने मान्यता रहेको यस समाजमा विवाहित महिलाको पढाईलाई महत्व नदिइने भएको कारणले गर्दा पनि विवाह महिला शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण तत्वको रुपमा रहेको छ । समग्रमा भन्नुपर्दा विवाहले विगतमा महिला शिक्षाको प्रथम सहभागितामानै प्रभाव पार्ने गरेको भए पनि वर्तमानमा यसले निरन्तरतामा ठूलो आघात पुर्‍याएको छ ।

अनुसन्धानको क्रममा विवाहित महिलाले पढाइलाई निरन्तरता दिनु पर्छ वा पर्दैन ? भन्ने प्रश्न उत्तरदाताहरुको सामु राखिएको थियो । उक्त प्रश्नमा उत्तरदाताको धारणा निम्नानुसार रहेको छ ।

तालिका नं.७.१: विवाह पछाडि महिलाले पढ्न पाउनुपर्ने/नपर्ने आधारमा उत्तरदाताहरुको विभाजन

| क्र.सं. | पढ्न उपयुक्त छ/छैन | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्छ | ३१ | ७३.८१ |
| २ | पर्दैन | ११ | २६.१९ |
| जम्मा | | ४२ | १०० |

श्रोत स्थलगत अध्ययन, २०६७

विवाहित महिला शिक्षाप्रतिको धारणा स्वयं महिलाहरुको पनि पूर्ण रुपमा सकारात्मक रहन सकेको छैन । विवाह पछाडि पनि महिलाहरुले निरन्तर रुपमा पढ्न पाउनुपर्छ भन्ने ३१ जना उत्तरदाताहरु रहेका भए पनि व्यवहारमा त्यस्तो देखिएको छैन । ११ जना महिला उत्तरदाताहरुले त पढ्नु नपर्ने धारणा समेत राखेका छन् । माथि उल्लेखित पढ्न पाउनुपर्छ भन्ने अधिकांश महिलाहरु स्वयं पनि विवाह पश्चात परिवारको सहयोग नपाएर पढ्न पाइराखेका छैनन् भने कतिपयले आफनै विवाहित बुहारी वा विवाहित छोरीको निमित्त कुनै लगानी गरेको देखिदैन । घरमा काम गर्नको निमित्त बुहारी विवाह गर्ने तथा छोरी विवाह पश्चात अर्कोको घरमा जानेलाई किन खर्चगर्ने पढाएर माइतीलाई कुनै योगदान नदिने जस्ता कारणहरुले गर्दा पनि यहाँ विवाहित महिलालाई शिक्षाको निमित्त खासै लगानी गरेको पाइदैन ।

उत्तरदाता महिलाहरुमध्ये धेरैले अध्ययनको क्रममा विवाह भएर नै अध्ययन छोडन पनि पुगेका छन् भने केही महिलाहरु त सानो उमेरमा नै विवाह भएर अध्ययनमा समेत संलग्न हुन सकेका छैनन् । विवाहले महिला शिक्षामा के कति प्रभाव पारेको छ वा छैन भन्ने सम्बन्धमा निम्नलिखित तालिकाबाट हेर्न सकिन्छ ।

तालिका नं. ७.२: उत्तरदाताहरुको वैवाहिक अवस्था र शिक्षामा सहभागिता

| क्र. सं. | वैवाहिक स्थिति | अध्ययनमा संलग्न नै नहुने | अध्ययनमा संलग्न भई छोडने | अध्ययनरत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अनौपचारिक (प्रौढ शिक्षा) | कक्षा ८ | कक्षा १० | एस.एल. सी | प्रमाण पत्र | स्नातक | स्नातकोत्तर | जम्मा |
| १ | विवाहित | १३ | ५ | १ | | २ | ३ | १ | – | – | २५ |
| २ | विधवा | १ | – | – | – | – | – | – | – | – | १ |
| ३ | अविवाहित | – | – | – | १ | ३ | ६ | ५ | १ | – | १६ |
| जम्मा | | १४ | ५ | १ | १ | ५ | ९ | ६ | १ | – | ४२ |

श्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका ७.२ अनुसार विवाहित केबल ६ जना महिलाहरु मात्र औपचारिक शिक्षामा सहभागी रहेका छन् भने प्रौढहरुकै निमित्त भनि लक्षित गरी संचालन गरिएको शिक्षामा समेत १ जना भन्दा बढी महिलाको सहभागिता हुनसकेको छैन । यस समाजमा एस. एल. सी. दिए पश्चात छोरीको विवाह गर्ने मानसिकता मौलाएको छ, जसले गर्दा केबल विवाहकै निमित्त मात्र पनि एस. एल. सी. सम्म छोरीलाई पढाउने परिपाटी रहेको छ । गाउँमा विवाहपश्चात अध्ययनरत रहेका महिलाहरु पनि परीक्षामा कमै मात्र सफल हुने गरेको तथ्य अनुसन्धानबाट देखिएको छ । अध्ययनमा संलग्न रहि छाडेका ५  विवाहित उत्तरदाता रहेका छन् । उनीहरुले प्राप्त गरेको शैक्षिक योग्यता पनि विवाहपूर्व नै प्राप्त गरेका हुन् । यसरी विवाहले महिला शिक्षाको निरन्तरतामा ठूलै अवरोध खडा गरेको छ ।

चाँडो विवाह महिला शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण तत्वको रुपमा रहेको छ । छनौट भएका २६ विवाहित (विधवा सहित) उत्तरदाताहरुको विवाह गर्दाको उमेरको आधारमा हेर्दा यहाँका महिलाहरु औषत १८ वर्षको उमेरमा विवाह गर्न बाध्य रहेका छन, जुन उमेरमा यहाँका केही महिलाहरु माध्यमिक तहमा अध्ययनरत र अधिकांश महिलाहरु एस. एल. सी. सम्म मात्र उत्तीर्ण हुन सकेका देखिन्छन् । त्यसैले यस तथ्याँकमा अधिकांश २० वर्ष मुनिका विवाहित महिलाहरु यिनै तहमा अध्ययन गरेर विवाह पश्चात विद्यालय छोडेका देखिन्छन् ।

विवाह महिला शिक्षालाई प्रभावित गर्ने अत्यन्तै जिम्मेवार तत्व रहेको तथ्य एकै उमेरका मात्र होइन अविवाहित भन्दा पनि कम उमेरका विवाहितहरुले अध्ययनलाई निरन्तरता दिन

नसक्ने तर अविवाहित भने अध्ययनमा संलग्न भइरहेका उदाहरणहरुलाई मध्यनजर गर्दा प्रष्ट रुपमा देखिन्छ । वर्तमानमा विशेषगरी उच्च शिक्षा हासिल गर्ने बेलामा नै विवाह गर्ने परिपाटिले एस. एल. सी. भन्दा माथिको शिक्षामा महिलाको न्यून मात्रमा पहुँच रहेको देखिन्छ ।

### ७.२ समाजमा महिलाप्रतिको गलत धारणा

लैङ्गिक विभेदको कारण हरेक क्षेत्रमा पुरुषको तुलनामा महिलाको अवस्था कमजोर रहेको परिवेशमा शिक्षा पनि त्यसको अपवाद हुन सक्दैन । एक त महिला शिक्षा प्रतिको नकारात्मक सोचाईले गर्दा उनीहरुको शैक्षिक अवस्था कमजोर रहेको छ, भने अर्कोतर्फ शिक्षा बाहेकका अन्य क्षेत्रमा गरिएको  लैङ्गिक विभेदले महिला शिक्षामा समेत प्रत्यक्ष असर पारेको छ । यहाँ घरभित्रका कामहरु महिलाले मात्र गर्नुपर्ने, चाँडो विवाह गरिदिने, बुहारीले उपेक्षित जीवन बिताउनुपर्ने भन्ने जस्ता लैङ्गिक विभेदले महिलाको शिक्षामा नराम्रो प्रभाव पारेको देखिन्छ । शिक्षामा हुने सहभागिता र निरन्तरतालाई महिला प्रतिका गलत मान्यताहरुले धेरै असर पार्नुका साथै महिला शिक्षालाई प्रभावित गर्ने अन्य कारक तत्वलाई समेत प्रभावित पारेको पाइन्छ । कुनै कारणवश परिवारको कुनै सदस्यले अध्ययन छोडनुपर्ने भएमा त्यो महिलानै हुने गर्दछ । समग्रमा समाजमा विद्यमान लैङ्गिक विभेदको कारणले महिलाको शिक्षामा सहभागिता र त्यसको निरन्तरता समेतमा ठूलो असर पुर्‍याएको छ । त्यसैगरी महिला शिक्षालाई प्रभावित गर्ने कुनै त्यस्तो स्वतन्त्र तत्व रहेको छैन, जहाँ लैङ्गिक विभेदयुक्त मान्यताको निर्णायक भूमिका नरहेको होस् ।

महिला शिक्षालाई प्रभावित गर्ने हरेक तत्वमाथि यसको प्रभाव रहेको हुन्छ भने, महिलाप्रति समाजले सृजना गरेका गलत धारणाहरुले गर्दा समाजका सदस्यको रुपमा रहेका उत्तरदाताहरुलाई पनि प्रभाव नपार्ने कुरा नै भएन । संस्थागत रुपमा पृतिसत्ताले वर्चस्व कायम गरेको यहाँको समाजमा कुनै काम पुरुषले गरे राम्रो मानिन्छ तर त्यहि काम महिलाले गरे नराम्रो मानिन्छ । महिलालाई घरभित्रकै धन्दामा सिमित गराउने प्रवृतिबाट पुरुषहरु अझ कठोर बनिरहेका छन् भने यस प्रवृतिभन्दा स्वयं महिलाहरु पनि उठ्न सकेका छैनन् । अझ बुहारीको रुपमा रहेका महिलाहरुलाई त यो समाजमा घरभन्दा बाहिर महिलाको गतिशिलतामा अत्यन्तै बन्देज रहेको पाइन्छ । वर्तमानमा छोरीलाई पढाउने प्रचलनको विकास हुदै गए पनि विवाहित महिलाको हकमा भने अझै यहाँको समाज विरोधी नै रहेको पाइन्छ । अनुसन्धानको क्रममा

अध्ययनमा पुरुष र महिलाप्रति समान दृष्टिकोण राख्ने उत्तरदाताहरुको पनि व्यवहारको अवलोकन गर्दा उक्त विचारको विपरित अवस्था देखिएको छ । त्यसैले स्वयं उत्तरदाता महिलाहरु समेत महिलाप्रतिको उपेक्षित धारणा नै पालेर बसेको देखिएको छ ।

जे होस् समाजमा विद्यमान महिलाप्रतिका गलत धारणाले महिला शिक्षालाई प्रत्यक्ष असर पारिराखेका छन्, जसले गर्दा महिलाले नपढेपनि हुने, पढेपनि पुरुष समान पढ्नु नपर्ने, महिला र पुरुषलाई समान अवशर र सुविधा प्रदान नगरिने, छोरीलाई पढाउँदा विभिन्न समस्याहरु देखिने, बुहारीले पढनु हुदैन घरको काम गनुपर्ने जस्ता मान्यताहरु समाजमा विद्यमान रहेका देखिन्छन् भने यहि मान्यताले स्वयं उत्तरदाता समेतलाई नराम्रो गरी गाँजेको देखिन्छ ।

अनुसन्धानको क्रममा महिला शिक्षाप्रतिको उत्तरदाताको धारणा बुझ्नी महिला शिक्षालाई प्रभावित गर्ने कारक तत्वको पहिचान गर्नको निमित्त के तपाईको विचारमा महिलाले पढ्नु आवश्यक छ ? भन्ने प्रश्न सोधिएको थियो । उक्त प्रश्नको उत्तर दिने उत्तरदाताहरुको उत्तरका आधारमा निम्नानुसार विभाजन गरिएको छ ।

तालिका नं. ७.५: महिलाले पढ्नु आवश्यक भए/नभएको आधारमा उत्तरदाताहरुको विभाजन

| क्र.सं. | सूचक | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आवश्यक छ | ३९ | ९२.८६ |
| २ | आवश्यक छैन | ३ | ७.१४ |
| जम्मा | | ४२ | १०० |

श्रोत: स्थलगत अध्ययन, २०६७

माथिको तालिका नं. ७.५ अनुसार अधिक उत्तरदाताहरुले महिलाले पढ्नु आवश्यक भएको बताएका छन् । कूल ३९ जना उत्तरदाताहरु महिला शिक्षाको पक्षमा रहेका माथिको तालिकाले देखाएको छ, जुन संख्या सम्पूर्ण उत्तरदाता संख्याको ९२.८६ प्रतिशत हुन आउँछ । ३ महिलाहरु अझैपनि महिला शिक्षाको विरुद्धमा देखिन्छन्, जसले सम्पूर्ण उत्तरदाता संख्याको ७.१४ प्रतिशत स्थान ओगटेका छन् ।

महिलालाई शिक्षा दिनु आवश्यक छ भन्ने पक्षका उत्तरदाताहरुले आत्मनिर्भर बन्न, ज्ञान आर्जन गरी आफू र आफ्नो परिवारको शैक्षिक स्तर सुधार्न, जागिर खाई पैसा कमाउन,

समाजमा विद्यमान अन्धविश्वासलाई हटाई लैङ्गिक समानता कायम गर्न, समाजमा सम्मानपूर्ण रुपमा जीवनयापन गर्न, पढेपछि दुःख गर्न पर्दैन, समाजमा विकृति र विसंगतिको निराकरण गरी चेतनाको प्रवाह गर्न, स्वास्थ्य सम्बन्धी जानकारी प्राप्त गरी आफू, परिवार र समाज सुधार्न, शिक्षित बनि समाज अनि देशको सेवा गर्न, समाज विकासमा अग्रसर हुन प्राप्त भएको अधिकारको प्रयोग गर्न सक्षम हुन, परिवारको सुधार र बच्चाको उज्जवल भविष्यको निमित्त, आफूले कमाएको सम्पति माथि आफै नियन्त्रण गर्न सक्षम हुन, एक सबल नागरिक बनि कुनैपनि कुराको सही निर्णय लिनसक्ने हुन, समाजमा आफ्नो फरक र सम्मानपूर्ण हैसियत कायम गरि नाम कमाउन, हिसाबकिताव राख्न सक्ने भई कुनैपनि व्यवसाय गर्न सक्षम हुन, जुन ठाउमा पुगेपनि कसैले ठग्न नपाओस, सुन्दर जीवनयापन जीउन आदि जस्ता कारणहरु दिएका छन भने महिलाले पढ्नु आवश्यक छैन भन्ने ३ उत्तरदाताहरुले महिलाको शिक्षाले उसको घरायसी कार्यमा कुनै सहयोग गर्दैन, जति पढेपनि जागिर पाइदैन, महिलाले जति पढेपनि उनीहरुको भूमिकामा परिवर्तन हुदैन, जति पढेपनि उनीहरुले घरधन्दा गर्नु, बच्चा जन्माउनु र बच्चालाई स्याहार्नु परिहाल्छ पढेको के काम, लिपपोत गर्न, खाना बनाउन, भाँडा माझ्न छुट्दैन भन्ने जस्ता उत्तर दिएका छन् । पढेलेखेका महिला झन चढ्का वा फूर्ति गर्ने स्वभावका हुन्छन, त्यसैले उनीहरुले पढेर केही फाइदा छैन भन्ने जस्ता कारणहरु अघि सारेका छन् ।

वास्तवमा महिलालाई शिक्षा दिनु आवश्यक छ भन्ने तर्कहरु उचित मान्न सकिन्छ तर उक्त तर्क अनुरुपको व्यवहार भने स्वयं उत्तरदाताको परिवारमा समेत देखिएको छैन । विशेषगरी महिलालाई घर व्यवहारमा मात्र सिमित गर्नुपर्छ भन्ने खालका मान्यता र धारणाहरुले गर्दा उनीहरुको शैक्षिक स्तर माथि उठ्न सकेको छैन । त्यसैले महिला शिक्षाप्रति स्वयं महिलाहरुकै धारणा समेत सकारात्मक हुन सकेको देखिदैन भने यस्तो अवस्थामा महिलाको शैक्षिक अवस्था कसरी सुध्रन सक्ला ?

तालिका नं. ७.७ : विवाह पछाडी महिलाले पढ्नुपर्ने/नपर्ने आधारमा उत्तरदाताहरुको विभाजन

| क.सं. | विवाह पछाडि महिलाले पढ्नुपर्ने/नपर्ने | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अध्ययनलाई निरन्तरता दिनुपर्छ | ३१ | ७३.८१ |
| २ | अध्ययनलाई निरन्तरता दिनुपर्दैन | ११ | २६.१९ |
| जम्मा | | ४२ | १०० |

श्रोत स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार ३१ जना वा ७३.८१ प्रतिशत उत्तरदाताहरुले विवाह पछाडि पनि महिलाले अध्ययनलाई निरन्तरता दिनुपर्ने धारणा राखेका छन् भने ११ जना वा २६.१९ प्रतिशत महिला उत्तरदाताले विवाह पछाडि अध्ययनमा निरन्तरता दिनु नपर्ने धारणा राखेका छन् । विवाह पछाडि किन महिलाले पढाइलाई निरन्तरता दिनुपर्छ त ? भन्ने सवालमा उनीहरुले परिवारमा शैक्षिक वातावरणको सृजना गरी परिवारको सुधार गर्न, ज्ञान आर्जन गरी समाजमा एक चलाख र चेतनशील नारीको अस्तित्व कायम गर्न, घरव्यवहार चलाउन जान्ने हुन, एक चेतनशील बुहारी बनी समाजमा योगदान दिन, लैङ्गिक समानता कायम गरी पुरुषको समकक्षमा पुग्न, स्वतन्त्र भई बाँच्न, स्वास्थ्य सम्बन्धी जानकारी प्राप्त गर्न र पारिवारिक योजना बनाउन सक्षम हुन, बालबच्चाको उचित हेरविचार र उचित शिक्षा प्रदान गर्न, जनसंख्याको नियन्त्रण र व्यवस्थापन गर्न, उच्च शिक्षा हासिल गरी ठूलो मानिस बन्न, आफ्नो अधिकारको संरक्षण र उपयोग गर्न, समाजमा महिलाप्रति सृर्जित गलत धारणाहरुलाई विस्थापितगर्न, विवाह नै महिला शिक्षाको निमित्त अवरोधक हुनु हुँदैन, शिक्षामा विवाहित र अविवाहित महिलाबीच भेदभाव गरिनुहुदैन किनकी उचित शिक्षा पाउन सकेमा विवाहित महिलाहरु पनि प्रगति र समाज परिवर्तनका सम्वाहक बन्न सक्छन्, पढ्न पाउनु महिलाको अधिकार हो यसलाई विवाहले छेक्नु हुदैन, एक शिक्षित महिलाको हैसियतले परिवार, समाज र देशप्रतिको उत्तरदायित्व बहन गर्न, विवाहित पुरुषले चाँहि पढ्न हुने विवाहित महिलाले भने पढ्न नहुने हुनु हुदैन, थालेको अध्ययन पूरा गर्न, आदि जस्ता तर्कहरु अघि सारेका छन् भने विवाह पछाडि महिलाले पढ्नुपर्दैन भन्ने ११ जना उत्तरदाताहरुले बुहारी घरमा काम गर्नको निमित्त विवाह गर्ने हो पढाउनको निमित्त होइन, महिलाले विवाहित महिला एक अभिभावक हो, जसले अब छोराछोरीको बारेमा सोच्नु पर्नेहुन्छ, यस्तो बेलामा महिलाले किताब, कापी च्यापेर

हिड्न सुहाउदैन, विवाह पछाडि महिलाको भूमिका एक असल गृहिणीको हो न की विद्यार्थीको, विवाहित महिलाको घर छोडेर कतै जान नपाउने संस्कारले गर्दा उसको पढाइको कुनै अर्थ रहँदैन, विवाह पछाडि महिलाहरु पढाइतर्फ दिमाग लगाउन सक्दैनन् किनकी अब उसमा व्यवहारिक चिन्ता बढी हुन्छ जसले गर्दा उनीहरु पढाइमा कमजोर हुन गई समय र लगानी निरर्थक हुन जान्छ, विवाहित महिलाको काम लेखपढ गर्नुभन्दा पनि बच्चा जन्माउने, उनीहरुको हेरचाह गर्ने, खानलाउन दिने तथा घरको काम गर्ने हो पढ्ने होइन, हाम्रो समाजमा बुहारी पढाउने व्यक्ति व्यंग्यको पात्र हुन्छ, आदि कारणहरु पेश गरेका छन् ।

वास्तवमा विवाहित महिला शिक्षाप्रति यहाँको समाज नकारात्मक रहेको छ । विवाहित महिलाको शिक्षाका पक्षमा धारणा राख्ने उत्तरदाताहरुको परिवारमा समेत उनीहरुको उत्तर अनुसारको व्यवहार रहेको छैन । अधिकांश बुहारीहरु विवाहित महिला शिक्षाको पक्षमा रहे पनि उनीहरु स्वयं विवाहित महिलालाई शिक्षामा सहभागी गराउन नहुने सामाजिक धारणाको शिकार भएका छन् । यसरी बुहारी प्रतिको समाजको गलत मान्यताकै कारण शिक्षाको तह बढ्दै जाँदा शिक्षामा महिलाहरुको सहभागिता घट्दै गएको समेत पाइएको छ । त्यसैले विवाहित महिलाप्रतिको सामाजिक धारणा महिला शिक्षालाई प्रभावित गर्ने एक महत्वपूर्ण कारक तत्वको रुपमा रहेको छ ।

यहाँको समाजमा कतिपय परिवारमा महिलालाई पठाउँदा विभिन्न समस्याहरु आइपरेको महशुस गरिन्छ तर पुरुषलाई पठाउँदा भने त्यस्ता समस्या देखापरेको अनुभव गरिदैन । यसले गर्दा पनि महिला शिक्षालाई नकारात्मक अशर पारेको देखिन्छ । त्यसैले महिलालाई पढाउँदा परिवारमा देखिने गरेका वा नदेखिएका समस्याको आधारमा यहाँ उत्तरदाताको विभाजन निम्नानुसार गरिएको छ ।

तालिका नं. ७.९: महिलालाई पढाउँदा परिवारमा समस्या देखिए/नदेखिएको आधारमा उत्तरदाताहरुको विभाजन

| क.सं. | सूचक | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समस्या देखिएका छन् | १५ | ३५.७१ |
| २ | समस्या देखिएका छैनन् | २७ | ६४.२९ |
| जम्मा | | ४२ | १०० |

श्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार महिलालाई पढाउँदा परिवारमा समस्या देखिएका परिवारका १५ जना वा ३५.७१ प्रतिशत उत्तरदाताहरु रहेका छन् भने महिलालाई पढाउँदा समस्या नदेखिएका परिवारका उत्तरदाताहरु २७ जना वा ६४.२९ प्रतिशत रहेका छन् । वास्तवमा पुरुषलाई पढाउँदा चाँहि समस्या नदेखिने महिलालाई पढाउँदा भने समस्या देखिने यहाँको परिपाटिले महिला शिक्षालाई नराम्रोगरी पिरोलेको छ । यस्ता समस्या महिलालाई पढ्न पठाउँदा परिवारले त महशुस गरेकै छन् पढ्ने महिला स्वयंले पनि आफू पढ्न जाँदा कम समस्या भोल्नुपरेको छैन । परिवारमा देखिएका त्यस्ता समस्याहरुमा घरमा काम गर्ने मानिसको अभाव, परिवारको खर्च मात्र वढ्ने उपलब्धी केहि नहुने, छोरीलाई टाढा पढ्न पठाउँदा समाजबाट विभिन्न लान्छनाहरु आउने, खर्चको अभाव हुने, छोरीले पढेर केहि फाइदा छैन धेरै पढेपछि विवाह गर्न ग्राहो हन्छ किनभने आफुसँग मिल्ने केटाको अभाव हुन्छ भन्ने मान्यता, उच्च शिक्षाको लागि घरबाट बाहिर जानुपर्ने त्यसको लागि खर्चले नपुग्ने र छोरीलाई एक्लै बाहिर नपठाउने मान्यता, आदि प्रमुख रहेको धारणा उत्तरदाताहरुले राखेका छन् ।

परिवारमा देखिएका भनिने यी समस्याहरुको कारणले शिक्षा आर्जन गर्न जाने महिलाले थुप्रै समस्याको सामाना गरी अध्ययनमा संलग्न रहनुपर्ने उत्तरदाताको धारणा रहेको छ, ति समस्याहरुमा एकैपरिवारमा पनि छोरा जति पढ्ने अवशर र सुविधा नपाउने, नियमित विद्यालय जान नपाउने, घरमा काम गर्नुपर्ने भएकोले पढाइ कमजोर हुने, विवाह भई विद्यालयको स्थानान्तरणको समस्या, घरको काम सकेर मात्र विद्यालय जानुपर्ने बाध्यता, बाबुआमाले छोरीको निमित्त लगानी नगरिदिने, सामाजिक कुप्रथाका कारण महिला शिक्षालाई हल्का रुपमा लिने प्रचलन, आदि प्रमुख रहेका छन् ।

महिला र पुरुषबीच भेदभाव गर्न नपाइने जति ऐन, कानून, निति, नियम बने तापनि, जति लैङ्गिक समानताका कुराहरु उठाउने गरिए पनि देशव्यापी रुपमै धेरैजसो घरमा महिला र पुरुष बीच भेदभाव रहेको पाइन्छ । शैक्षिक क्षेत्रमा पनि यस्तो भेदभाव रहेको कुरा माथिको विश्लेषणबाट प्रमाणित हुँदै आएको छ । शैक्षिक क्षेत्रमा महिला र पुरुषमा समानता प्रदान गर्न शिक्षामा समान अवशर दिएर मात्र हुँदैन समान सुविधा समेत दिनुपर्दछ तर नेपाली समाजमा न त महिला र पुरुषलाई शिक्षामा समान अवशर दिइन्छ न त समान सुविधा नै । त्यसैले यहाँ

समान अवशर र सुविधा दिनुपर्ने/नपर्ने आधारमा उत्तरदाताको निम्नानुसार विभाजन गरिएको छ ।

तालिका नं. ७.१०: शिक्षामा समान अवशर र सुविधा दिने/नदिने आधारमा उत्तरदाताहरुको विभाजन

| क्र.सं. | सूचक | अवशर | | सुविधा | |
|---|---|---|---|---|---|
| | | उत्तरदाता संख्या | प्रतिशत | उत्तरदाता संख्या | प्रतिशत |
| १ | बराबर | २६ | ६१.९ | २३ | ५४.७६ |
| २ | पुरुषलाई बढी | ७ | १६.६७ | ९ | २१.४३ |
| ३ | महिलालाई बढी | ९ | २१.४३ | १० | २३.८१ |
| जम्मा | | ४२ | १०० | ४२ | १०० |

श्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार २६ जना वा ६१.९ प्रतिशत उत्तरदाताले महिला र पुरुषलाई समान अवशर दिनुपर्ने धारणा राखेका छन्, जसलाई सकारात्मक मान्नुपर्दछ । तर ७ वा १६.६७ प्रतिशत उत्तरदाताहरुले पुरुषलाई बढी अवसर दिनुपर्दछ भन्ने धारणा राखे, उनीहरुले महिलाहरु घरायसी काममा नै व्यस्त हुने र शिक्षाको कुनै प्रयोग नगर्ने हुदा समान अवशर दिन नहुने कुरामा आफ्नो मत जाहेर गरेका छन् । ९ जना वा २१.४३ प्रतिशत उत्तरदाताहरुले त पुरुषलाई भन्दा महिलालाई नै बढी अवसर दिनुपर्ने धारणा सम्म राखेको पाइन्छ । ती उत्तरदाताहरुले पुरुषको तुलनामा महिलाले आर्जन गरेको शिक्षा परिवार र समाजलाई उपयोगी हुने हुनाले उनीहरुलाई बढी अवसर दिनुपर्ने ठान्दछन् । पुरुषलाई बढी अवसर दिनुपर्दछ भन्ने धारणा राख्ने उत्तरदाताहरु एस. एल. सी. भन्दा माथि शैक्षिक योग्यता भएका कोही छैनन् त्यसमा पनि ६ जना त निरक्षर नै रहेका छन् ।

पुरुष र महिला दुबैलाई किताब, कापी, कलम पोशाक लगाएतका सम्पूर्ण शैक्षिक सामग्री अनि अध्ययन संस्थाको स्तरीयता जस्ता सुविधाका कुराहरु समान रुपमा दिनुपर्दछ भन्ने धारणा राख्ने २३ जना वा ५४.७६ प्रतिशत उत्तरदाताहरु रहेका छन्, जुन सकारात्मक पक्ष भएपनि केहि उत्तरदाताहरु समानताको विपक्षमा रहेकाछन् । पुरुषलाई बढी सुविधा दिनुपर्दछ भन्ने ९ जना वा २१.४३ प्रतिशत उत्तरदाताको धारणा रहेको छ भने १० (२३.८१ प्रतिशत) महिला उत्तरदाताहरु महिलालाई बढी सुविधा दिनुपर्ने धारणा राख्दछन् । महिला शिक्षित भएमा

परिवार समेत शिक्षित हुने यी महिलाहरुको धारणा रहेको छ । पुरुषलाई बढी सुविधा दिनुपर्ने धारणा राख्ने उत्तरदाताहरुको शैक्षिक अवस्था लेखपढ गर्न नसक्नेदेखि स्नातकसम्मको रहेको छ । महिलालाई जति लगानी गरेपनि त्यसले उसको माइतीमा कुनै फाइदा नपुर्‍याउने हुँदा यस्तो निरर्थक लगानी गर्नु नहुने उनीहरुको धारणा रहेको छ ।

माथि उल्लेखित उत्तरदाताहरुले जे जस्ता धारणा राखेपनि अवसर र सुविधामा पुरुषलाई नै वढावा दिने गरेको उनीहरुको व्यावहारको अवलोकनबाट देखिएको छ । छोरालाई महँगो बोर्डिङ्ग स्कूलमा र छोरीलाई सरकारी स्कुलमा पढाउने, छोरालाई ट्यूसन समेत पढाउने तर छोरीलाई नपढाउने किताब, कापी, कपडा जस्ता कुराहरुमा भेदभाव गर्ने परिवारका उत्तरदाताले समेत समानताको वकालत गरेको देखिन्छ । जे होस् यहाँको समाजमा अवशर र सुविधामा महिला र पुरुषबीच समानता भने रहेको छैन । त्यसैले शिक्षामा देखिएको असमान सुविधा र अवसर पनि महिला शिक्षालाई प्रभावित गर्ने एक जिम्मेवार कारक तत्वको रुपमा रहेको छ ।

समग्रमा माथि उल्लेखित विभिन्न विश्लेषणहरुको आधारमा हेर्दा समाजमा रहेका महिलाप्रतिका गलत र पूर्वाग्रही धारणाले शिक्षामा समेत एकदमै ठूलो नकारात्मक प्रभाव पारेको देखिन्छ । महिलाको शिक्षालाई थोरै महत्व दिने मान्यता रहेको यहाँको समाजमा शिक्षामा हुने महिलाको सुरु सहभागिता र त्यसको निरन्तरता समेतमा यसले ठूलो असर परेको देखिन्छ ।

**७.३ कार्यबोझ**

अध्ययन क्षेत्रका महिलाहरुको शिक्षामा प्रभाव पार्ने विभिन्न तत्वहरुमध्ये कार्यबोझ पनि एउटा महत्वपूर्ण तत्व रहेको छ । महिला शिक्षालाई प्रभावित गर्ने तत्वहरुको पहिचान गर्नको निमित्त गरिएको खोजमूलक प्रयास पश्चात महिला शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण तत्व महिलाहरुको कार्यबोझ रहेको तथ्य प्रमाणित भएको छ ।

नेपालका अधिकांश मानिसहरु कृषिमा निर्भर रहेकाले काममा बढी नै खट्नुपर्ने बाध्यता रहेको छ । अझ कम उर्वरयुक्त माटो रहेको पहाडी ग्रामीण बस्तिमा नयाँ कृषि प्रविधिको विकास नभएको र मानिसको बाँच्ने एकमात्र आधार कृषि भएको अवस्थामा झन् बढी खट्नुपर्ने हुन्छ । फेरी नेपाली समाजमा पुरुषको तुलनामा महिलाले बढी नै काम गनुपर्ने बाध्यात्मक अवस्था छ । किनकी यहाँका महिलाहरु घरबाहिरका कामहरु पुरुषसँगै गर्ने गर्दछन् तर घरभित्रका यावत कामहरु महिलाले मात्र गर्नुपर्ने परिपाटि रहेको छ । घरभित्रका कामहरु

महिलाहरुकै पेवा जस्तै हुन । त्यसमा पनि छोरी र बुहारी बीचमा ठूलो भेदभाव रहने गरेको छ । बुहारी काम गर्नको निमित्त मात्र विवाह गर्ने धारणा रहेको यस समाजमा यस्ता कामहरुमा बुहारीलेनै खट्नुपर्दछ भन्ने मान्यता देखिन्छ । एकप्रकारले हेर्दा बुहारीहरु घरमा नोकर जस्तै हुन्छन् । यस्तै नियती कृषि बाहेक अन्य पेशामा लागेका महिलाहरुको समेत रहेको छ । समग्रमा भन्नुपर्दा यहाँका महिलाहरुले एक त घरभित्र र बाहिरका कामहरु भ्याउनुपर्ने बाध्यता रहेको छ, जुन पुरुषको तुलनामा अधिक रहेको छ भने अर्कोतर्फ सानो उमेर देखिनै महिलालाई घरको काम लगाइने चलन रहेको छ ।

गाँउमा कामको अत्यन्तै ठूलो भारका कारणले कतिपय महिलाहरुलाई अध्ययनमा संलग्न हुने मौकानै दिइदैन भने मौका पाएकाहरुलाई पनि विद्यालयबाट छुटाइन्छ । कामधन्दाको कारण विद्यालय नपठाउनु पर्ने भएमा घरमा पुरुषभन्दा महिलालाई नै रोज्ने परिपाटि रहेको छ । विद्यालयबाट नछुटाएका महिलाहरु पनि परम्परागत घरभित्रका सुसेधन्दा र घरबाहिरका कामको बोझले गर्दा बारम्बार परीक्षामा असफल भई अन्ततोगत्वा अध्ययन नै छोड्न बाध्य भएका हुन्छन् । फेरी कतिपय गरीब परिवारका महिलाहरुले दिनरात मेहनत गरेर सम्पूर्ण परिवार पाल्नुपर्ने अवस्था देखिन्छ, यस्तो अवस्थामा एक त उनीहरु पढ्न जान नै पाउँदैनन् भने गएकाले पनि कामको बोझका कारण राम्रोसँग पढ्न सक्दैनन् ।

अध्ययनका लागि नमूनाको रुपमा छनौट भएका ४२ परिवारको कार्यभार सम्बन्धी अवस्थालाई हेर्ने हो भने यहाँका पुरुषहरु औषत ५.२२ घण्टा प्रतिदिन काम गर्दछन् भने महिलाहरु औषत ८.४२ घण्टा प्रतिदिन काम गर्ने गर्दछन् । यसमा पनि पुरुषहरु प्रायः घरबाहिरका मात्र काममा संलग्न रहेका हुन्छन् भने महिलाहरु घरभित्र तथा घरबाहिर दुबैतर्फका काममा सहभागी भएका देखिन्छन् । सानो उमेरदेखिनै पुरुषको भन्दा महिलाको कार्यभार वढी रहेको भएपनि १५ देखि ४० वर्ष समूहमा करिब दोब्बर नै रहेको छ भने जातिगत रुपमा हेर्दा प्रायः दलितहरुमा गरिबी बढी भएको र क्षेत्री समुदायमा महिलालाई उपेक्षित रुपमा हेर्ने गरिएको (विशेषगरि बुहारीलाई) ले महिला पुरुषको कार्यबोझको दुरी निकै फराकिलो रहेको छ भने मगर समुदायमा अन्य समुदायको तुलनामा करिब समानता रहेको देखिन्छ ।

अध्ययन क्षेत्रका उत्तरदाताहरुको कार्यभार सम्बन्धी अवस्थालाई हेर्ने हो भने उनीहरु औषत ८.५१ घण्टा प्रतिदिन काम गर्ने गर्दछन् त्यसमा पनि वढीजसो औषत ५.०६ घण्टा प्रतिदिन उनीहरु घरभित्रकै काममा खर्च गर्दछन् भने औषत ३.४५ घण्टा प्रतिदिन घर बाहिरको काममा संलग्न रहेका छन् । महिलाको परम्परागत रुपमा भने औषत ३.४५ घण्टा प्रतिदिन घर बाहिरको काममा संलग्न रहेका छन् । महिलाको परम्परागत रुपमा निभाउनुपर्ने बोझिलो कार्यभारयुक्त भूमिकाका कारणले महिला शिक्षालाई नराम्रोगरी प्रभावित गरेको छ ।

**७.४ आर्थिक अवस्था**

महिलाशिक्षालाई प्रभाव पार्ने विभिन्न तत्वहरुमा आर्थिक अवस्था महत्वपूर्ण तत्वको रुपमा रहेको छ । आर्थिक अवस्थाले महिलाको शिक्षण संस्थामा हुने प्रथम सहभागिता र त्यसको निरन्तरतामा मात्र प्रभाव नपारी शैक्षिक अवशर र सुविधा समेतमा नकारात्मक अशर पुर्‍याएको हुन्छ । आर्थिक अवस्था राम्रो भयो भने शिक्षाको माथिल्लो तहसम्म निरन्तर अध्ययन गर्न सक्ने सम्भावना रहन्छ तर आर्थिक अवस्था कमजोर रहेको छ भने जतिसुकै लगनशिल र क्षमतावान व्यक्ति भए पनि माथिल्लो तहसम्म शिक्षा लिनबाट बञ्चित हुनुपर्ने बाध्यता हुन्छ । गरिबीको कारणले एक त कार्यभार बढ्न गई अध्ययनको संलग्नता र निरन्तरतामा असर गर्दछ भने अर्कोतर्फ अध्ययनमा संलग्न रहेकाहरु पनि कार्यबोझको कारणले पढ्ने समयको अभावमा अध्ययनमा कमजोर हुन गई बारम्बार परीक्षामा असफल भएको कारणले शैक्षिक अवस्था न्यून हुने मात्र होइन अन्ततोगत्वा अध्ययनकै निरन्तरतामा ठेस लाग्ने गर्दछ ।

फेरि आर्थिक अवस्थाको भार यसको शैक्षिक स्तरको बुद्धिसँगै वुद्धि हुदै जाने गरेको देखिन्छ । आर्थिक अभावका कारण अधिकांश समय काममा लाग्नुपर्ने बाध्यता रहेको यहाँको समाजमा गरिबीले शैक्षिक क्षेत्रलाई पनि नराम्रो गरि गाँजेको छ । अझ महिलाप्रतिको भेदभावले ग्रस्त यहाँको समाजमा जिविकाको निमित्त महिलाहरुले नै बढी खट्नुपर्ने परिपाटि रहेको छ । पुरुषको तुलनामा महिलालाई नै आर्थिक उपार्जनको निमित्त काममा लगाउने मात्र होइन कतिपय महिलाहरुले आफ्नो परिश्रमबाट परिवार नै पाल्नुपर्ने बाध्यता समेत रहेको छ । उत्तरदाताहरुमध्ये अध्ययन बिचमै छोड्नेले पढ्ने पैशा नभएर अध्ययन छोडेको बताएका छन् भने आर्थिक विपन्नताले अन्य समुदायको तुलनामा दलित समुदायलाई बढी मारमा पारेको छ ।

उत्तरदातामध्ये ७ जनाको गरिबीकै कारणले महिलाहरुले अध्ययनमा संलग्न नहुने र भएकोले पनि निरन्तरता दिन नसक्ने धारणा समेत रहेको छ ।

अनुसन्धानका लागि छनौट भएका परिवारलाई पेशागत रुपमा हेर्दा उनीहरुको प्रमुख पेशा कृषि रहेको देखिन्छ । यहाँ कृषि बाहेक अन्य पेशा हुने परिवारमा समेत कृषि पेशालाई पनि अपनाइने गरेको पाइन्छ । पेशागत रुपमा नमूना चयन भएका परिवारको आयश्रोतलाई मध्यनजर गर्ने हो भने कृषि भन्दा नोकरी तथा वैदेशिक व्यापारमा संलग्न रहेकोहरुको आर्थिक अवस्था वढी सबल रहेको देखिन्छ । त्यसैले आयस्तर जति बढी हुन्छ शैक्षिक अवस्था पनि त्यति नै राम्रो हुने गरेको कुरा तथ्याँकले देखाएको छ । यहाँ परिवारको प्रमुख आयश्रोतको आधारमा उत्तरदाताहरुको शैक्षिक अवस्था निम्नानुसार देखाइएको छ ।

तालिका नं. ७.१२ः परिवारको मुख्य आयश्रोत र उत्तरदाताको शैक्षिक अवस्था

| क्र.सं. | मुख्य आयश्रोत | लेखपढ गर्न नसक्ने | सामान्य लेखपढ गर्न सक्ने | विद्यालय शिक्षा पूरा नगरेका | एस.एल.सी. उर्त्तीण गरेका | प्रमाणपत्र तह वा सो सरह | उच्च शिक्षा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि | ८ | ३ | ३ | ५ | १ | | २० |
| २ | नोकरी | | | | ३ | २ | १ | ६ |
| ३ | व्यापार | | | | १ | १ | | २ |
| ४ | बैदेशिक व्यापार | | | | ३ | ३ | | ६ |
| ५ | ज्याला मजदुरी | ६ | | १ | १ | | | ८ |
| जम्मा | | १४ | ३ | ४ | १३ | ७ | १ | ४२ |

श्रोतः स्थलगत अध्ययन, २०६७

*(यहाँ, विद्यालय शिक्षा सुरु गरेका तर अनौपचारीक शिक्षा तथा प्राथमिक शिक्षा प्राप्त गरेका उत्तरदातालाई सामान्य लेखपढ गर्न सक्ने वर्गमा राखिएको छ । यसैगरी प्राथमिक तह पूरा गरेका तर विद्यालय शिक्षा (एस. एल. सी.) उत्तिर्ण नगरेका उत्तरदातालाई विद्यालय शिक्षा नगरेको तहमा राखिएको छ । यस्तै स्नातक वा सो भन्दा माथि अध्ययन गरेका उत्तरदातालाई उच्च शिक्षामा राखिएको छ । )*

माथिको तालिका अनुसार नोकरी आयश्रोत भएका परिवारका महिलाहरुको शैक्षिक अवस्था अन्य आयश्रोत भएका परिवारका महिलाहरुको तुलनामा बढी सृदृढ देखिन्छ । नोकरी प्रमुख आएश्रोत हुने उत्तरदाताहरु ६ जना रहेका छन् । यिनीहरु एस. एल.सी. वा सो भन्दा माथिका अति उच्च तहसम्म रहेका छन् । वैदेशिक रोजगार प्रमुख आयश्रोत हुनेहरुको शैक्षिक

अवस्था दोस्रो श्रेणीमा रहेको छ । ६ जना उत्तरदाताहरु रहेकोमा ३ जना एस. एल. सी. उर्त्तीण र ३ जना प्रमाणपत्र तह वा सो सरहमा अध्ययनरत वा उत्तीर्ण रहेका छन् । प्राथमिक तहको संख्या अधिक रहेका कृषि आयश्रोत रहेका महिलाहरु ८ जना त लेखपढ गर्न नसक्ने समेत रहेका छन्, तर निरक्षर महिलाहरु सबै ४५ बर्षभन्दा माथिका मात्र रहेका छन् । ५ जना उत्तरदाताहरु एस. एल. सी. उर्त्तीण रहेका छन् भने ३ जना सामान्य लेखपढ गर्न सक्ने रहेका छन् । व्यापार, ज्याला मजदुरी पेशा संहालेका उत्तरदाताहरु मध्ये वैदेशिक रोजगारमा संलग्न रहेका उत्तरदाताहरुको परिवारको आयश्रोत केही राम्रो भएकोले ३ जना एस. एल. सी. सम्म उत्तीर्ण रहेका छन् भने ३ जना उत्तरदाताहरु प्रमाणपत्र तहमा वा सो सरहमा अध्ययनरत छन् । ज्याला मजदुरी आयश्रोतको मुख्य पेशाको माध्यम बनाउनेहरु अत्यन्तै न्यून आय भएका रहेका छन् भने यीनीहरुको शैक्षिक अवस्था पनि कमजोर नै रहेको छ । यसबाट के प्रष्ट हन्छ भने आयश्रोत राम्रो भएमा शैक्षिक अवस्था पनि राम्रो हुन्छ । यसरी आर्थिक अवस्थाको आधारमा हेर्दा शैक्षिक सहभागिता तथा त्यसको निरन्तरतामा ठूलो प्रभाव रहेको देख्न सकिन्छ ।

## ७.५ पारिवारिक पृष्ठभूमी

महिलाको शैक्षिक अवस्था वा महिला शिक्षालाई प्रभाव पार्ने विभिन्न तत्वहरुमा पारिवारिक पृष्ठभूमि पनि एक हो । मानिस कुनै न कुनै परिवारको एक प्रतिनिधि वा सदस्य रहेकोले उसका बानी, व्यवहार, चालचलन, क्रियाकलाप आदि जस्ता कुराहरुमा ऊ बसेको परिवारको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । किनकी परिवार कुनैपनि व्यक्तिको व्यक्तित्व विकासको आधारस्तम्भ वा जग हो । त्यसैले पारिवारिक पृष्ठभूमि महिला शिक्षालाई प्रभावित गर्ने एक र महत्वपूर्ण कारक तत्वको रुपमा रहेको छ । वास्तवमा जग बलियो भएमा मात्र घर बलियो बन्छ भनेझैं परिवारका विभिन्न मुल्य, मान्यता, प्रथा, प्रचलन, व्यवहार अनि परिवारको आकार र उनीहरुको शैक्षिक अवस्थाके जगमा महिला शिक्षा उभिएको हुन्छ । त्यसैले यस शीर्षक अर्न्तरगत परिवारको आकार वा बनावट तथा पारिवारिक शैक्षिक वातावरणले महिला शिक्षालाई के कति र कसरी प्रभावित गर्दछ भन्ने विषयमा अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा विश्लेषण गरिएको छ ।

पारिवारिक पृष्ठभूमिमा परिवारको आकार महिला शिक्षालाई प्रभावित गर्ने एक महत्वपूर्ण कारक तत्व हो । यसको आकार सानो वा ठूलो हुनुले महिला शिक्षालाई सवल वा

दुर्बल बनाउन ठूलो भूमिका खेल्दछ । सामान्यतयाः ठूलो परिवारमा हरेक सदस्यलाई शिक्षाको निमित्त उचित लगानीगर्न नसक्ने अवस्था हुनाले उक्त परिवारका सदस्यको शैक्षिक अवस्था कमजोर रहने सम्भावना वढी रहेको हुन्छ । त्यसमा पनि परिवारमा छोरा भन्दा छोरीको संख्या बढी भएमा त्यसको शिकार छोरीनै बढी पर्ने गरेको अध्ययनले देखाएको छ । यसले गर्दा महिलाको सुरु शैक्षिक सहभागिता र उच्च तहसम्म हुने निरन्तरतालाई ठूलो प्रभाव पारेको देखिन्छ ।

अध्ययनका लागि नमूनाको रुपमा छनौट भएका परिवारमा परिवारको आकार ठूलो भन्दा सानो बढी भएको भएपनि शैक्षिक अवस्था त्यति राम्रो देखिएको छैन । जबकी ३ जनाको परिवार रहेको २ परिवारमा कुनै पनि उत्तरदाता साक्षर रहेका देखिदैनन् । यसको मूल कारण आर्थिक रहेको छ । किनकी विपन्न यी परिवारहरुलाई दिनभरी काम गरेर बाँच्नुपर्ने बाध्यता रहेकोले गर्दा बढी कार्यबोझ भई अध्ययनमा संलग्न हुने मौका समेत नपाएको उत्तरदाताहरुको धारणा रहेको छ । यसरी परिवारको आकार सानो भएको कारणले उक्त परिवारमा अध्ययनमा संलग्न रहेका सदस्यहरु पनि पढ्ने समय अभावले गर्दा बारम्बार परीक्षामा असफल रहने गरेको समेत देखिएको छ ।

यस अध्ययनमा उत्तरदाताहरु विभिन्न उमेर समूह र अवस्थाका महिलाहरु छनौट भएकोले गर्दा परिवारको आकारसँग उनीहरुको शैक्षिक अवस्था परीक्षण गर्न बहुतै जटिल भएको छ । किनकी बहुसंख्यक विवाहित महिलाहरु उत्तरदाता रहेको र उनीहरुको शैक्षिक अवस्था प्रायः गरी माइतीमै निर्दिष्ट भएकोले यहाँको परिवारको आकारसँग कुनै सम्बन्ध रहेको देखिदैन । परिवारको आकारले छोरीको शैक्षिक अवस्थामा जति प्रभावित पारेको हुन्छ बुहारीकोमा भने त्यती प्रभाव पारेको हुँदैन तर कुनै कुनै परिवारको पुरुषलाई उक्त परिवारको आकारले प्रभावित गर्ने र यहाँको समाजमा पुरुषको शैक्षिक अवस्था भन्दा माथिल्लो शैक्षिक अवस्थावाला महिला खासै विवाह नगर्ने परिपाटि रहेकोले परिवारको आकारसँग बुहारीको शैक्षिक अवस्था समेत तुलनायोग्य हुनसक्छ । फेरी विवाहित महिलाको अध्ययनमा हुने निरन्तरतामा समेतलाई परिवारको आकारले प्रभावित पारेको हुन्छ । त्यसैले उक्त तुलना न्याय संगत हुनसक्छ ।

४ जना, ५ जना र ६ जना परिवार सदस्य भएका मध्यमस्तरीय आकार भएका परिवारमा महिलाको शैक्षिक अवस्था अन्य सानो वा ठूलो आकार भएको परिवारका महिलाको भन्दा उच्च रहेको देखिन्छ । पढाइको उच्च शिक्षासम्म यो परिवारका केही उत्तरदाताहरु पुगेका छन् । यसबाट के देखिन्छ भने यस क्षेत्रमा परिवारको आकार धेरै ठूलो वा धेरै सानो हुन गएमा महिला शिक्षालाई नकारात्मक असर पार्दछ ।

महिला शिक्षालाई प्रभावित पार्ने तत्व परिवारको आकार भन्दा पनि अझ महत्वपूर्ण तत्व परिवारको शैक्षिक अवस्था वा वातावरण हो । परिवारमा आफू भन्दा ठूला सदस्यहरु शिक्षित रहेका छन् भने स्वाभाविक रुपमा त्यस परिवारका महिलाहरु पनि शिक्षित हुन सक्छन् तर आफूभन्दा साना सदस्यहरु शिक्षित भएमा भने खासै कुनै योगदान दिन सक्दैनन् । त्यसैले शैक्षिक सहभागिता अनि त्यसको निरन्तरतामा परिवारको शैक्षिक अवस्थाको ठूलो प्रभाव रहेको हुन्छ । बाबु आमा वा दाइदिदिहरु शिक्षित भएमा बहिनी र सासु ससुरा वा श्रीमान् शिक्षित भएमा बुहारीको शैक्षिक अवस्था सवल बन्न सक्छ । आफ्ना परिवारका महिला सदस्यहरु त्यसमा पनि विशेष गरी छोरीलाई समयमा विद्यालय पठाउने जस्ता कार्यमा समेत परिवारका सदस्यको शैक्षिक स्तरले प्रभावित गरेको देखिएको छ । जसले पढाउनुपर्ने हो वा जो घरमूली हो उसको नै शैक्षिक अवस्था कमजोर रहेमा त्यस परिवारका सदस्यले न त पढनुपर्छ भन्ने थाहा पाउँछ न त पढाइको कुनै अर्थनै देख्छ, जसले गर्दा उ अध्ययन गर्न आवश्यक ठान्दैन । त्यसैपनि स्वयं अभिभावक पनि आफ्नो परिवारलाई अध्ययनमा उत्साहित गर्नुभन्दा चेतनाको अभावले आफना छोरा छोरीलाई पढेर जान्ने भएमा बाबुआमालाई टेदैनन्, बुहारीलाई पढाएर कुनै काम छैन भन्ने मान्यताले ग्रस्त भइ आफ्नो परिवारका सदस्यलाई पढाउन कुनै रुची देखाउदैनन् । यसै कुरालाई प्रमाणित गर्न यहाँ बाबुआमाको शैक्षिक अवस्था र अविवाहित छोरी वा उत्तरदाताको शैक्षिक अवस्थालाई तुलना गरिएको छ ।

तालिका नं. ७.१३ बाबुआमाको शैक्षिक अवस्था र अविवाहित उत्तरदाताहरुको शैक्षिक अवस्था

| क्र. सं. | अविवाहित उत्तरदाताको शैक्षिक अवस्था | बाबुआमाको शैक्षिक अवस्था | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दुबै निरक्षर | बाबु वा आमा एक साक्षर | दुबै साक्षर | दुई मध्ये एक माध्यमिक शिक्षा | दुइ मध्ये एक उच्च शिक्षा | जम्मा |
| १ | निरक्षर | १ | | | | | १ |
| २ | सामान्य लेखपढ | | २ | | | | २ |
| ३ | माध्यमिक शिक्षा | | | २ | १ | १ | ४ |
| ४ | उच्च शिक्षा | | १ | | | | १ |
| जम्मा | | १ | ३ | २ | १ | १ | ८ |

श्रोतः स्थलगत अध्ययन, २०६७

(*यस तालिकामा अनौपचारिक शिक्षा प्राप्त गरेका देखि लिएर प्राथमिक शिक्षासम्म अध्ययन गरेका उत्तरदातालाई सामान्य लेखपढ गर्नसक्ने वर्गमा राखिएको छ । यस्तै कक्षा ६ देखि १२ कक्षा वा सो सरह अध्ययन गरेका उत्तरदाताहरुलाई माध्यमिक शिक्षामा राखिएको छ । यसैगरि स्नातक वा सो भन्दा माथिको तह सम्म अध्ययन गरेका उत्तरदातालाई उच्च शिक्षामा राखिएको छ ।* )

माथिको तालिकालाई हेर्ने हो भने १ जना निरक्षर महिला बाहेक अन्य ७ जना महिलाहरु सबै अध्ययनरत हुन् । बाबुआमाको शैक्षिक अवस्थामा भएको कमजोरीले १ जना ३२ वर्षीय महिला निरक्षर रहेकी छन् भने अध्ययनरत महिलाहरु पनि बाबुआमाको शैक्षिक अवस्था कमजोर भएकाहरु प्रायः ठूलो उमेरमा पनि सानो तहमा अध्ययनरत रहेका छन् तर बाबु आमाको शैक्षिक अवस्था राम्रो भएका महिलाहरु ठिकै उमेरमा विद्यालय गएका मात्र होइनन्, विद्यालयको रेकर्ड अनुसार शैक्षिक अवस्था कमजोर रहेका बाबुआमाका छोरीहरु भन्दा केही भएपनि राम्रो शैक्षिक अवस्था भएका बाबुआमाका छोरीहरु अध्ययनमा समेत अगाडि देखिएका छन् । यसले बाबुआमाको शैक्षिक अवस्थाले परिवारमा छोरीहरुलाई प्रभाव पारेको देखिन्छ । उक्त ८ जना बाहेक अन्य उत्तरदाताहरु विवाहित रहेका छन् ।

### ७.६ चेतनाको अभाव

महिलाको शिक्षालाई प्रभावित पार्ने तत्वमा चेतना पनि महत्वपूर्ण तत्व हो । चेतना शैक्षिक क्षेत्रमा हुने प्रथम सहभागिता र त्यसको निरन्तरताको निमित्त एक निर्णायक तत्व हो ।

तर यो स्वयं शिक्षाबाट नै प्रायः सम्भव पनि रहेको छ । त्यसैले चेतना र शिक्षाबीच दोहोरो सम्बन्ध रहेको पाइन्छ । चेतनाको अभावले विगतमा महिला शिक्षामा हुने शुरु सहभागितामा नै पूर्ण रुपमा नियन्त्रण गरेको देखिन्छ । हुन त यस्तो नियन्त्रण वर्तमानमा समेत कायम नरहेको होइन तर त्यो भन्दापनि बढी वर्तमानमा यसले निरन्तरता माथी प्रभाव पारेको देखिन्छ ।

नेपाली समाजमा अधिकांश मानिसहरु ग्रामिण क्षेत्रमा रहने हुँदा शिक्षा मानिसको निमित्त आवश्यक छ भन्ने कुराको चेतना अझैसम्म पनि देशका कुनाकाप्चामा पुग्न सकेको छैन । शिक्षाले के गर्दछ , यो प्राप्त गर्नु किन आवश्यक छ र जीवनमा यसको महत्व के छ ? आदि जस्ता कुराहरुको जानकारी नहुँदा ग्रामीण क्षेत्रका मानिसहरु अझै शिक्षाको महत्वलाई बुझ्न नसकी अशिक्षाको चपेटामा परेका देखिन्छन् । महिला शिक्षालाई महत्व र कुनै स्थान नदिने विभिन्न मिथ्या, भ्रामक र रुढिग्रस्त किसिमका मान्यताहरुले ग्रस्त ग्रामीण समाजमा त अझ बढी चेतना अभावको कारण महिला शिक्षा जस्तो एक महत्वपूर्ण तथ्य माथिनै कुठाराघात हुन गएको छ । अनुसन्धानको निमित्त छनौट भएको यो क्षेत्र पनि तिनै ग्रामीण समाजहरुमध्ये एक भएकोले उक्त तथ्यको अपवाद हुन सक्दैन । विगतका दिनहरुमा महिलालाई पढ्नु र पढाउनु आवश्यक छ भन्ने कुराको चेतना अभिभावक र स्वयं महिलामा पनि हुन नसकेकोले सो समयमा पढ्न जाने चलन नभएको हुँदा आफूँ पनि पढ्न जान नसकेको अध्ययनमा संलग्न नरहेका उत्तरदाताहरुको धारणा रहेको पाइन्छ । महिलाप्रतिको गलत र भ्रामक धारणाकै कारण उनीहरुलाई पढ्ने मौका दिइदैनथ्यो भने विद्यालय नजिक नहुनु र महिलालाई घरबाट टाढा पढ्न पठाउँदा समाजमा विभिन्न लान्छना लाग्ने परिपाटिले गर्दा यहाँ विगत देखि वर्तमान सम्म नै महिला शिक्षा निरुत्साहित भइरहेको कुरा खुल्न आएको छ । किनकी यहाँ एकै दिन मात्र पनि महिला घर बाहिर कतै बसेमा वा कसैसित बोलचाल मात्र गरेमा पनि विभिन्न लान्छनाहरु लगाउने गरिन्छ, त्यसमा पनि बुहारीलाई त उक्त क्रियाकलापमा कति पनि छुट छैन । परिवारमा रहेको चेतनाहिनताको कारण छोरीले पढे भने बाबुआमालाई टेदैनन्, विग्रनछन् भन्ने मान्यता मात्र यहाँको समाजमा रहेको नभइ छोरीलाई पढाएर के हुन्छ र जति पढे पनि अर्काको घरमा गएर दैलोकूचो गनै पर्दछ, धेरै खर्च गरेर पढाएर के गर्ने माइतीलाई केही फाइदा नहुने रहेको धारणा यहाँका अभिभावकहरु अनि स्वयं उत्तरदाताको पनि रहेको देखिन्छ । चेतना नभएका कारण यहाँको समाजमा महिलाहरु पढाउने चलन विगतमा नहुनाले स्वयं महिलाहरु

पनि पढ्न नजाने गरेको देखिन्छ भने वर्तमानमा समाजमा महिला शिक्षामा केहि सुधार आएपनि विवाहित महिलाको लागि भने उस्तै रहेको छ । वर्तमानमा पनि श्रीमान् भन्दा श्रीमतिले कम पढेको हुनुपर्दछ नत्र श्रीमतीको नियन्त्रणमा पर्नुपर्दछ भन्ने मान्यता कायम रहेको उत्तरदाताहरु बताउँछन् । हालका दिनहरुमा महिलाको लागि शिक्षा क्षेत्रमा केहि लगानी गरिए पनि खाली विवाहकै निमित्त मात्र पढ्ने र पढाउने चलन बढी भएको उत्तरदाताहरु बताउँछन् । सामान्यतयाः उच्च शिक्षा लिने बेलामा विवाह गरिदिने चलन बढी भएकोले र विवाह पछाडि पढाउनुपर्ने मान्यताले गर्दा उच्च शिक्षामा भने वर्तमानमा पनि महिलाहरुको कम संलग्नता रहने गरेको देखिन्छ । पेशापनि चेतनाको एक माध्यमको रुपमा रहेको कुरा माथिका विभिन्न विश्लेषणले देखाएको छ । कृषि पेशामा लागेका अभिभावकहरु भन्दा अनपढ भएपनि अन्य पेशामा लागेका अभिभावकको चेतना स्तर केहि माथि रहेको र ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बस्ने अभिभावकहरुको चेतना स्तर बढी रहेको हुन्छ तर यहाँका अधिकांश मानिसहरु गाउँमै बस्ने र कृषि पेशा नै अंगालेका हुनाले चेतनाको कमी भई महिला शिक्षालाई बढी नै प्रभावित गरेको कुरा प्राप्त तथ्यहरुले प्रमाणित गरेका छन् । यस क्षेत्रमा वर्तमानमा भने पढ्नुपर्छ भन्ने चेतनाको विकासमा केहि सुधार आएको छ । त्यसैले आजभोलि आर्थिक अवस्था बलियो हुने आमाबाबुले आफ्ना छोराछोरीलाई राम्रो बोडिङ्ग स्कूलमा पढाउने लहर चलेको छ । तर पनि कतिपय बाबुआमाले छोरालाई मात्र बोडिङ्ग स्कूलमा पठाउने र छोरीलाई भने घरमा काममा सहयोग गर्न चाहिन्छ भन्ने मान्यताले गाउँकै सामान्य स्कुलमा पढ्ाउने गर्दछन् ।

माथिको विश्लेषणबाट चेतना महिला शिक्षाको निमित्त एक महत्वपूर्ण जिम्मेवार कारक तत्व हो । यसको कारणले विद्यालय उमेरमा विद्यालयमा सहभागि हुन नसके पनि बुझ्ने भएपछि शैक्षिक सहभागिता समेत बढेको विद्यालयको भर्ना सहभागिताले देखाएको छ । वास्तवमा चेतनाले महिलाको शिक्षामा हुने सुरु सहभागिता र निरन्तरताको निमित्त महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

**७.७ जैविक समस्या**

महिलाहरुका लागि उनीहरुको शिक्षालाई प्रभाव पार्ने अर्को तत्वमा महिलाको शारीरिक संरचना र प्राकृतिक भूमिका उनीहरुको शिक्षालाई प्रभावित गर्ने एक अत्यन्त महत्वपूर्ण तत्व हो जसले महिला शिक्षामा हुने सहभागिता र निरन्तरतामा प्रत्यक्ष अशर पार्दछ । विशेषगरि

यौवनावस्था पश्चात देखिने यी परिवर्तनले त्यस पश्चातको शैक्षिक गतिविधि र प्रगतिलाई नराम्रोसँग प्रभाव पार्दछ । यस परिवर्तनले सम्पूर्ण महिलाहरुलाई असर त पार्छ नै तर कसैमा यसको प्रभाव बढी हुन्छ त कसैमा कम । उत्तरदाताहरुबाट प्राप्त विवरण अनुसार महिलाको जीवनमा आउने जैविक परिवर्तनले एक त उनीहरुलाई शारीरिक रुपमा अशक्तताको श्रृजना गर्दछ भने अर्कोतर्फ शारीरिक परिवर्तनले उसको भावना र सोचाइमा परिवर्तन ल्याउँछ । फलस्वरुप यी शारीरिक परिवर्तन र त्यसको कारणबाट आउने मानसिक परिवर्तन दुबैले शिक्षालाई नराम्रोसँग अशर पार्दछ । विगतमा महिलाको शिक्षामा हुने सुरु सहभागिता समेतमा अशस पार्ने यस तत्वले वर्तमानमा शिक्षाको निरन्तरतामा निकै ठूलो असर पुर्‍याएको छ ।

महिलाहरु जब किशोरअवस्थातर्फ जान्छन् तब उनीहरुमा विपरित लिङ्गप्रति र श्रृंगारतर्फ उत्साह पैदा हुँदै जान्छ । यसरी केटापट्टीको झुकाव र मन अस्थिर हुने भएकोले उक्त अवस्थामा कतिपय महिलाहरु पढन रुची देखाउदैनन् । जसको कारण उनीहरुलाई पढ्न मन नहुने अवस्थाको सृजना हुन्छ, फलस्वरुप कतिपय महिलाहरुले आफ्नो पढाइलाई राम्रोसँग अगाडि बढाउन सक्दैनन् र बारम्बार परीक्षामा असफल भई अन्ततः पढाई बिचमै छोड्न बाध्य हुन्छन् भन्ने धारणा २ जना निरक्षर र १ जना प्रा . वि. तह उत्तीर्ण महिलाको रहेको छ । यसै तथ्यलाई केहि अन्य उत्तरदाताहरुले पनि राखेका थिए भने स्थलगत अध्ययनको क्रममा गरिएको अवलोकनले पनि यसलाई पुष्टि गरेको थियो ।

महिलाको मानसिकतामा परिवर्तन ल्याउने अर्को तत्व विवाह हो । जैविक पक्षसँग सम्बन्धित यस सामाजिक संस्कारले महिलाहरुको अध्ययनलाई निकै प्रभावित गर्दछ । विगतमा २ महिलाहरुले पढ्ने उमेरमा नै विवाह भएर पढ्न सकेका छैनन् तर वर्तमानमा यसले महिला शिक्षाको निरन्तरतामा प्रायः रोक लगाएको र निरन्तरता दिईरहेका केही महिलाहरु पनि पढाइमा कमजोर भई बारम्बार फेल हुने गरेको तथ्य उत्तरदाताको अवलोकनबाट देखिएको छ । विवाहले महिलालाई यौन क्रियाकलापको निमित्त अनुपती दिन्छ फलस्वरुप पढ्ने उमेरमा नै यौनजन्य हैरानीको कारण पनि सानो उमेरमा नै विवाह गर्ने महिलाहरुले पढ्न सकेका छैनन् । वर्तमानमा सामान्यतयाः महिलाको विवाह उच्च शिक्षा लिने बेलामा हुने गरेको देखिन्छ । बीस वर्ष पूर्वको महिला उमेरको हिसावले कलिलो मानिन्छ तर यौवनता, शारीरिक परिपक्वता र यौन उत्तेजनाको हिसाबले सो उमेर नै सबैभन्दा बढी परिपक्वताले छाएको उमेर हो । यसले गर्दा

पढ्ने उमेरमा नै उनीहरु यौन क्रियाकलापमा संलग्न हुन पुग्छन् परिणामस्वरुप उनीहरुले पढ्न सक्दैनन् भन्ने धारणा उत्तरदाताहरुको रहेको छ । विवाह पछाडि महिलाहरु निर्वाध रुपमा यौन क्रियाकलाप गर्नसक्ने हुनाले उनीहरु अध्ययन भन्दा पनि यौन क्रियाकलापमा आफूलाई वढी समर्पित गर्दछन् । यहाँको समाजमा विवाहित महिलालाई खासै फुर्सद नहुने र फुर्सदको बेलामा पढ्न भन्दा पनि यौन क्रियाकलापतर्फ बढी उत्साहीत हुने गरेको धारणा उत्तरदाताहरु राख्दछन् । यसको कारणले उनीहरु पढाइप्रति ध्यान दिन सक्दैनन् । वास्तवमा विवाह पश्चात अध्ययनलाई निरन्तरता दिएका महिलाहरु विवाह पश्चात पहिले भन्दा पढाइमा निकै कमजोर हुनुको यो पनि प्रमुख कारण रहेको छ ।

महिनावारी महिलाको शरीरमा हुने प्राकृतिक घटना हो । यौवनावस्थामा देखिने यस घटनाले गर्दा उनीहरु हरेक महिना विद्यालय जान असमर्थ हुन्छन् । एक त कतिपय महिलाहरु विद्यालय जान सक्दैनन् र जान सक्नेहरु पनि शरीरको कारणले जान नपाउने सम्भावना रहन्छ । यसले गर्दापनि अध्ययनमा संलग्न भइरहेका महिलाहरु सधै अध्ययनमा सहभागि भइरहन नसकी अध्ययनमा कमजोर हुन्छन् र बारम्बार परीक्षामा असफल हुने मात्र नभई अन्ततः पढाइसमेत छोड्न बाध्य हुनुपर्ने धारणा उत्तरदाताहरुको रहेको छ ।

महिला शिक्षालाई प्रभावित गर्ने अर्को तत्व जैविक रुपमा प्राप्त महिलाको पुर्नउत्पादक भूमिका हो । सामान्यतयाः विवाहपश्चात देखापर्ने यो भूमिकाको कारणले पनि उनीहरुको शिक्षामा ठूलो असर पुर्‍याएको देखिन्छ । पढ्ने बेलामा नै सुत्केरी हुने र उक्त समयमा शारीरिक अशक्तता रहने कारणले मात्र उनीहरुले अध्ययनलाई निरन्तरता दिन नसकेका छैनन् गर्भावस्थामा नै यस्तो अशक्तता देखापर्दछ जसले गर्दा उनीहरुको शिक्षामा नराम्रोसँग असर पारेको छ । अनुसन्धानको क्रममा १ जना उत्तरदाता परीक्षाको समयमा सुत्केरी हुन गई परीक्षामा सामेल हुन नसकेर पढाई छोड्नुपरेको बताउँछिन् भने २ जना एस. एल. सी. उत्तीर्ण र १ जना कक्षा १२ मा अध्ययनरत महिलाहरुले पढ्ने उमेरमा नै बच्चा भएको कारण अध्ययनलाई निरन्तरता दिन नसकेको बताएका छन् । यसबाट के प्रष्ट हुन्छ भने महिला शिक्षालाई प्रभावित गर्ने सामाजिक, साँस्कृतिक तत्वहरु मात्र कारक नभई स्वयं उनीहरुको जैविक संरचना समेत बाधक बन्न गएको छ ।

## ७.८ विद्यालय समय

महिला शिक्षालाई प्रभावित गर्ने अर्को महत्वपूर्ण तत्व विद्यालय समय रहेको देखिन्छ । यसले औपचारिक र अनौपचारिक दुबै शिक्षा प्रणालीमा हुने महिलाको सहभागिता र निरन्तरतामा ठूलो असर पुर्‍याउँछ ।

अध्ययन क्षेत्रमा विद्यालयहरु दिउँसो १० देखि ४ बजे र अनौपचारिक कक्षा राती संचालन हुने गरेको देखिन्छ । अध्ययन अध्यापन हुने यो समयको कारण कतिपय महिलाहरु अध्ययनलाई निरन्तरता दिन सकिरहेका छैनन् । दिनभरि काम गरेर दुइ छाक टार्नु पर्ने यहाँका कतिपय महिलाहरु दिउँसो विद्यालय जान भ्याउँदैनन् । वास्तवमा जीउनको लागि संघर्षरत यिनीहरुको निमित्त परिश्रम गरेर रोजीरोटीको व्यवस्था गर्नु प्रमुख चूनौति हो । सहभागि भएका महिलाहरु पनि फुर्सदमा मात्र विद्यालय जाने हुँदा पढाइमा कमजोर रहेको तथ्य अनुसन्धानबाट पत्ता लागेको छ ।

अधिकांश महिलाहरु क्याम्पस पढ्ने उमेरमा विवाहित रहेका छन् । गाँउमानै क्याम्पसको अभावका कारण उच्च शिक्षा लिनको लागि सदरमुकाममानै धाउनुपर्ने बाध्यता यस क्षेत्रको लागि निकै ठूलो चुनौतिनै रहेको छ । उच्च शिक्षा लिनको लागि घर छोडेर बजारमा आइ डेरा लिइ बस्नुपर्ने यहाँको बाध्यतानै रहेको छ । जसले गर्दा निम्न वर्गका महिलाको लागि त उच्च शिक्षालिने रहर हुँदा हुँदै पनि रहरमै सिमित रहेको छ । त्यसमा पनि बुहारीको लागि त घर छोडेर बाहिर जान झनै मुस्किल रहेको छ । उनिहरुका लागि त उच्च शिक्षा लिने काम आकाशको फल आँखा तरि मर भनेमै सिमित रहेको छ ।

निरक्षर पौढ महिलाहरुलाई लक्षित गरी संचालन गरेको प्रौढ शिक्षा कार्यक्रमले विद्यालय शिक्षामा नसमेटिएका जो कोहीलाई लाभान्वित गर्न सक्दछ तर अध्ययन अध्यापनको समयका कारणले यसलाई पनि अशर गरेको देखिन्छ । बेलुका र पढाउने मानिसको सुविधायुक्त स्थानमा संचालित यस शिक्षामा रातीको समयमा आउनु जानुपर्ने हुँदा बुढापाकालाई त समस्या पारेकै छ जवान महिलालाई पनि राति आउने जाने समस्या देखिन्छ । महिलाहरुलाई रातिमा घरबाहिर जान त्यति छुट नदिइने यस समाजमा राति संचालन हुने यस शिक्षाको अर्को खराब पक्ष के पनि रहेको छ भने दिनभरि काम गरेर थाकेका महिलाहरु एक त राती पढ्न जान नै सक्दैनन् र गए पनि थकित मस्तिष्कमा पढेका कुराहरु खासै घुस्न सक्दैनन् । त्यसैले यी विभिन्न

विश्लेषणको आधारमा अध्ययन अध्यापनको समय पनि महिला शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण तत्व रहेको स्पष्ट हुन आउँछ ।

### ७.९ राजनीतिक परिपाटि

देशको हरेक क्षेत्रमा राजनितिको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव परिरहेको हुन्छ । देशलाई कुन दिशातर्फ लैजाने कुन क्षेत्रमा कति विकासको आवश्यक छ भन्ने कुराहरुको अलावा हरेक कानून, नीति नियमहरु राजनितिक तवरबाट नै निर्माण हुने गर्दछ, त्यसैले एउटा स्थिर राजनितिक परिपाटि रहन सकेमा मात्र राष्ट्रको समग्र विकास सम्भव हुन्छ । इतिहासको थालनी देखि नै नेपालमा राजनितिक स्थिरता रहन सकेको छैन । आफ्नो राजनितिक अभिष्ट पूरा गर्नको निमित्त यहाँका राजनितिज्ञहरुले विभिन्न क्षेत्रलाई आफ्नो हतियार बनाउने गरेका छन्, शिक्षा क्षेत्र प्रभावको दृष्टिले अग्र स्थानमा रहेको छ ।

अध्ययन क्षेत्रको शैक्षिक पक्षमा पनि राजनितिले नराम्रो प्रभाव पारेको देखिन्छ । आफ्नो राजनितिक स्वार्थ पूरा गर्नको निमित्त यहाँ राजनितिज्ञहरुले शिक्षक तथा विद्यार्थीहरुलाई हतियार बनाउने गरेकाछन् । शिक्षकको छनौट, नियुक्ति र सरुवा बढुवा जस्ता कुराहरु यहाँ क्षमता र आवश्यकताको आधारमा नगरी राजनितिक आस्थाको आधारमा गर्ने गरिन्छ । राजनितिक कारणले नै कुनै विद्यालयमा खचाखच शिक्षक देखिन्छन् भने कुनै विद्यालयहरु बेलाबखत शिक्षकविहिन समेत हुने गरेका छन् । शिक्षकहरु स्वयंपनि आफू समाजको एउटा बुद्धिजिवि भन्दा पनि राजनितिक कार्यकर्ताको रुपमा चिनिनु गौरवान्वित ठान्दछन् । यदि कुनै शिक्षकले फरक राजनितिक विचार राख्दछ भने कि उसको जागिर गयो नभए पनि जतिसुकै कुशल र क्षमतावान शिक्षक भएपनि उक्त स्थानमा अयोग्य सावित हुन पुग्छ र अन्यत्र सरुवा गरिन्छ ।

राजनितिको अर्को नराम्रो असर शिक्षकको गुणस्तरियतामा देखिएको छ । किनकी शिक्षक छनौटमा उसको प्राज्ञिक क्षमता भन्दा पनि कुन पार्टीको हो भन्नेलाई आधार बनाइन्छ । यसले गर्दा असक्षम शिक्षकको नियुक्ती हुन जान्छ जुन गुणस्तरिय शिक्षाको लागि घातक हुन जान्छ । अर्कोतर्फ रोजगारीको निमित्त राजनितिक पार्टीको कार्यकर्ता रहनुपर्ने बाध्यताले गर्दा पढाइको अर्थ र आवश्यकतामा प्रश्नचिन्ह देखापरेको मात्र होइन अध्ययनरत विद्यार्थीहरु राजनितिज्ञहरुको झोला बोक्न प्रेरित हुन्छन् र जेनतेन एस. एल. सी पास गर्न सके भने भोलीका शिक्षक

यिनीहरु नै हुन त्यसो हुनाले क्षमतावान विद्यार्थीहरुलाई पनि पढाइप्रति उदासिनता र निराशा छाएको पाइन्छ ।

### ७.१० अव्यवहारिक शैक्षिक परिपाटि

गुणात्मक मानविय जीवनको निमित्त पथप्रदर्शको रुपमा रहेको शिक्षा त्यस्तो माध्यम हो जसले मानिसको व्यक्तित्व विकास गर्नु महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यदि शिक्षाले स्वयं शिक्षित व्यक्तिको व्यक्तित्व, समाजको रुढिवादी संरचना र मान्यतालाई सकारात्मक परिवर्तन ल्याउन सकेन भने त्यो खाली शिक्षाको निमित्त शिक्षा मात्र हुनजान्छ । समयानुकुलको शैक्षिक परिपाटि हुन नसकेमा त्यस्तो शिक्षा व्यवहारिक हुन सक्दैन । आर्थिक सहयोग र अनुदानको नाममा बाहिरियाहरुको चाहना अनुरुप र परीक्षणको निमित्त शिक्षा प्रणाली लागू गरिनुभन्दा पनि जनताको आवश्यकता र चाहना अनि राष्ट्का निमित्त आवश्यक पर्ने किसिमको सिपमूलक र योग्य जनशक्तिको निमार्ण गर्नको निमित्त लागू गरिनुपर्दछ । मानिसको व्यवहारमा लागू गर्न नसकिने शैक्षिक परिपाटिले जनताको आवश्यकता र चाहना पूरा गर्न सक्दैन भने यस्तो शिक्षा पढ्नु कुनैपनि हालतमा आवश्यक मानिदैन । किनकी यस्तो शिक्षाले न त शैक्षिक लगानीलाई उपलब्धी गराउन सक्छ न त पढेर कुनै उपलब्धी नै हात लाग्छ बरु त्यसको विपरित पढाइमा उदासिनता देखापर्दछ । यस्तो अवस्थामा संख्यात्मक रुपमा यती र उती शिक्षित भनेर औंला भाँच्नु भन्दा पनि अशिक्षित व्यक्तिभन्दा शिक्षित व्यक्ति कति चलाख, बुद्धिमान, सिपमूलक, योग्य र व्यवहारिक वा फरक छ भनेर हेर्नु मुख्य आवश्यकता हो । यदि कुनै शिक्षित व्यक्ति अर्को अशिक्षित व्यक्तिसँग फरक रहदैन भने त्यसको के अर्थ रहन सक्ला ? त्यसैले शिक्षाले ल्याएको वा ल्याउने संख्यात्मक परिवर्तन भन्दा पनि गुणात्मक परिवर्तन बढी महत्वपूर्ण हो र वास्तवमा शिक्षा त्यसैको निमित्त समर्पित र क्रियाशिल हुनुपर्दछ ।

नेपालमा विगतको तुलनामा शैक्षिक क्षेत्रमा थुप्रै प्रगतिका उदाहरणहरु देखिएका छन् । यस्तो प्रगति पुरुषको शैक्षिक अवस्थामा मात्र नभई महिलाको शैक्षिक अवस्थामा समेत देखिएको छ । वास्तवमा यो सकारात्मक पक्ष हो तर यस किसिमको शिक्षाले महिलाको जीवनमा के कति प्रभाव पार्‍यो वा के कस्ता परिवर्तनहरु ल्यायो र ती परिवर्तनहरु समयसापेक्ष आवश्यक र व्यवहारिक छन् कि छैनन् भन्ने कुराको खोजी गर्नु आजको प्रमुख आवश्यकता हो । यदाकदा हाम्रो शिक्षा प्रणाली दोषयुक्त र अव्यवहारिक रहेको तथ्यहरु प्रकाशमा आउने गरेका छन् उक्त

तथ्यहरु सही हुन् वा गलत आदि कुराहरुको पनि खोजी गर्नुपर्दछ तर यस किसिमको खोजी हालसम्म कतै कसैबाट भएको पाइदैन । त्यसैले समयानुकुल र जनचाहनालाई आत्मसात गर्ने शैक्षिक परिपाटि छ कि छैन भन्ने कुराको एकपटक परिक्षण गर्नुपर्ने हो कि जस्तो देखिन्छ ।

महिला शिक्षालाई प्रभावित गर्ने एक महत्वपूर्ण तत्वको रुपमा गलत र अव्यवहारिक शैक्षिक परिपाटि पनि रहेको छ । जसले नेपालको शैक्षिक नितिमाथि नै प्रश्नचिन्ह तेर्साएको छ । अध्ययनलाई निरन्तरता दिन नसकेका उत्तरदाताहरु सबैले नेपालको शैक्षिक व्यवस्थानै व्यवहारिक नभएको जति पढेपनि जागिर नपाइने हुनाले पढाइलाई निरन्तरता दिन जरुरी नभएको बताएका छन् ।

समग्रमा भन्नुपर्दा देशको शैक्षिक परिपाटि महिला शिक्षालाई प्रभावित गर्ने एक अत्यन्तै महत्वपूर्ण जिम्मेवार तत्व हो, जसको सही प्रयोग हुन सकेमा सकारात्मक परिवर्तनको अपेक्षा गर्न सकिन्थ्यो तर वर्तमानमा यसको अव्यवहारिक किसिमको प्रयोगले गर्दा यसले महिला शिक्षालाई कमजोर र धरासायी बनाउने काम गरेको छ ।

महिला शिक्षालाई प्रभावित गर्ने तत्वहरुको बारेमा पहिचान र विश्लेषण गरिएको यस अध्ययनमा विभिन्न तत्वहरुको विश्लेषणपश्चात के देखिएको छ भने महिलाको शैक्षिक अवस्था कमजोर हुनुमा कुनै एक तत्वको मात्र भूमिका रहेको छैन । यस अनुसन्धान क्षेत्रको गहन अध्ययनपश्चात पत्ता लागेका यी विभिन्न तत्वहरु नै समग्र नेपालको महिला शिक्षामा प्रभाव पार्ने प्रमुख तत्वहरु हुन् तर हरेक समाजमा यिनै तत्वहरुको मात्र प्रभाव रहेको छ भनेर भन्न सकिन्न । किनकि फरक समाजमा त्यहाँको सामाजिक मूल्य, मान्यता र परिवेश अनुसार महिला शिक्षालाई प्रभावित गर्ने तत्वहरु पनि फरक हुन सक्छन् । फेरी यिनै तत्वहरु रहेका समाजमा पनि यिनीहरुको प्रभाव फरक रहन सक्छ अथवा एक समाजमा मुख्य कारक तत्व रहेको विषयवस्तु अर्को समाजमा कम महत्वपूर्ण तत्वको रुपमा रहन सक्दछ । तर जे होस् समग्रमा नेपाली समाजमा महिला शिक्षालाई प्रभावित गर्ने प्रमूख तत्वहरु यिनै रहेका छन् ।

## अध्यायः आठ

# महिलाहरुको जीवनमा शिक्षाले पारेको प्रभाव परिक्षण

नेपाली समाजमा पुरुषको तुलनामा महिलाको अवस्था अत्यन्तै कमजोर, दयनिय र दुःखदायी रहेको छ । परिवार भित्रको चुलाचौकाको परिधिबाट उनीहरु बाहिर निस्कन सकेका छैनन् । परिवारकै सेवा, सुसारमै उनीहरु दिनरात व्यस्त रहेका छन् । घरभित्रका सम्पूर्ण कामहरु त उनीहरुका पेवानै समान भए घरबाहिर खेतीपातीको काममा पनि उनीहरुले पुरुष समान योगदान दिनुपर्ने बाध्यता यहाँका कृषक महिलाहरुको रहेको छ । यतिधेरै काम र योगदान गरिरहे पनि न त कुनै काममा महिलाको निर्णायक भूमिका हुन्छ न त आफ्नो योगदानबाट प्राप्तकमाइमा नै । यति सम्मकी आफ्नै शरिरमा सम्म पनि उनीहरुको नियन्त्रण रहेको छैन । आफ्नै परिवार भित्र र बाहिर समेत पुरुषबाट आफूप्रति गरिने अमानविय र अपमानजनक व्यवहार उनीहरु स्वीकार्न बाध्य छन् । महिलाहरुको निमित्त यस्ता व्यवहारहरु एक दैनिकि नै बनेका छन्, जसले गर्दा उनीहरु फरक व्यवहारको न त अपेक्षा गर्छन न त कुनै कल्पना नै । नेपाली समाजमा पुरुष दमनका श्रृङ्खलाहरु विगत देखिनै यसरी संस्थागत हुँदै आएका छन् कि यस्ता दमनपूर्ण व्यवहार आफूमाथि हुँदा पनि महिला सो कुराको ज्ञान समेत राख्न सक्दैनन् । समग्रमा विगतदेखि वर्तमानसम्म नै पुरुष महिलाका क्रियाकलाप र भूमिकाहरु यसरी निर्दिष्ट र संस्थागत हुँदै आइरहेका छन्, जसको कारण महिला माथि जतिसुकै अन्याय भइरहे पनि उनीहरु आफूमाथि अन्याय भईरहेको आभाष गर्दैनन् फलतः ती व्यवहार माथि प्रश्न चिन्ह नै लाग्दैन ।

शिक्षाले मानिसको व्यक्तित्व परिवर्तन गर्न सक्दछ, भावना र चाहनालाई परिष्कृत गर्दछ अनि उसलाई आफ्नो अधिकारको पहिचान गर्न र प्राप्त अधिकारको संरक्षण र उपयोग गर्न सक्षम बनाउँछ जसको परिणामस्वरुप चुलाचौकाको परिधिबाट महिलाहरु बाहिर आइ हरेक काम पुरुष समान नै गर्न सक्ने हुन्छन् भन्ने मान्यता राख्दै महिला शिक्षालाई लक्षित गरी विभिन्न राष्ट्रिय, अर्न्तराष्टिय कार्यक्रमहरु निति नियमहरु बने अनुरुप वर्तमानमा महिलालाई पनि शिक्षा दिने प्रचलन बढ्दै गएको देखिन्छ । यसैको फलस्वरुप वर्तमानमा महिलाको शैक्षिक अवस्था सुध्रिएको मात्र होइन कतिपय महिलाहरु अत्यन्तै शिक्षित पनि रहेका छन् । वास्तवमा यो एक गौरवपूर्ण पक्ष हो तर त्यो भन्दा पनि मुख्य कुरा त शिक्षाले महिलाको जीवनमा विविध

पक्षहरुमा के कति परिवर्तन ल्याउन सक्यो भन्ने हो । जतिसुकै शिक्षित भएपनि परम्परागत धारणा, सोचाई कृयाकलाप अनि व्यवहारमा कुनै परिवर्तन आउन सकेन वा शिक्षित भएर पनि महिलाहरु चेलनशील तथा विवेकशिल हुन सकेनन् भने वास्तवमा उनीहरुको शिक्षा र त्यसमा गरिएको लगानी निरर्थक मात्र बन्दैन समग्र शैक्षिक परिपाटी समेत अत्यन्तै घातक, अप्रभावकारी र अव्यवहारिक सिद्ध हुनजान्छ । त्यसैले शिक्षाले महिलाको धारणा, व्यवहार र भूमिकामा अपेक्षित परिवर्तन ल्याउन सक्यो वा सकेन वा के कति मात्रामा ल्याउन सक्यो भनेर परिक्षण गर्नु आवश्यक हुन्छ । किनकी शिक्षाको प्रभावकारिता त शिक्षित व्यक्तिको गुण र व्यवहारमा आउने सकारात्मक परिवर्तनसित सम्बन्धित हुन्छ र हुनुपर्छ । यदि शिक्षाबाट पनि अपेक्षित परिवर्तन आउन सकेन भने वर्तमानमा लागूभएका शैक्षिक परिपाटि र निति नियमहरुलाई परिवर्तन गर्नुपर्ने वा त्यस्तो परिवर्तनको निमित्त अन्य चेतनामूलक कार्यक्रमहरु लागू गर्नुपर्ने हुनसक्छ ।

यस अध्यायमा छनौट भएका उत्तरदाताहरुको शैक्षिक अवस्था वा स्तरको आधारमा उनीहरुका जीवनको महत्वपूर्ण पक्ष पारिवारिक भूमिकामा सकारात्मक परिवर्तन आई परिवार बाहिर सम्म उनीहरुको पहुँच कायम हुन सक्यो वा सकेन ? महिलाप्रतिको परम्परागत धारणामा कुनै परिवर्तन आयो वा आएन ?, निर्णय प्रकृयामा महिलाहरुको पहुँच कायम हुन सक्यो वा सकेन ?, महिलाका आर्थिक अवस्थामा शिक्षाको प्रभाव पर्‍यो वा परेन ? यी विभिन्न पक्षहरुमा महिला उत्तरदाताको शिक्षाले के कति प्रभाव पार्न सक्यो ? आदि जस्ता केही महत्वपूर्ण पक्षहरुको परीक्षण गरिएको छ । यस प्रयोजनको निमित्त यस अध्यायमा उत्तरदाताहरुको शैक्षिक अवस्थालाई लेखपढ् गर्न नसक्नेलाई निरक्षर, प्रौढ शिक्षा देखि  प्राथमिक शिक्षा सम्म अध्ययन गरेकालाई सामान्य लेखपढ गर्न सक्ने, कक्षा ६ देखि कक्षा १२ वा सो सरहसम्म अध्ययन गरेकालाई विद्यालय शिक्षामा र स्नातक वा सो भन्दा माथिको तह सम्म अध्ययन गरेका उत्तरदातालाई उच्च शिक्षा गरि चार तहमा विभाजन गरिएको छ ।

## ८.१ उत्तरदाताको शैक्षिक अवस्था र महिलाशिक्षाप्रतिको धारणा

मानिसले आफ्नो धारणा, मान्यता र सोचाइको आधारमा व्यवहारको प्रदर्शन गर्दछ । तसर्थ महिलाहरुको स्वयं महिला शिक्षाप्रति रहेको धारणा वा दृष्टिकोणले नै यथार्थमा उसको

व्यवहारलाई निर्देशित गरिराखेको हुन्छ । महिलाको निमित्त लागू गरिएको शैक्षिक परिपाटिले स्वयं शिक्षित महिलाहरुको नै नारीप्रतिको परम्परागत दृष्टिकोणमा कुनै परिवर्तित सकारात्मक धारणा ल्याउन सकेन भने शिक्षा व्यवहारिक भएको मान्न सकिन्न । नेपाली समाजमा महिलाले पढन किन आवश्यक छ ? भन्ने कुराको जवाफ हरेकका आ आफ्नै किसिमका रहेका छन् । त्यसैले यस शीर्षक अर्न्तगत माथिकै सवालको जवाफलाई उत्तरदाताहरुको शैक्षिक अवस्थाको आधारमा मुल्यांकन गरिएको छ । यसबाट महिला शिक्षाप्रतिको धारणामा शिक्षित र अशिक्षित महिलाहरुको फरक दृष्टिकोण रहेको छ कि छैन ?, यस्तो फरक दृष्टिकोण कति उचित र अपेक्षित किसिमको रहेको छ ? वा महिला शिक्षाप्रति उत्तरदाताहरुकति सकारात्मक रहेका छन् ? र शिक्षाले स्वयं शिक्षित महिलाको ज्ञानमा कुनै परिवर्तन ल्याउन सक्यो वा सकेन ? भन्ने कुरालाई बुझ्न सकिन्छ । त्यसैले शैक्षिक अवस्थाको आधारमा महिला शिक्षाप्रति उत्तरदाताहरुको धारणालाई निम्नअनुसार उल्लेख गरिएको छ ।

तालिका नं. ८.१ उत्तरदाताहरुको शैक्षिक अवस्था र महिला शिक्षाप्रति उनीहरुको धारणा

| क्र. सं. | शैक्षिक अवस्था | परिवार शिक्षित बनाउन | आत्मनिर्भर बन्न | विवाह गर्न | माथिका सबै | ज्ञानार्जन गर्न | पैसा कमाउन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | निरक्षर | १ | ६ | ४ | १ | २ | – | १४ |
| २ | सामान्य लेखपढ | १ | ३ | २ | १ | – | – | ७ |
| ३ | विद्यालय शिक्षा | २ | ७ | १ | २ | १ | – | १३ |
| ४ | उच्च शिक्षा | – | – | – | ६ | २ | – | ८ |
| | जम्मा | ४ | १६ | ७ | १० | ५ | – | ४२ |

श्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार आत्मनिर्भर बन्न महिलाले पढ्नुपर्ने १६ जना उत्तरदाताहरुको धारणा रहेको छ भने ४ जना उत्तरदाताहरु परिवार शिक्षित बनाउन महिलाले पढ्नुपर्ने ठान्दछन् तर नमूना छनौटमा ७ जना उत्तरदाताहरु महिलाले विवाह गर्नको लागि पढ्न आवश्यक रहेको धारणा राख्दछन् । १० जना उत्तरदाताहरुले माथि उल्लेखित तीन नै कारणको निमित्त महिलाले

पढ्नुपर्ने मान्यता राखेका छन् । यसै क्रममा ५ जना उत्तरदाताहरुको धारणा भने ज्ञान आर्जन गर्न महिलाले पढ्नुपर्ने धारणा राखेका छन् ।

उत्तरदाताहरुको शैक्षिक अवस्थाको आधारमा हेर्ने हो भने विवाह गर्नको निमित्त महिलाले पढनुपर्ने धारणा ४ जना निरक्षर, २ जना सामान्य लेखपढ र १ जना विद्यालय शिक्षा लिइएका उत्तरदाताहरुले राखेका छन् । विद्यालय शिक्षा सम्मको योग्यता भएका उत्तरदाताले यो धारणा राख्नुले वास्तवमा शिक्षाले शिक्षित व्यक्तिको धारणामा उचित परिवर्तन आउन नसकेको हो कि भन्ने देखाउछ । १० जना आत्मनिर्भर बन्न, परिवार शिक्षित बनाउन र विवाह गर्न तिनै उपलब्धीको लागि महिलाले पढ्नुपर्ने धारणा राख्नेहरुमा १ जना निरक्षर, १ जना सामान्य लेखपढ, २ जना विद्यालय शिक्षा र ६ जना उच्च शैक्षिक योग्यता भएका छन् । समग्रमा माथिको तालिकाबाट प्राप्त तथ्याँकलाई केलाएर हेर्ने हो भने उत्तरदाताको शैक्षिक अवस्थाले उनीहरुको धारणामा यथार्थमा परिवर्तन ल्याएको त देखिन्छ तर उचित र अपेक्षित परिवर्तनले पूर्णता भने पाउन सकेको छैन । किनकि विवाह गर्नको निमित्त महिलाले पढनुपर्ने धारणा शिक्षित महिलाको समेत रहनुले विवाह गर्नको निमित्त यति र त्यति पढेको भनी कुरा गर्नु बाहेक शिक्षाको अरु बढी उपलब्धी रहेको संकेत मिल्दैन ।

### ८.२ उत्तरदाताहरुको शिक्षा र उनीहरुको विवाहको निर्णय

महिलाहरु जतिसुकै शिक्षित हुन वा अशिक्षित अथवा आफ्नो विवाहको विषयमा जे जस्तो धारणा राखेका किन नहुन् त्यसको निर्णय गर्ने अधिकार वा क्षमता उसका निहितमा छैन भने उसको शिक्षा र धारणाको कुनै अर्थ रहन्न । जतिसुकै शिक्षित महिला भए पनि आफ्नै विवाहको निर्णय आफू गर्न नसक्दा वा नपाउँदा चाँडो विवाह गर्नु उचित होइन भन्ने ज्ञान हुँदा हुँदै पनि सो कार्य गर्न उनीहरु वाध्य हुन्छन् र हुने गरेका पनि छन् । आजसम्म पनि अभिभावककै चाहना अनुरुप विवाह गर्नुपर्छ भन्ने धारणा अशिक्षितको त के शिक्षित महिलाहरुको समेत रहेको देखिन्छ । यसो हुनुलाइए राम्रो मान्न सकिन्न । जतिसुकै पढेपनि आफ्नो जोडिको चयन गर्ने जस्तो महत्वपूर्ण विषयमा समेत स्वनिर्णय गनै नसक्ने परिस्थिति रहनुले महिलालाई स्वतन्त्र बनाउने र आफ्नो सरोकारको विषयमा आफै निर्णय र नियन्त्रण गर्ने क्षमताको अभिबृद्धि गराउने पक्षमा उनीहरुलाई दिइने शिक्षा समेत नरहेको हो कि भन्ने

संकेत गर्दछ । विवाहको निर्णय आफैले गर्नुपर्छ भन्ने मान्यता राख्ने महिलाहरु समेत यहाँको समाजमा अन्ततः अविभावकहरुकै चाहनालाई स्वीकार्न वाध्य छन तर जे होस् आफ्नो विवाहको निर्णय आफैले गर्नुपर्दछ भन्ने सबैले सो कुरालाई लागू गर्न नसके पनि त्यस्तो किसिमको चेतनाको विकासमा आएको क्रमिक सुधारलाई भने महत्वपूर्ण नै मान्नुपर्ने हुन्छ । यस अध्ययनमा विवाहित उत्तरदाताहरुलाई तपाइँको विवाहको निर्णय कसले गर्‍यो ? र अविवाहित महिला उत्तरदातालाई उनीहरुको विवाहको निर्णय कसले गर्दछ वा गर्नुपर्दछ भन्ने प्रश्न राखिएको थियो । यसको जवाफमा शिक्षित र अशिक्षित उत्तरदाताहरुको धारणा के कस्तो रहयो भन्ने कुरा निम्न तालिकामा उल्लेख गरी विश्लेषण गरिएको छ ।

तालिका नं. ८.२: उत्तरदाताहरुको शैक्षिक अवस्था र उनीहरुको विवाहको निर्णयकर्ता

| क्र. सं. | शैक्षिक अवस्था | आफैले | | बाबुले | | आमाले | | बाबुआमा दुबैले | | अन्य कसैले | | जम्मा | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अवि. | वि. | अवि. | वि. | अवि. | वि. | अवि. | वि. | अवि. | वि. | अवि. | वि. | |
| १ | निरक्षर | | १ | | ९ | | १ | | १ | | २ | | १४ | १४ |
| २ | साक्षर | ५ | २ | | ६ | | १ | ४ | १ | | | ९ | १० | १९ |
| ३ | उच्च माध्यमिक शिक्षा | ४ | | | १ | | | २ | १ | | | ६ | २ | ८ |
| ४ | उच्च शिक्षा | १ | | | | | | | | | | १ | | १ |
| जम्मा | | १० | ३ | | १६ | | २ | ६ | ३ | | २ | १६ | २६ | ४२ |

श्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका ८.२ अनुसार २६ जना विवाहित उत्तरदाताहरुमध्ये १६ जना महिलाहरु बाबुको चाहनाबमोजिम आफूले विवाह गरेको बताउँछन् । १६ जना अविवाहित उत्तरदाताहरु मध्ये १० जनाले विवाहमा आफैले निर्णय गर्नुपर्छ भन्ने धारणा रहेको भए पनि व्यवहारमा उतार्न सकेको देखिदैन । शैक्षिक अवस्थाका आधारमा हेर्दा बाबुको चाहना बमोजिम विवाह गर्ने ९ जना निरक्षर रहेका छन् भने ६ जना साक्षर र १ जना उच्च माध्यमिक शिक्षा लिइएका छन् ।

विवाहको निर्णय आफैले गर्नुपर्दछ भन्ने अविवाहित जम्मा १० जनामा ५ जना साक्षर, ४ जना उच्च माध्यमिक शिक्षा लिइएका, र १ जना उच्च शिक्षा लिइएका रहेका छन् भने विवाहित ३ जनामा १ जना निरक्षर र २ जना साक्षर रहेका छन् । बाबुआमा दुबैले विवाहको निर्णय गनुपर्दछ भन्ने जम्मा अविवाहित ६ जना मध्ये ४ जना साक्षर र २ जना उच्च माध्यमिक तह पूरा गरेका रहेका छन् भने विवाहित ३ जनामा निरक्षर, साक्षर र उच्च माध्यमिक तहका गरि क्रमशः १/१ जना रहेका छन् । यस्तै २ जना विवाहित महिलाको विवाहको निर्णय आमाले गरेको बताउने उनीहरुको शैक्षिक स्तर १ जना निरक्षर र १ जना साक्षर रहेका छन् ।

उक्त तथ्याँकको आधारमा हेर्दा महिलाको शैक्षिक स्तरले केही हदसम्म आफ्नै निर्णले विवाह गर्ने धारणाको विकास गराएको देखिन्छ, तर यस्तो धारणालाई विवाहित महिलाले व्यवहारिकता दिन नसकेको देखिन्छ ।

## ८.३ उत्तरदाताहरुको शैक्षिक अवस्था र उनीहरुको आर्थिक स्थिति

नेपाली महिलाको आर्थिक अवस्था पुरुषको तुलनामा अत्यन्तै कमजोर रहेकोले जीवनका हरेक क्षेत्रमा उनीहरुको अवस्था पनि कमजोर रहेको छ । गरिबीको कारणले शैक्षिक क्षेत्रमा पछि परेका महिलाहरुको निमित्त हाल शिक्षामा सहभागि गराउन र तह पुरा नगरुन्जेल थामी राख्नको निमित्त छात्रवृत्ति निशुल्क पाठ्यसामग्रीको वितरण लगायत विभिन्न कार्यक्रमहरु अघि सारिएको छ भने महिलालाई दिइएको शिक्षा उनीहरुको आर्थिक अवस्था सुधार्ने एक अचूक उपकरण बन्न सक्छ भन्ने मान्यता राखिएको छ । त्यसैले यस शीर्षक अर्न्तगत केहि महत्वपूर्ण आर्थिक सूचकहरुलाई उत्तरदाताहरुको शैक्षिक अवस्था र व्यक्तिगत आम्दानी, सम्पत्तिमाथिको स्वामित्व र आर्थिक कारोबारको निर्णय जस्ता विषयमा क्रमशः चर्चा गरिएको छ ।

### क) उत्तरदाताहरुको शैक्षिक अवस्था  र व्यक्तिगत आम्दानि

महिलाहरु शिक्षित हुन सकेमा विभिन्न पेशा र व्यवसायमा संलग्न भई व्यक्तिगत रुपमा आम्दानी गर्न सक्छन् भन्ने परिकल्पनाका साथ महिलालाई शिक्षा दिने कुरामा महत्वपूर्ण प्राथमिकता दिन थालिएको छ । वास्तवमा शिक्षाले त्यस्तो अवस्थाको सिर्जना गर्न सक्नु पर्ने पनि हो । त्यसैले यहाँ कति शिक्षित महिलाहरु व्यक्तिगत आम्दानि भएका छन् वा शिक्षाले

शिक्षित महिलाको व्यक्तिगत आम्दानिमा के कति बृद्धि गर्न सक्यो भन्ने कुरालाई तलको तालिकाको आधारमा विश्लेषण गरिएको छ ।

तालिका नं. ८.३ उत्तरदाताहरुको शैक्षिक अवस्था र उनीहरुको व्यक्तिगत आम्दानी

| क.सं. | व्यक्तिगत आम्दानी | निरक्षर | साक्षर | एस.एल.सी. | उच्च माध्यमिक | उच्च शिक्षा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | भएको | १ | २ | ३ | २ | | ८ |
| २ | नभएको | १३ | ५ | १० | ५ | १ | ३४ |
| जम्मा | | १४ | ७ | १३ | ७ | १ | ४२ |

श्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिकालाई हेर्ने हो भने उत्तरदाताहरुको शैक्षिक अवस्थाले व्यक्तिगत आम्दानिमा खासै प्रभाव पार्न सकेको छैन । यस तालिका अनुसार शैक्षिक योग्यता बढ्दै जाँदा व्यक्तिगत आम्दानि बढ्नुको सट्टा घट्दै गएको देखिन्छ भने उच्च शिक्षासम्मको शैक्षिक योग्यता भएका महिलाको त कुनै व्यक्तिगत आम्दानि नै रहेको देखिदैन । उत्तरदातामध्ये व्यक्तिगत आम्दानि भएका जम्मा ८ जना मात्र रहेका छन् । त्यसमा पनि एस. एल. सी. उत्तीर्ण ३ महिलाहरुको बाहेक अन्यको आम्दानि त्यति धेरै रहेको देखिदैन । यहाँ व्यक्तिगत आम्दानि हुने एस. एल. सी. उत्तीर्ण महिलाहरु दुबै शिक्षण पेशामा संलग्न रहेका छन् भने उच्च माध्यमिक उत्तीर्ण २ महिलाहरु पनि शिक्षण पेशामा संलग्न रहेका छन् । यस्तै २ साक्षर महिलाहरु प्रौढ शिक्षामा शिक्षण गर्दछन् भने १ निरक्षण महिला सिलाई बुनाई पेशामा संलग्न रहि व्यक्तिगत आम्दानि गर्दछन् । समग्रमा व्यक्तिगत आम्दानि हुनेहरु मध्ये ३ एस. एल. सी. उत्तीर्ण भएका र २ उच्च माध्यमिक शिक्षा उर्त्तीण महिलाको बाहेक अन्यको व्यक्तिगत आम्दानिमा शिक्षाको कुनै प्रभाव रहेको छैन । तसर्थ माथिको तालिकाको आधारमा उत्तरदाताहरुको शिक्षाले व्यक्तिगत आम्दानिमा खासै भूमिका निभाउन सकेको देखिदैन ।

**ख) उत्तरदाताहरुको शैक्षिक अवस्था र सम्पत्ति माथिको स्वामित्व**

अध्ययन क्षेत्रको समाजमा पुरुषको तुलनामा महिलाले बढि नै काम गर्दछन् तर त्यति धेरै काम गरेर जे जति कमाए पनि आफ्नै कमाईमा समेत महिलाहरुको नियन्त्रण रहेको

देखिदैन । महिलाको आम्दानि तथा सम्पत्तिमाथिको नियन्त्रणमा शिक्षाले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा त राखिएको छ तर व्यक्तिगत आम्दानिमा शिक्षाको प्रभाव खासै रहेको देखिएन । यस शीर्षकमा उत्तरदाताको शैक्षिक अवस्थाको आधारमा सम्पत्तिमाथिको स्वामित्व भए/नभएको कुराको विश्लेषण गरिएको छ, जुन कुरालाई तालिका नं. ८.४ मा उल्लेख गरिएको छ ।

तालिका नं. ८.४: उत्तरदाताहरुको शैक्षिक अवस्था र सम्पत्ति माथि उनीहरुको स्वामित्व

| क.सं. | स्वामित्व भए/नभएको | निरक्षर | साक्षर | एस.एल.सी. | उच्च माध्यमिक | उच्च शिक्षा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | भएको | ५ | २ | ३ | १ | | ११ |
| २ | नभएको | ९ | ५ | १० | ६ | १ | ३१ |
| जम्मा | | १४ | ७ | १३ | ७ | १ | ४२ |

श्रोत: स्थलगत अध्ययन, २०६७

माथिको तालिका ८.४ अनुसार आफ्नो स्वामित्वमा सम्पत्ति हुने सबै भन्दा धेरै ५ जना निरक्षर महिला रहेका छन् भने सबै भन्दा ठूलो शैक्षिक योग्यता भएकी १ स्नातक महिलाको नाममा सम्पत्ति रहेको छैन । एस. एल. सी. उत्तीर्ण १३ मा ३ जना उत्तरदाताको मात्र निजि स्वामित्व रहेको देखिन्छ । उक्त तालिका अनुसार निजी स्वामित्वमा शिक्षाको प्रभाव हुने हो भने शैक्षिक स्तर बढ्दै जाँदा सम्पत्तिमा निजि स्वामित्व हुनेको संख्या बढदै जानु पर्ने हो तर त्यसो नभई थोरै शैक्षिक योग्यता भएका पनि धेरै र धेरै योग्यता भएका पनि थोरै महिलामा मात्र सम्पत्ति माथि नीजि स्वामित्व देखिएको छ । फेरि जसको नाममा सम्पत्ति छुट्टायाइए पनि उत्तरदाताले आफ्नो सम्पत्तिमा आफू खुस गर्न पाउने अवस्था भने छैन । केवल देखावटीमा मात्र महिलाको नीजि स्वामित्व रहेको छ तर वास्तविक स्वामित्व भने पुरुषको नै देखिन्छ नीजि स्वामित्व भएका उत्तरदाताहरु मध्ये पनि १ जनाले श्रीमान नभएर स्वामित्व प्राप्त गरेका छन्, भने ७ जना महिलाको श्रीमान हुँदा हुँदै पनि उनीहरुको नाममा स्वामित्व रहेको छ । यस्तै ३ जना महिलाको स्वआर्जन भएकोले निजि सम्पत्ति प्राप्त गरेका छन् जहाँ शिक्षाको कुनै गुन्जायस छैन ।

### ग) उत्तरदाताहरुको शैक्षिक अवस्था र परिवारमा आर्थिक कारोबारको निर्णय

परिवारमा व्यक्तिगत रुपमा जसले आम्दानी गरेपनि त्यसको निर्णयमा सामान्यतया सबैको पहुँच रहदैन । त्यसमा पनि महिलाको आम्दानि र उनीहरुको निजी स्वामित्वको सम्पत्तिमा समेत स्वयं महिलाले निर्णय गर्न नसक्ने अवस्था यस समाजमा विद्यमान रहेको छ । महिलालाई उसको परिवारको आर्थिक कारोवारको निर्णयका निमित्त उनीहरुलाई दिइने शिक्षाले ठूलो प्रभाव पार्ने अपेक्षा राखिएको छ । किनकी आफू रहेको परिवारको आर्थिक निर्णयमा एउटा शिक्षित महिला समेत पनि सहभागि हुन नसक्ने भएमा महिला शिक्षाको कुनै अर्थ रहन्न । महिलाको अवस्था र भूमिकामा ऊ जति शिक्षित भए पनि कुनै परिवर्तन र सुधार हुन नसकेमा र यथार्थमा हाम्रो शैक्षिक परिपाटि गलत सावित हुन सक्छ । यसै सन्दर्भमा यहाँ महिलाको शैक्षिक अवस्था र उनीहरुको परिवारमा आर्थिक कारोबारको निर्णय कसले गर्दछ ? भन्ने कुराको सम्बन्धमा निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.८.५: उत्तरदाताहरुको शैक्षिक अवस्था र परिवारमा आर्थिक कारोबारको निर्णय

| क.सं. | निर्णयकर्ता | निरक्षर | साक्षर | एस.ए ल.सी. | उच्च माध्यमिक | उच्च शिक्षा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | पुरुष स्वविवेकले | ९ | ४ | ३ | २ | | १८ |
| २ | महिला स्वविवेकले | २ | १ | २ | | | ५ |
| ३ | दुबैको सल्लाह बमोजिम जो कोहीले | ३ | २ | ८ | ५ | १ | १९ |
| ४ | आ आफ्नो आम्दानिको आआफैले | | | | | | |
| जम्मा | | १४ | ७ | १३ | ७ | १ | ४२ |

श्रोत: स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार शिक्षाले महिलालाई केहि थोरै मात्र परिवारको आर्थिक निर्णयमा सहभागि हुन सहयोग पुर्‍याएको छ तर खासै उपलब्धीपूर्ण प्रभाव भने पार्न सकेको छैन, किनकी एस. एल. सी. भन्दा माथिको तहमा रहेका महिलाहरु परिवारको आर्थिक निर्णयमा

त्यति सहभागि छैनन् केवल उच्च माध्यमिक तहमा ७ मध्ये २ महिला उत्तरदाता भएका परिवारमा आर्थिक कारोबारको निर्णय घरमूली वा पतिले गर्ने गरेको देखिन्छ । महिलाको स्वविवेकले आर्थिक कारोबारको निर्णय गर्ने परिवारमा पनि शिक्षाको प्रभाव छैन । दुबैको सल्लाहले कारोबारको निर्णय गर्ने उत्तरदाताका परिवारमा शिक्षाले केहि प्रभाव पारे जस्तो देखिन्छ, जहाँ निरक्षर उत्तरदाताको परिवारमा ३, साक्षर भएकोमा २, एस. एल. सी. भएकोमा ८, उच्च माध्यमिक भएकोमा ५ र उच्च शिक्षा भएकोमा १ गरि कुल १९ परिवारमा निर्णयमा दुबैको सहभागिता रहेको छ । माथिको विश्लेषणबाट समग्रमा शिक्षाले केहि बाहेक खासै आर्थिक कारोबारको निर्णयमा महिलाको सहभागिता बढाउन सकेको छैन, बरु महिलाको आम्दानि वा पेशाले यसमा ठूलो भूमिका खेलेको देखिन्छ ।

## ८.४ उत्तरदाताहरुको शैक्षिक अवस्था र उनीहरुको सामाजिक भूमिका

नेपाली समाजमा विगतमा महिलाको घर बाहिरका क्रियाकलापलाई अस्वीकार गर्ने परिपाटि रहेको थियो । कुनै सामाजिक काममा महिला अग्रसर भएमा “पोथी बासेको राम्रो हुँदैन” भन्ने गरिन्थ्यो । हुँन त वर्तमान सम्म पनि यो अवस्था विद्यमान रहिरहेको छ तर विगतको तुलनामा वर्तमानमा महिलाको सामाजिक भूमिका केहि बढ्न गएको देखिन्छ तै पनि महिलाको यस्तो भूमिका पर्याप्त हुन सकेको छैन । अझै पनि सामाजिक काममा संलग्न महिलाले घर परिवार र समाजबाट आलोचित बन्नै पर्ने बाध्यता देखिन्छ, जुन परिवेशभन्दा यो अध्ययन क्षेत्रको समाज पनि फरक रहेको छैन । महिलालाई दिइने शिक्षाले उनीहरुलाई घर बाहिरका सामाजिक क्षेत्रमा समेत पहुँच कायम गर्न सहयोग पुर्‍याउने परिकल्पना गरिएको छ र वास्तवमै नेपाली शैक्षिक परिपाटि त्यसतर्फ लक्षित हुनुपर्ने अवस्था पनि रहेको छ । त्यसैले यहाँ महिलाको शिक्षाले उनीहरुको सामाजिक भूमिकामा के कति बुद्धि गर्‍यो वा गरेन तथा वर्तमानमा बढ्दै गएको सामाजिक क्षेत्रमा महिला संलग्नतामा शिक्षाको प्रभाव छ कि छैन ? भन्ने कुरालाई निम्न तालिकामा उल्लेख गरी विश्लेषण गरिएको छ ।

तालिका नं. ८.६ : सामाजिक कार्यमा संलग्न उत्तरदाताको शैक्षिक अवस्था र उनीहरु क्रियाशील रहेको संस्था

| क्र.सं. | शैक्षिक अवस्था | आमा समूह | कृषि समूह | महिला समूह | जम्मा |
|---|---|---|---|---|---|
| १ | निरक्षर | ९ | १ | २ | १२ |
| २ | साक्षर | ३ | १ | २ | ६ |
| ३ | एस.एल.सी. | ८ | २ | २ | १२ |
| ४ | उच्च माध्यमिक | २ | | २ | ४ |
| ५ | उच्च शिक्षा | | | १ | १ |
| जम्मा | | २२ | ४ | ९ | ३५ |

श्रोत: स्थलगत अध्ययन, २०६७

माथिको तालिका ८.६ अनुसार सामाजिक क्षेत्रमा संलग्न ३५ महिलाहरु मध्ये २२ महिलाहरु आमा समूहमा संलग्न रहेका छन् । तिनिहरुको शैक्षिक स्तरमा ९ निरक्षर, ३ साक्षर, ८ एस. एल. सी र २ जना उच्च माध्यमिक तह अध्ययन गरेका रहेका छन् । कृषि समूहमा १ निरक्षर, १ साक्षर र २ एस. एल. सी. गरि जम्मा ४ महिला रहेका छन् भने महिला समुहमा निरक्षर, साक्षर, एस. एल. सी. र उच्च माध्यमिक सबैमा २/२ जना रहेका छन् भने १ उच्च शिक्षा गरेका गरि जम्मा ९ महिला संलग्न रहेका छन् । यसरी माथिको तथ्याँकले महिलाहरु सामाजिक कार्यमा भने केहि क्रियाशिल रहेको देखाउछ ।

## ८.५ उत्तरदाताको शैक्षिक अवस्था र बिरामी उपचारमा उनीहरुको प्राथमिकता

नेपाली समाजका अधिकांश मानिसहरु ति शिक्षित वा अशिक्षित हुन विरामी उपचारमा उनीहरुको प्राथमिकतामा धामीझाँक्री नै पर्ने गर्दछन् । औषधी विज्ञानले ठूला ठूला चमत्कारहरु गरिसकेको भए पनि नेपाली समाजमा अन्धविश्वासले छोडेको छैन । यस्तै अन्धविश्वासमा पर्ने अध्ययन क्षेत्र पनि अछुतो छैन । साक्षर हुँदा हुँदै पनि विरामी उपचारको निम्ति धामी झाँक्री गर्ने, देउता रिसाए भनी भाकल गर्ने अनि ग्रह विग्रेको भनी ग्रहपूजा, दान वा स्वस्तीशान्ती गर्ने परिपाटि यहाँको समाजमा कायम रहेको छ । जे भएपनि यहाँका मानिसहरु स्वास्थ्य उपचारमा

सर्वप्रथम स्वास्थ्य चौकी जाने गर्दछन् । त्यसपछि धामीझाँक्री कहाँ जाने गर्दछन् भने अन्तिममा अस्पताल जाने गर्दछन् । अध्ययन क्षेत्रमा ७७.६४ प्रतिशत परिवारले विरामी उपचारमा स्वास्थ्य चौकीलाई पहिलो प्राथमिकता दिने गर्दछन् । यस्तै १९.९४ प्रतिशत परिवारले धामीझाँक्री र २.४२ प्रतिशत परिवारले मात्र अस्पताललाई प्राथमिकता दिइएको पाइन्छ (धम्जा पाश्वचित्र, २०६८) । अनुसन्धानको क्रममा उत्तरदाताहरुलाई आफू विरामी भएमा केलाई प्राथमिकता दिनुहुन्छ भन्ने प्रश्न राखिएको थियो जसको उत्तरमा अत्यधिक उत्तरदाताहरुले स्वास्थ्य चौकीलाई नै प्राथमिकता दिने भने पनि विरामी हुँना साथ उनीहरु धामीझाँक्री कहाँ दौडेको उदाहरणहरु अध्ययनको क्रममा प्रशस्तै देखिएको थियो । महिलालाई दिइने शिक्षाले उनीहरुको अन्धविश्वासपूर्ण धारणालाई हटाई वैज्ञानिक प्रविधिको अनुसरण गर्न प्रेरित गर्दछ भन्ने अपेक्षा गरिन्छ । वास्तवमा एक असल शैक्षिक परिपाटिबाट उक्त अपेक्षा पूरा हुन सक्छ र हुनुपर्छ पनि । त्यसैले उत्तरदाताहरुको शिक्षाले उनीहरुको उपचार गर्ने प्रविधिमा के कति परिवर्तन ल्यायो कि ल्याएन भन्ने सवालको निम्न तालिकामा विश्लेषण गरिएको छ ।

तालिका नं. ८.७ : उत्तरदाताहरुको शैक्षिक अवस्था र उपचारमा उनीहरुको प्राथमिकता

| क्र.सं. | शैक्षिक अवस्था | धामीझाँक्री | स्वास्थ्य चौकी | अस्पताल | जम्मा |
|---|---|---|---|---|---|
| १ | निरक्षर | ५ | ९ | | १४ |
| २ | साक्षर | २ | ५ | | ७ |
| ३ | एस.एल.सी | १ | १० | २ | १३ |
| ४ | उच्च माध्यमिक | १ | ३ | ३ | ७ |
| ५ | उच्च शिक्षा | | | १ | १ |
| | जम्मा | ९ | २७ | ६ | ४२ |

श्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार एस. एल. सी. भन्दा माथिका ६ जना उत्तरदाताहरुको प्राथमिकतामा अस्पताल परेको छ । यस्तै धामीझाँक्री लाई प्राथमिकता दिनेको संख्या ९ रहेको छ भने अधिकाँश वा २७ (६४.२९ प्रतिशत) जना उत्तरदाताहरुले उपचारको लागि स्वास्थ्य चौकी जानुपर्ने धारणा व्यक्त गरेका छन् । यस तालिका अनुसार कुल २१.४३ प्रतिशत उत्तरदाताहरु धामीझाँक्रीमा विश्वास गर्दछन् जसमध्ये ५ निरक्षर, २ साक्षर, एस. एल. सी. र

उच्च माध्यमिक गरेका १/१ जना रहेका छन् । यस्तै अस्पताल जानुपर्ने धारणा राख्ने ६ जना उत्तरदाताहरुमा २ जना एस. एल. सी. गरेका ३ जना उच्च माध्यमिक र १ जना उच्च शिक्षा गरेका छन् भने स्वास्थ्य चौकी लाई प्राथमिकता दिने २७ उत्तरदाताहरुमा ९ निरक्षर, ५ साक्षर, १० एस. एल. सी. र ३ जना उच्च माध्यमिक तहका रहेका छन् ।

महिलाको जीवनमा विभिन्न पक्षहरुमा स्वयं महिला शिक्षाको प्रभावलाई हेर्ने क्रममा समग्रमा के देखिन्छ भने महिला शिक्षाले महिलाप्रतिको धारणामा केहि सकारात्मक परिवर्तन ल्याएको छ । विवाहको निर्णयमा केहि परिवर्तन ल्याएको देखिन्छ तर आर्थिक पक्षमा भने शिक्षाले खासै अन्तर ल्याउन सकेको देखिदैन । शिक्षाले महिलाको सामाजिक भूमिकामा केहि बृद्धि गरेको छ भने विरामी हुँदा उपचारको विधिका पक्षमा पनि केहि सकारात्मक प्रभाव पारेको देखिन्छ तर माथि उल्लेखित कुनै पक्षमा पनि शिक्षाको पूर्ण प्रभाव भने रहन सकेको छैन । यसबाट के प्रष्ट हुन्छ भने शैक्षिक परिपाटि पूर्णरुपमा व्यवहारिक र महिलाको प्रगतिशिल पक्षमा समेत सफल रहन सकेको छैन ।

# अध्याय: नौ

# सारांश तथा निष्कर्ष

“महिला शिक्षाका चुनौती तथा अवसरहरुः बागलुङ जिल्ला, धम्जा गा. वि. स. (वार्ड नं. १, ८ र ९) को एक अध्ययनः विषयमा गरिएको यस अध्ययन, स्थलगत सर्वेक्षण र उपलब्ध पूर्व अध्ययनहरुको आधारमा तयार गरिएको छ । शिक्षाले महिलाहरुका लागि सशक्तिकरणको अवसर प्रदान गर्ने तर्क विभिन्न अध्ययनहरुले देखाएको भएतापनि यसका लागि थुप्रै चुनौतीहरु रहेको तथ्य यस अध्ययनले  देखाएको छ । शिक्षाका अतिरिक्त सामाजिक, आर्थिक, साँस्कृतिक र राजनितिक क्षेत्रको भूमिका पनि उक्तिकै महत्वपूर्ण हुँने निष्कर्ष यस अध्ययनले दिएको छ ।

महिला शिक्षासँग सम्बन्धित विविध पक्षहरुको अध्ययन गर्ने उद्देश्यका साथ गरिएको यस अनुसन्धानमा अध्ययनक्षेत्रका महिलाको शैक्षिक अवस्था बुझ्ने, महिला शिक्षालाई प्रभावित गर्ने तत्वहरुको पहिचान गर्ने र महिला शिक्षाले उनीहरुको जीवनमा पारेको प्रभाव परीक्षण गर्ने विशिष्ट उद्देश्य रहेका छन् ।

वर्णनात्मक र अन्वेषणत्मक ढाँचा प्रयोग गरि गरिएको यस अध्ययनले महिला वर्गको सशक्तिकरणका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्ने निष्कर्ष दिएको छ । अध्ययनका लागि समय र स्रोतको सिमिततालाई ध्यान दिदै यो अध्ययन लाई बाग्लुङ्ग जिल्ला, धम्जा गा. वि. स. अन्तर्गत वार्ड नं. १, ८ र ९ मा सिमित गरिएको छ । सानो भौगोलिक क्षेत्र र जनसंख्यामा गरिएको अध्ययन भएतापनि नमूना छनौट गर्दा वैज्ञानिक विधि अपनाइएको हुँदा यस अध्ययनले पत्ता लगाएका तथ्यहरु नेपाली समाज मात्र होइन हरेक विकासोन्मूख समाजका महिलाहरुको सर्न्दभमा समेत सहि साबित हुन सक्दछ ।

यस अध्ययनमा विभिन्न जाति एवं सामाजिक, आर्थिक, शैक्षिक र साँस्कृतिक वर्गका महिलाहरुको समुचित प्रतिनिधित्व गराइएको छ । तथ्याँक संकलनका लागि प्राथमिक तथा दित्तिय दुबै स्रोतहरुको प्रयोग गरिएको छ । अन्तर्वार्ता, सहभागि अवलोकन, पूर्व अध्ययनको समिक्षा तथा जिल्ला विकास समिति, गाउँ विकास समिति एवं केन्द्रिय तथ्याँक विभागद्धारा

प्रस्तुत तथ्याँकहरुको प्रयोग गरिएको यस अनुसन्धानबाट प्राप्त हुन आएका तथ्यहरुको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

उत्तरदाताका परिवारको सम्पूर्ण जनसंख्यामध्ये ६६.९९ प्रतिशत साक्षर रहेकोमा पुरुष आफ्नो जनसंख्याको ८१.१९ प्रतिशत र महिला ५३.३३ प्रतिशत साक्षर देखिन्छन् । यसरी पुरुषहरुको तुलनामा महिलाहरुको साक्षरता दर अत्यन्तै न्यून देखिन्छ । एस. एल. सी. पूर्वको तहसम्म महिलाको शैक्षिक अवस्था तुलनात्मक रुपमा केहि सन्तोषजनक रहे पनि सो माथिको योग्यतामा भने महिलाको अत्यन्तै न्यून सहभागिता रहेको छ । यी परिवारमा ६ देखि ३५ वर्ष समूहका महिलाहरु बढी साक्षर रहे पनि सो उमेर माथिका अधिक महिलाहरु निरक्षर रहेको पाइयो । विद्यालयहरुमा महिलाको सहभागिता पुरुषको तुलनामा केहि बढी रहे पनि सो भन्दा माथिल्लो तहमा अप्रत्यासित रुपमा घटेको पाइयो ।

सानो उमेरमा विवाह गर्ने तथा विवाहका लागि आफै निर्णय गर्न नसक्ने र विवाह पश्चात विभिन्न दायित्वहरु बहन गर्नुपर्ने हुँदा महिलाहरुले आफनो अध्ययनलाई निरन्तरता दिन नसकेको देखिन्छ । छनौट गरिएका उत्तरदाताहरु मध्ये अधिकांशले विवाह पश्चात अध्ययन छोडेको पाइयो भने कतिपयले त विवाह पश्चात अध्ययनको आवश्यकता नठानेको पाइयो । यसरी शिक्षालाइ जिवनमा गुणात्मक परिवर्तन ल्याउने अवसरको माध्यम भन्दा पनि सामाजिक प्रतिष्ठा र उत्तम विवाहको साधनको रुपमा बुझेको देखिन्छ । जसका कारण शिक्षित महिलाहरु समेत सामाजिक, आर्थिक एवं राजनितिक क्षेत्रमा आफ्नो क्षमताको प्रयोग गरि प्रतिस्पर्धामा उत्रन हिच्किचाएको देखिन्छ । यसरी विवाहको प्रभावका कारण महिलाहरुमा शिक्षा र सशक्तिकरणको मुद्दा ओझेलमा पर्न गएको छ ।

यसैगरि महिलाहरुलाई हेय भावले हेर्ने र उनिहरुको क्षमतालाई वेवास्ता गर्ने सामाजिक प्रवृतिका कारणले पनि महिलाहरुको शैक्षिक विकासमा बाधा पुगेको छ र उपलब्ध शैक्षिक स्तर एवं क्षमताको प्रयोगमा धेरै वाधा अवरोधहरु रहेको देखिन्छ । घर भित्र र बाहिर गर्नुपर्ने काम पुरुषको तुलनामा ज्यादै धेरै हुनुले पनि शिक्षाले प्रदान गर्ने अवसरहरुबाट महिलाहरु बञ्चित हुन पुगेको देखिन्छ । अध्ययनले देखाएअनुसार पुरुषहरु प्रतिदिन औषतमा ५.२२ घण्टा काम गर्दछन् भने महिलाहरुको औषत कार्य घण्टा प्रतिदिन ८.४२ घण्टा देखिन्छ । परिवारको कमजोर

आर्थिक अवस्था महिला एवं पुरुष दुबैको शिक्षाका लागि वाधक रहेको पाइयो । तथापि आर्थिक दुरावस्थाको बढि प्रभाव पुरुषको तुलनामा महिलाहरु माथि बढि परेको देखिन्छ । किनकि परिवारले शिक्षाका लागि प्रर्याप्त खर्च नगर्ने स्थितिमा छोराको शिक्षालाई जारि राखि छोरीको शिक्षामा कटौति गरेको पाइयो । यसैगरि उत्तरदाताहरु मध्ये जसको आर्थिक अवस्था कमजोर छ उनिहरुको शैक्षिक अवस्थापनि कमजोर देखियो । अधिकांश उत्तरदाताहरु जसले विद्यालय शिक्षा पूरा गरेका छन अथवा उच्च शिक्षा हासिल गर्न सफल भएका छन् तुलनात्मक रुपमा उनिहरुको आर्थिक अवस्था सबल रहेको पाइयो ।

महिलाहरुको शैक्षिक अवस्थामा अवरोध पुर्‍याउने विभिन्न तत्वहरुमध्ये पारिवारिक पृष्ठभूमि, चेतनाको अभाव, जैविक समस्या, विद्यालय समय, राजनितीक संस्कार तथा अव्यवहारिक शैक्षिक परिपाटि समेत जिम्मेवार रहेको देखिन्छ ।

उन्नत शैक्षिक अवस्थाले महिलाहरुको जिवनस्तर र हैसियतमा उल्लेखनिय प्रभाव पार्न नसकेको तथ्य अध्ययनले देखाएको छ । उदाहरणको लागि महिलाहरुको व्यक्तिगत आम्दानीलाई नियाल्दा निरक्षर, साक्षर एवं उच्च शिक्षित महिलाहरुको बिचमा कुनै अन्तर देखिएन । १४ जना निरक्षर उत्तरदाताहरु मध्ये १३ जनाको व्यक्तिगत आम्दानि छैन भने १३ जना एस. एल. सी.उर्त्तिण उत्तरदाताहरु मध्ये १० जनाको कुनै व्यक्तिगत आम्दानि छैन । यसैगरि ७ जना उच्च माध्यमिक तह उत्तिर्ण मध्ये ५ जनाको कुनै व्यक्तिगत आम्दानि छैन । यो तथ्यलाई हेर्दा उच्च शैक्षिक स्तरले महिलाहरुको व्यक्तिगत आम्दानि बढाउनमा खासै भूमिका खेलेको देखिदैन । सम्पत्ति माथिको स्वामित्वको अध्ययन गर्दा समेत शिक्षित र अशिक्षित महिलाहरुको बिचमा उल्लेखनिय अन्तर देखिदैन । अध्ययनमा संलग्न उत्तरदाताहरु मध्ये ३५.७१ प्रतिशत निरक्षर महिलाहरुको स्वामित्वमा अचल सम्पत्ति रहेको देखिन्छ भने एस. एल. सी. उर्त्तिण महिलाहरु मध्ये केवल २३.०८ प्रतिशत महिलाहरुसंग मात्र अचल सम्पत्ति माथिको स्वामित्व देखिन्छ । यसरी हेर्दा शैक्षिक योग्यताले महिलाहरुको सम्पत्तिमाथिको स्वामित्वमा सकारात्मक योगदान पुर्‍याएको देखिदैन ।

यसैगरि परिवारमा आर्थिक कारोबारमा निर्णयकर्ताको दृष्टिकोणबाट हेर्दा निरक्षर महिलाहरु मध्ये १४.२९ प्रतिशतले स्वविवेकले निर्णय गरेको पाइयो भने एस. एल. सी. उत्तीर्ण

महिलाहरु मध्ये १५.३९ प्रतिशतले स्वविवेकमा आर्थिक कारोबारको निर्णय गरेको देखिन्छ । अशिक्षित र शिक्षित महिलाहरुको बिचमा देखिएको निर्णय अधिकारको अन्तर उल्लेखनिय छैन । महिलाहरुको जिवनस्तर सुधारमा शैक्षिक विकासले सृजना गरेका अवसरहरुको प्रयोगमा सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रका चुनौतीहरु छन् ।

यति हुँदाहुँदै पनि शिक्षाले महिलाहरुको जिवनमा सकारात्मक प्रभाव पारेको तथ्य यस अध्ययनले अन्वेषण गरेको छ । व्यवहारिक रुपमा शिक्षित महिलाहरुलाई समेत सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा सशक्त भूमिका निर्वाह गर्नको लागि विभिन्न अडचनहरु देखिएता पनि यस अध्ययनले महिलाहरुको जिवन र धारणामा शिक्षाले सकारात्मक भूमिका खेलेको देखाएको छ । उत्तरदाताहरु मध्ये अधिकांशको धारणा आत्मनिर्भर बन्नुनै शिक्षाको प्रमुख उद्देश्य रहेको देखिन्छ । आत्मनिर्भर बन्नु भनेको नै उपलब्ध अवसरहरुको प्रयोग मार्फत् जिवनमा गुणात्मक परिवर्तन सृजना गर्नु हो । यसैगरि शैक्षिक विकासले महिलाहरुको चेतनाको स्तरमा उल्लेख्य परिवर्तन ल्याएको तथ्य यस अध्ययनले औल्याएको छ । जस्तैः स्वास्थ्य समस्या र औषधि उपचारको सर्न्दभमा ३५.७१ प्रतिशत निरक्षर महिलाहरु धाँमिझाँक्रीको सेवामा विश्वास गर्ने गरेको देखिन्छ भने एस. एल. सी. उत्तीर्ण महिलाहरु मध्ये केवल ७.७० प्रतिशतले मात्रै यस्तो विश्वास गर्ने गरेको देखिन्छ ।

अध्ययन क्षेत्र (धम्जा गाविस वार्ड नं. १, ८ र ९) का महिलाहरुको शैक्षिक स्थितिको अवलोकन गर्दा निम्न निष्कर्षमा पुगिएको छ ।

१. महिलाहरुको सहभागिता उच्च शिक्षामा न्यून रहेपनि प्राथमिक तहमा उत्साहजनक रहेको छ । यसले विगतको तुलनामा शिक्षामा महिलाहरुको सहभागिता बढदै गएको संकेत गर्दछ ।

२. समान रुपमा शिक्षित भएपनि पुरुषहरुको तुलनामा महिलाहरुले सामाजिक, आर्थिक र राजनितिक क्षेत्रमा कम अवसर प्राप्त गरेको देखिन्छ ।

३. शैक्षिक विकासले महिलाहरुको जिवनमा सकारात्मक विकास गरेपनि सामाजिक, आर्थिक र राजनितिक क्षेत्रका चुनौतीका कारण अवसरहरुको सदुपयोग हुन नसकेको देखिन्छ ।

४. विभिन्न चुनौतीहरुका बाबजुत शिक्षाले महिलाहरुको जिवनमा गुणात्मक परिवर्तन ल्याउन खोजेको संकेत पाइन्छ । जस्तैः धेरै जसो शिक्षित महिलाहरु शिक्षालाई आत्मनिर्भर बनाउने र अवसरहरु सृजना गर्ने माध्यमको रुपमा बुझ्दछन् । यसैगरि निरक्षर महिलाहरुको तुलनामा शिक्षित महिलाहरु अन्धविश्वास र परम्परागत सोचबाट मुक्त रहेका देखिन्छन् ।

# सन्दर्भ ग्रन्थसूचि


अर्याल, भोजेन्द्र  (२०५९),  लैंगिक अध्ययन, काठमाडौंः समाजशास्त्र प्रकाशन

अधिकारी, हेमाङ्गराज र हर्षनारायण द्यौभडेल (२०४६), विकासको निम्ति शिक्षा, काठमाडौंः शिक्षा विकास तथा अनुसन्धान केन्द्र

अनौपचारिक शिक्षा केन्द्र एक झलक, (२०५९), भक्तपुरः अनौपचारिक शिक्षा केन्द्र

आचार्य, बलराम (२०६४), सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा, कीर्तिपुर, काठमाडौंः सनलाइट पब्लिकेसन

धम्जा गा. वि. स. पार्श्वचित्र, (२०६८), बाग्लुङ्गः धम्जा गाउँ विकास समिति

नेपाल सरकार/शिक्षा मन्त्रालय/आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, (२०००), केशरमहल काठमाडौंः कार्यान्वयन योजना

पोखरेल, ऋषिराम (२०६०), वैदिक संस्कृतिमा महिला शिक्षा, महिला शिक्षा वार्षिक प्रकाशन, वर्ष ४, अंक ४, भक्तपुरः शिक्षा विभाग

पौडेल, तुलसीराम (२०५८), लैंगिक अध्ययनको रुपरेखा, प्रदर्शनीमार्ग, काठमाडौंः निमा पुस्तक प्रकाशन

बराल, तारा (२०६०), शिक्षामा लैंगिक समानता कति सम्भव, महिला शिक्षा बार्षिक प्रकाशन, भक्तपुरः शिक्षा विभाग

बार्षिक प्रतिवेदन, (२०५८), काठमाडौंः राष्ट्रिय महिला आयोग

बाग्लुङ्ग जिल्ला पार्श्वचित्र, (२०६२), बाग्लुङ्गः जिल्ला विकास समिति

भट्टराई, ज्ञानेश्वर (२०५२), शिक्षा सेवा दिग्दर्शन, काठमाडौंः विधार्थी पुस्तक भण्डार

त्रिवर्षीय अन्तरिम योजनामा, राई, राजकुमार (२०६५)।

UNESCO 1995,Carolyn medel-Anonuevo & Bochynek Bettina, the international seminar on 'women's education & empowerment': pathways towards Autonomy, edited by carrolyn medel- UNESCO institute 1995, Hamburg, Germany,

UNFPA,women empowerment through education 2004, www.unfpa.org/gender/empowerment2.htm

# अर्न्तवार्ता अनुसूची

प्रश्नावली क्र.सं. मिति :

१. उत्तरदाताको नाम :

२. उमेर :

३. ठेगाना :

४. जाति :

५. मातृभाषा :

६. धर्म :

७. वैवाहिक अवस्था :

क) विवाहित ख) अविवाहित ग) सम्बन्ध विच्छेद घ) विधवा

) यदि विवाहित भए विवाह गर्दाको उमेर :

८. पेशा :

क) कृषि ख) व्यापार ग) नोकरी घ) अन्य

९. शैक्षिक अवस्था :

अ) निरक्षर आ) साक्षर इ) विद्यालय शिक्षा ई) विश्वविद्यालय शिक्षा

१०. तपाइँले अध्ययन छोडनुभएको भए त्यसका मुख्य कारण के के होलान् ?

अ) ............... आ) .............. इ) ...................

ई) ............... उ) ...................

११. तपाइँ अध्ययनमा संलग्न नै नहुनु भएको भए त्यसका मुख्य कारण के के होलान् ?

अ) ............... आ) .............. इ) ...................

ई) ............... उ) ...................

१२. तपाइँ कस्तो घरमा बस्नुहुन्छ ?

क) ढुङ्गाको छाना ख) खरको छाना ग) टिनको छाना घ) अन्य ...........

१३. तपाइँको परिवारको मूख्य आयस्ोत के हो ?

क) कृषि		ख) व्यापार		ग) नोकरी		घ) अन्य ...........

१४. तपाइँको परिवारको वार्षिक आम्दानी कति छ ?

क) ५० हजार भन्दा कम		ख) ५० हजार देखि २ लाख सम्म

ग) २ लाख देखि ४ लाख सम्म		घ) ४ लाख भन्दा माथि

१५. आफ्नो जमिनबाट प्राप्त आम्दानीले परिवारमा खानाको पर्याप्तता :

क) ३ महिनासम्म		ख) ६ महिनासम्म		ग) ९ महिनासम्म

घ) १ वर्षसम्म		ङ) बढी हुन्छ

१६. तपाईको विचारमा पुरुष र महिलाले अध्ययनमा कस्तो अवसर र सुविधा पाउनुपर्दछ ?

क) अवसर : अ) समान		आ) पुरुषले बढी		इ) महिलाले बढी

ख) सुविधा : अ) पुरुषलाई बढी		आ) महिलालाई बढी		इ) बराबर

१७. तपाईको घरबाट विद्यालय पुग्न कति समय लाग्छ ?

क) २० मिनेट भन्दा कम		ख) २० देखि ४० मिनेट

ग) ४० देखि ६० मिनेट		घ) सो भन्दा माथि

१८. तपाईको परिवारमा छोराछोरीको शिक्षामा कुनै विभेद छ की छैन् ?

क) छ		ख) छैन्

१८.१ छ भने कस्तो विभेद छ ?

अ)............		आ) ..............		ई) ...............

ई) .............		उ) ..............

१९. तपाईको विचारमा महिलाले विवाह पछाडि पनि शिक्षालाई निरन्तरता दिन उपयुक्त हुन्छ ?

क) हुन्छ		ख) हुदैन

१९.१ यदि हुन्छ भने किन ?

अ)............		आ) ..............		ई) ...............

ई) .............		उ) ...............

१९.२ यदि हुदैन भने किन ?

अ).............		आ) ...............		ई) ................

ई) .............		उ) ...............

२०. तपाईको समुदायमा महिलाहरुको शिक्षाको लागि मुख्य समस्या के हो ?

क) सामाजिक समस्या		ख) आर्थिक समस्या		ग) साँस्कृतिक समस्या

घ) अन्य ..............

२१. तपाईको विचारमा महिलाहरु शिक्षित हुन आवश्यक छ ?

क) छ		ख) छैन

२१.१ यदि छ भने किन ?

क) ....................ख) .................		ग) ...................

घ) ..................		ङ) ...............

२१.२ यदि छैन भने किन ?

क) ....................ख) .................		ग) ...................

घ) ..................		ङ) ...............

२२. महिलाहरु शिक्षालाई किन निरन्तरता दिन सक्दैनन् ?

क) विवाह भइजाने हुँदा		ख) विवाह गर्नका लागि मात्र पढ्ने हुँदा

ग) बारम्बार परिक्षामा असफल हुने हुँदा		घ) शैक्षिक संस्था नजिक नभएको हुँदा

ङ) परम्परागत कारणले		च) अन्य ......................

२३. परिवारमा तपाईको निजि स्वामित्व भएको कुनै सम्पति छ, छनै ?

क) छ		ख) छैन

२४. तपाईको परिवारमा आर्थिक कारोबारको निर्णय कसले गर्दछ ?

क) महिला		ख) पुरुष		ग) दुबैका सल्लाहमा जो कोही

घ) आ–आफ्नो आम्दानीको आ– आफूँ ङ) अन्य कोही..........

२५. तपाईको कुनै व्यक्तिगत आम्दानी पनि छ कि ?

क) छ ख) छैन

२६. तपाई परिवारमा कस्तो कस्तो काममा कति कति समय खर्च गर्नुहुन्छ ?

क) घरभित्रमात्र ......... घण्टा ख) घरबाहिरमात्र .........घण्टा

ग) दुबैतर्फ ......... घण्टा

२७. तपाईको घर बाहिरका कुनै सामाजिक काममा पनि संलग्नता छ कि ?

क) छ ख) छैन

२७.१ यदि छ भने कस्तो काममा संलग्नता छ ?

अ) ................ आ) ................ इ) ..................

२८. तपाइँले आफ्नो अध्ययन पश्चात कस्तो पेशा, व्यवसाय गर्न चाहनुहुन्छ ?

क) घरायसी ख) नोकरी ग) व्यापार व्यवसाय घ) अन्य..........

२९. तपाईको विवाहको निर्णय कसले गर्‍यो ? वा गर्नुपर्छ जस्तो लाग्छ ?

क) आफैले ख) बाबुले ग) आमाले घ) बाबुआमा दुबैले

ङ) अन्य कोही..........

३०. महिला शिक्षाको सम्बन्धमा तपाईको अरु केहि भन्नु छ कि ?

..............................................................................

................................................................................

...............................................................................।